*अध्याय - एक*

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक ‘इला’ काव्यको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

विक्रम संवत् १९९६ कार्तिक ८ मा गुल्मी जिल्लाको बाँजकटेरी गा.वि.स. मा जन्मिएका साहित्यकार सेनले विविध विधामा कलम चलाएका छन् । वि.सं. २०१७ मा ‘साहित्य’ शीर्षकको निबन्धमार्फत आफ्नो साहित्ययात्रा सुरु गर्ने सेनका यात्रा संस्मरण, उपन्यास, कथा, कविता, काव्यकृति, अनुसन्धान, इतिहास सम्बन्धी कृतिहरू प्रकाशित छन् । उनका झोपडीतिर कवितासङ्ग्रह, मेरी मुमा स्मृतिकाव्य र इला प्रबन्ध काव्य प्रकाशित छन् । तीमध्ये यहाँ इला प्रबन्धकाव्यको कृतिपरक अध्ययन गर्ने प्रयास गरिएको छ । इला काव्यमा कवि सेनले सामाजिक यथार्थतालाई पस्किएका छन् । यसमा कविले प्राकृतिक सम्पदाको सत्यनाश प्रति सचेत र चिन्तित हुँदै परम्परागत अनावश्यक रुढिवादलाई तोड्दै समाजमा नयाँ जागरण ल्याउनुपर्ने सुधारात्मक सन्देश दिएका छन् । यसमा उनी जनस्तरमा रहेका गरिबी, दुर्दशा तथा दुःखी जीवनको यथार्थ तस्वीर खिच्न सफल भएका छन् । विशेषतः यसले नेपाली राष्ट्रियताप्रति समर्पित हुन समग्र नेपालीहरूलाई आह्वान गरेको छ ।

## १.४ समस्याकथन

सूब सेनको प्रस्तुत 'इला' काव्यमा निहित शोधकार्यसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) सूब सेनका के-कस्ता व्यक्तित्वका पाटाहरू रहेका छन् ।

ख) सैद्धान्तिक आधारमा इला काव्यको अध्ययन के-कसरी गर्न सकिन्छ ?

ग) इला काव्यका के-कस्ता प्रवृत्तिगत विशेषता रहेका छन् ?

घ) इला काव्यको योगदान के कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यअन्तर्गत उपर्युक्त समस्याकथनसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) सूब सेनको रचनाधर्मिता सम्बन्धी कुराहरू स्पष्ट पार्नु,

ख) सैद्धान्तिक आधारमा इला काव्यको अध्ययन गर्नु,

ग) प्रवृत्तिगत आधारमा इला काव्यको विश्लेषण गर्नु ,

घ) इला काव्यको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा विवरण

साहित्यकार सूब सेनले नेपाली साहित्यमा पुऱ्याएको योगदानका बारेमा विस्तृत रूपमा चर्चा गरिएको पाइँदैन । वि.सं. २०६३ मा राजनप्रसाद पोखरेलले साहित्यकार सूब सेनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक शोधपत्रमा उनको साहित्यिक योगदानको विशेष चर्चा गरेका छन् । यद्यपि कविता विधामा उनको योगदानका बारेमा चर्चा गरेको पाइँदैन । केही पत्रपत्रिका र प्रकाशित कृतिहरूमा उनका बारेमा गरिएको चर्चालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

क) लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क हाम्रो पुरुषार्थ अर्धवार्षिक वर्ष ९, अङ्क २, वैशाख २०३९ मा लुम्बिनी अञ्चलका विविध साहित्यकारहरूको चर्चा गर्ने क्रममा सूब सेनको देशदर्शन (यात्रासंस्मरण) को बारेमा सामान्य चर्चा गर्नुका साथै उनका बारेमा पनि सामान्य परिचय दिने काम गरिएको छ । यहाँ उनका काव्य- कृतिका बारेमा कुनै कुरा बोलिएको छैन ।

ख) देशदर्शन प्रथम खण्ड (२०३३) मा डा.तारानाथ शर्माले भूमिका खण्डमा साहित्यकार सूब सेनका निबन्धात्मक प्रवृत्ति र देशदर्शन (प्रथम खण्ड) का बारेमा चर्चा गरेका भए पनि कविताका बारेमा कुनै चर्चा गरिएको छैन ।

ग) विष्णुहरि ज्ञवालीको "नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान" (२०५२) नामक स्नातकोत्तर तहको शोधपत्रमा सूब सेनको साहित्यिक योगदानका बारेमा चर्चा गरिएको छ ।

घ) धनुषचन्द्र गौतम (ध.च गोतामे) ले अञ्जुश्रीदेखि आन्दोलनसम्म (२०५५) लघुउपन्यासस‌ङ्ग्रहमा भूमिका लेखी सूब सेन र उनका उपन्यासका बारेमा चर्चा गरेका छन् ।

ङ) प्राध्यापक गोपीकृष्ण शर्माले मेरा कथाहरूको कथाको भूमिका खण्डमा सूब सेनको साहित्यिक योगदानको चर्चा गर्दै 'राष्ट्र र राष्ट्रियताप्रति समर्पित रहने र नेपाली समाजको समुन्नतिमा चाँसो राख्ने प्रवृत्ति सूब सेनका कृतिमा रूपायित भएको कुरा उल्लेख गरेका छन् ।

च) मेरी मुमा स्मृति काव्यको भूमिका खण्डमा समालोचक साहित्यकार नरेन्द्र चापागाइँले सूब सेन कथाकार, निबन्धकार, अन्वेषक, उपन्यासकार तथा कविका रूपमा चिनिँदै काव्यकारका रूपमा पनि अवतरित भएको कुरा उल्लेख गरेका छन् ।

छ) इला काव्यको भूमिका खण्डमा प्राध्यापक शिवगोपाल रिसालले 'इला' काव्यले आफ्नो बाहिरी आवरण, आकृति वा कलेवरलाई श्रृङ्गार गरेर सुन्दरी देखाउनुमा भन्दा आत्मा, हृदयलाई पवित्र बनाएर, भावनात्मक शुद्धिलाई जगाएर, मातृभूमिप्रतिको प्रेमलाई उजागर गरेको कुरा बताएका छन् । उनले जननी भनेकी जन्मभूमि हुन् उनी स्वर्गभन्दा पनि ठूली हुन्छिन् भन्ने कुरा काव्यले देखाउन खोजेको कुरा बताएका छन् ।

ज) इला काव्यकै 'प्रकाशकीय' खण्डमा प्रकाशक कुमार सुयशप्रताप सेनले सूब सेनबाट रचना भएको इलाले प्राकृतिक सम्पत्तिको सत्यनाश, जनस्तरमा रहेका दुर्दशा- गरिबी, अज्ञानी र दुःखी जीवनका यथार्थ तस्वीर खिच्न सफल भएको कुरा उल्लेख गरेका छन् ।

झ)	काव्यकार स्वयम्ले इला को 'केही कुरा' खण्डमा उक्त कृतिका बारेमा चर्चा गर्दै इला कुनै खास क्षेत्रको परिधिभित्र सीमित नरहेको कुरा बताएका छन् ।

ञ)	सूब सेनका कथा र उनको कथा- शिल्प (२०४४) नामक कथासङ्ग्रहको सोही शीर्षकमा समालोचक नरेन्द्र चापागाईंले सेनका कथाले विपन्नताका शिकार बनेका सामाजिक समस्याहरू पर्गेल्दै तिनको समाधानका लागि राष्ट्रिय मानवतावादी संचेतनाको आव्हान गरेको कुरा उल्लेख गरेका छन् ।

यसरी विभिन्न विद्वान्हरूले सूब सेनका बारेमा अध्ययन गर्ने प्रयास गरे पनि ती कुनै कथा विधासँग सम्बन्धित छन् भने कुनै निबन्ध विधासँग सम्बन्धित छन् । उनको काव्य विधाका बारेमा खासै चर्चा भएको पाइँदैन् । शिवगोपाल रिसालले इला काव्यको भूमिकामा सोबारे केही लेखेका भए पनि त्यो पर्याप्त छैन । त्यसैले यस शोधकार्यमा सूब सेनका कवित्वका पाटाहरूलाई प्रस्तुत गरिनुका साथै उनको इला काव्यलाई विभिन्न कोणबाट अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

उपर्युक्त पूर्वकार्यहरू यथेष्ठ हुँदाहुँदै पनि सूब सेनको काव्य विधामा योगदानका साथै इला प्रबन्धकाव्यको विश्लेषण र व्याख्या गर्ने काम कहीँ-कतैबाट नभएको परिप्रेक्षमा सूब सेनले इला काव्यमार्फत समाजमा ल्याउन खोजेका सुधारवादी स्वर साथै जनस्तरमा रहेका गरिबी, दुर्दशा तथा समाजको यथार्थतालाई केलाउने काम यथासम्भव गरिने छ । जसबाट विविध कारणले महत्त्वपूर्ण हुँदाहुँदै पनि चर्चामा आउन नसकेको इला काव्यको अध्ययन हुनाले यस शोधकार्यको औचित्य स्पष्ट हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

कवि सूब सेनको इला काव्यमा मात्र केन्द्रित रही सोको अध्ययन र विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन गर्ने क्रममा मूलतः पुस्तकालयलाई प्रमुख आधार बनाइएको छ भने सूब सेनका जीवनका विविध पाटाहरूबारे बोध गर्न स्वयम् शोधनायक र उहाँका आफन्तहरूबाट आवश्यक जानकारी लिइएको छ । प्राप्त सामग्रीहरूको अध्ययनका क्रममा चाहिँ मूलतः विश्लेषणात्मक र अंशतः तुलनात्मक विधि अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोध-पत्रलाई निम्नानुसार अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : सूब सेनको जीवनी र रचनाधर्मिता

अध्याय तीन : सैद्धान्तिक आधारमा इला काव्यको विश्लेषण

अध्याय चार : प्रवृत्तिगत आधारमा इला काव्यको विश्लेषण

अध्याय पाँच : निष्कर्ष र उपसंहार

उपर्युक्त अध्यायहरूलाई आवश्यकता अनुसार विविध शीर्षक-उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

सन्दर्भकृति सूची

परिशिष्ट

*अध्याय - दुई*

# सूब सेनको जीवनी र रचनाधर्मिता

## २.१ सूब सेनको जीवनी

### २.१.१ जन्म र जन्मस्थान

सूर्यबहादुर सेनको जन्म वि.सं. १९९६ कात्तिक ८ गते गुल्मी जिल्लाको पुरकोट बाँझकटेरी गा.वि.स. वार्ड नं ५ 'खाल' भन्ने ठाउँमा भएको हो । उनका पिता र माताको नाम क्रमशः घनबहादुर सेन र टीकादेवी सेन हो । उनको न्वारनको नाम शेरबहादुर थियो तर उनको अनुहार गोलो र गोरो भएको तर्क गरी उनका बाबुआमाले उनलाई सूर्यबहादुर भनी बोलाउने गरे (पोखरेल, २०६६ : १२) । पछि उनी साहित्यका क्षेत्रमा सूब सेनका नामले प्रसिद्ध भए ।

### २.१.२ शिक्षादीक्षा

सूब सेनको प्रारम्भिक शिक्षा कहाँ पढ्ने ? कुन विषय पढ्ने ? भन्दाभन्दै बित्यो । आमाले ठूलो भएपछि आफै पढिहाल्छ नि, भन्ने वात्सल्यप्रेमका कारण उनको पढाइ केही ढिलो सुरु भयो । विद्यालय प्रवेशसँगै उनको शिक्षा आरम्भ भयो । उनको पढाइको सुरुवात २००४ सालमा भीरकटेरीमा खोलिएको हिउँदे पाठशालाबाट भएको थियो (पोखरेल, २०६३ : १८) २००४ सालबाट सुरु भएको उनको शिक्षा २००८/००९ सालतिर ज्योतिषतर्फ मोडियो । फलस्वरूप त्यस अवधिमा ज्योतिष शिक्षाबाट प्राप्त ज्ञानका आधारमा उनले पछि गएर गाउँमा परिआउने शुभ साइत हेर्ने, बालबच्चाका चिनाचिटा बनाउने, हेर्ने, लगन जुराउने, विवाह जुराउने, रामायण वाचन तथा विविध कर्मकाण्डीय काम गर्ने भइसकेका थिए । पढाइको सिलसिलामा सेन वि.सं. २०१२ को अन्त्यतिर भागेर जिल्ला सदरमुकाम तम्घास आई पढ्न

थाले । तम्घासको पढाइपछि पाल्पा र पुनः तम्घास अनि फेरि पाल्पा गर्दै उनले २०१८ सालमा पाल्पाको जनता विद्यालयबाट प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे (सेन, २०६१ : ६९) ।

वि.सं. २०१९ मा उच्च शिक्षा हासिल गर्नका लागि उनी काठमाडौं आएका थिए । उनको विज्ञान पढ्ने ठूलो इच्छा हुँदा-हुँदै पनि बाबुको आग्रहलाई पन्छाउन नसकी बाबुको इच्छा मुताबिक 'कला' विषयमा भर्ना भए (सेन, २०६१ : ७१) । २०२३ सालमा बी.ए. परीक्षा उत्तीर्ण गरेपछि उनले सरकारी सेवामा प्रवेश गरे । त्यसपछि उनले आफ्नो प्रशासनिक काम र अध्ययनलाई साथसाथै हिँडाउन थाले । फलस्वरूप २०२७ सालमा एम.ए. (राजनीतिशास्त्र) र २०२८ सालमा बी.एल पनि उत्तीर्ण गरे । उनको औपचारिक शिक्षा यही नै देखिन्छ ।

### २.१.३ रुचि र स्वभाव

सानो उमेरदेखि नै उनी शान्त र हँसिलो स्वभाव भएका बालकका रूपमा परिचित थिए । आफ्ना दाजुले झोला बोकी विद्यालय जाँदा र फर्कँदाका दृश्यले उनलाई पढ्न प्रेरित गरेको थियो । बाल्यावस्थादेखि नै लेख्न-पढ्न र चिन्तन-मनन गर्न रुचाउने सेनको प्रमुख सेवा तथा साधनाको क्षेत्र राष्ट्रकेन्द्रित रहेको देखिन्छ । धर्म-दर्शन सम्बन्धी पुस्तक पढ्दा उनलाई आनन्द आउने हुनाले उनी आध्यात्मिकतामा पनि रमाउने गर्दछन् (पोखरेल, २०६३ : २१) । यी बाहेक उनी सहयोगी भावना भएका व्यक्ति हुन् । उनी निश्चल, निष्कपट र स्वाभिमानी व्यक्तिलाई मन पराउँछन् । अर्काको सहयोग र उद्धार गर्न पाउँदा सेन खुसी र आनन्दित हुन्छन् । हाँसेर बोल्ने सबै व्यक्तिलाई समान व्यवहार गर्ने स्वभाव उनको छ । आफूभन्दा ठूलालाई आदर गर्नु र सानालाई उचित सुझाव र सल्लाह दिनु उनको बानी हो । यी आधारबाट हेर्दा उनी जुनसुकै उमेर समूहका व्यक्तिसँग पनि छिटै घुलमेल हुनसक्ने र मिलनसार व्यक्तित्व भएका प्रतिभावान् व्यक्तिको रूपमा चिनिन्छन् । आफूले कुनै कुरा लेख्नुपूर्व त्यो विषयमा गहन अध्ययन गर्ने र अरूबाट ज्ञानग्रहण गर्ने बानी उनको रहेको छ । साहित्यको गद्य विधामा रमाउने सेनले आफ्नो कलम पनि गद्य विधामै चलाएका छन् । उनले लेखेका काव्यकृति पनि गद्यात्मक नै भएबाट उनको रुचिको विधा गद्य नै हो भन्ने प्रष्ट हुन्छ ।

ठीक-ठीक समयमा सुत्ने र उठ्ने बानी भएका सेनले बिहानको केही समय योगा गर्नमा खर्चिन्छन् । उनी माछा-मासु खाँदैनन् । सानो हुँदा चुरोट-तमाखु खाए पनि अहिले उनको कुनै अम्मल छैन । योगादि कार्य गरेर बँचेको समय अध्ययन गर्न तथा पत्र-पत्रिका हेर्नमा बिताउँछन् । विशेष परिस्थिति बाहेक बिहानको समयमा उनी रोटी खान रुचाउँछन् ।

पहिरनका हकमा उनी घरमा बस्दा धेरैजसो कुर्ता-पाइजामा लगाउँछन् भने बाहिर हिँड्दा दौरा-सुरुवाल र कोट वा सर्ट-पाइन्ट र आस्कोट लगाउने गर्दछन् ।

२.१.४ पारिवारिक अवस्था

पिता घनबहादुर सेन र माता टीकादेवी सेनका माहिला छोराका रूपमा रहेका सेनका एक दाजु र तीन भाइहरू छन् । उनका दाजुको नाम धर्मबहादुर सेन हो । उनका भाइहरूको नाम क्रमशः मृगेन्द्र बहादुर सेन, कुशलप्रताप सेन र त्रैलोक्यप्रताप सेन हो । दाजुको बसोवास पुर्कोटमै छ । उनी २०१८ सालदेखि छुट्टै बस्दै आएका छन् । भाइ मृगेन्द्र सेन डि.एस.पी बाट रिटायर भई स-परिवार बुटवलमा बस्दै आएका छन् । अर्का भाइ कुशलप्रताप सेन सुरुमा तौलिहवा, त्यसपछि बुटवल र हाल ५/६ वर्षदेखि काठमाडौंको बालाजुमा बस्दै आएका छन् । कान्छो भाइ त्रैलोक्यप्रताप सेन नेपाली कांग्रेसका आजीवन सदस्य भई कार्यरत छन् र उनी २०३६ सालदेखि नै काठमाडौंमा बस्दै आएका छन् । बावुको अंश नलिएका सूब सेनले २०३० सालमा भाइहरूलाई आफ्नो अंश रजिष्ट्रेशन गरी औपचारिक रूपमा हस्तान्तरण गरी अलग बस्दै आएका छन् ।

सूब सेनका एक छोरा र एक छोरी छन् (पोखरेल, २०६३ : १७) । छोराको नाम सुयशप्रताप सेन हो । उनी विगत १४ वर्षदेखि सपरिवार अमेरिकामा रहेका छन् । भेटघाटका लागि बाहेक उनी नेपालमा धेरै बस्नेगरी आउँदैनन् । छोरातर्फ २ वटा नाति छन् । उनीहरूको नाम सुमेरप्रताप र सौर्यप्रताप सेन हो । छोरी श्रीमती रेणु सुधा सेन मल्लको विवाह डा. रवि मल्लसँग भएको थियो । उनका एक छोरा छन् । उनको नाम वैभव मल्ल हो (पोखरेल, २०६३ : १८) । हाल सेन काठमाडौंको बिजुलीबजारमा अवस्थित सेन प्लाजामा श्रीमती जीवनेश्वरीका साथ बस्दछन् । यी आधारमा हेर्दा उनको पारिवारिक जीवन सानो र सुखी रहेको देखिन्छ । उनकी श्रीमती आफ्नो घरको वातावरणसँग मिल्दो-जुल्दो स्वभाव भएकी हुनाले उनलाई सादा जीवन बिताउन सहज भएको अनुभव छ (शोधनायक स्वयम्) ।

## २.२ सूब सेनको रचनाधर्मिता र व्यक्तित्व

कुनै व्यक्तिले कुनै पनि कृति लेख्दा ऊ तत्कालीन परिवेशबाट अलग हुन सक्दैन । लेखकले लेख वा कृति लेख्दा आफ्नो परिवारिक पृष्ठभूमिले पनि उसलाई प्रभावित पार्दछ । जसलाई उसले कृतिमा पनि समावेश गर्न पुग्दछ । साहित्यकार सेनको साहित्यलेखनको सुरुवात २०१७ सालबाट भएको थियो । सो समय बिन्दुबाट हालसम्म आइपुग्दा उनले साहित्यका विविध विधामार्फत आफ्नो व्यक्तित्व प्रस्तुत गरिसकेका छन् । यहाँ उनले आर्जन गरेका व्यक्तित्वका पाटाहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिन्छ ।

### २.२.१ कविव्यक्तित्व

२०१७ सालबाट साहित्यलेखन प्रारम्भ गर्ने सेनले फुटकर कविताहरू २०२०/२१ सालबाटै लेख्न थालेको पाइन्छ । यद्यपि ती कविताहरूले त्यतिबेला प्रकाशन हुने मौका पाएनन् । उनले २०२५ सालमा 'झोपडीतिर' शीर्षकको फुटकर कविता लेखेका थिए । त्यस कवितालाई सिद्धिचरण श्रेष्ठले 'यो शताब्दीको उत्कृष्ट कविता' भनेका थिए (सेन, २०६१ : ७५३) । उनको रुचिको विधा गद्य विधा भएकाले आफ्ना काव्यलाई पनि गद्यमै प्रस्तुत गरे ।

सूब सेनको साहित्यलेखनको प्रारम्भ वि.सं. २०१७ बाट भएको पाइन्छ । तत्पश्चात् कवितालेखनलाई अग्रगति प्रदान गर्दै विभिन्न शीर्षकमा कविताहरू रचना गर्न थाले । यस्तै ८० वटा फुटकर कविताहरू समावेश गरी उनले वि.सं. २०४५ मा झोपडीतिर कवितासङ्ग्रह प्रकाशित गरेका छन् । झोपडीतिर (२०४५) सूब सेनको पहिलो प्रकाशित काव्य कृति वा कवितासङ्ग्रह हो ।

उनका हालसम्म प्रकाशनमा आएका काव्य कृतिहरू निम्नानुसार छन् ।

१. झोपडीतिर (कवितासङ्ग्रह, २०४५)

२. मेरी मुमा (स्मृतिकाव्य, २०४६)

३. इला (प्रबन्धकाव्य, २०४६)

झोपडीतिर ८० वटा फुटकर कविताहरू समेटिएको कवितासङ्ग्रह हो । यसभित्रका कविताहरूमा राष्ट्रभक्ति भावनादेखि लिएर तत्कालीन समाजका शोषकवर्गले निमुखा जनतामाथि गरेका दुर्व्यवहार जस्ता कुराहरू उद्घाटित भएका छन् ।

मेरी मुमा स्मृति काव्य हो । यसमा आफ्नी आमाको देहवसान हुँदा उनका सन्तानको हृदयमा उत्पन्न हुने पीडाको सीमा नै नरहने कुरालाई मार्मिक ढङ्गले व्यक्त गरिएको छ । यो काव्य पढेपछि हरेक सन्तानले आफ्नी आमाप्रति गर्नुपर्ने कर्तव्य तथा जिम्मेवारी बोध गर्दछ ।

इला देशप्रेमले ओतप्रोत भएको काव्य हो । यसमा प्राकृतिक सम्पदाको सत्यनाश गर्न उद्यत वर्गप्रति पनि व्यङ्ग्य प्रहार गरिएको छ। उपर्युक्त काव्यमार्फत सेनले आफ्नो कवि व्यक्तित्वलाई प्रस्तुत गरेका छन् ।

### २.२.२ कथाकार व्यक्तित्व

साहित्यकार सूब सेनका व्यक्तित्वका विविध पाटामध्ये कथाकार व्यक्तित्व पनि एक हो । २०१८ सालदेखि उनका कथा प्रकाशन भएको देखिन्छ। उनको पहिलो कथा 'अविवेक' (२०१८) हो । उनका केही कथाहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । केही फुटकर कथाहरू निम्न छन् ।

- 'अविवेक' (२०१८)
- 'आभागिनी' (२०३३)
- 'स्वप्नैस्वप्नको पथिक' (२०३९)
- 'पाहुना' (२०४२)
- सूब सेनका कथा २०६५
- 'खरानीको टीका' (अप्राप्त)

उनका कथाहरूले उनलाई मूलतः सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाउँछन् । देश र जनताको भलो हुने काम नभएसम्म समग्र मानव-समाजको विकास हुन सक्दैन । त्यसैले हामी सबै राष्ट्रनिर्माणका कार्यमा जुट्नुपर्दछ भन्ने उनका कथाहरूको सार रहेको देखिन्छ ।

### २.२.३ निबन्धकार व्यक्तित्व

सूब सेनको साहित्यिक क्षेत्रको प्रवेश 'निबन्ध' बिधाका माध्यमबाट भएको हो तापनि उनले हालसम्म निबन्ध नाम दिएर कुनै पनि कृति प्रकाशित गरेको पाइँदैन । २०१७ सालमा प्रकाशित 'साहित्य' शीर्षकको निबन्ध उनको यस क्षेत्रको पहिलो रचना हो । सेनले निबन्ध विधाकै शाखा मानिने नियात्रा लेखी आफूलाई नियात्राकारका रूपमा परिचित गराएका छन् । पुस्तकाकार कृतिका रूपमा प्रकाशित उनका यस क्षेत्रका रचनाहरू निम्न छन् ।

१. देश-दर्शन (प्रथम खण्ड) (२०३३)

२. देश-दर्शन (द्वितीय खण्ड) (२०४२)

३. गौचरणदेखि गौपूजासम्म (२०५२)

४. आफ्नै खोजका सन्दर्भहरू (२०५५)

५. साइबहिनी दर्शन (२०५७)

६. अविस्मरणीय जुम्ला (२०५९)

७. देशभक्तहरूको भूमि : इजरायलमा केही दिन (२०५९)

८. चालीस वर्षपछि (२०५९)

यसरी सेनले आफू प्रशासक हुँदा देशका विभिन्न ठाउँमा र विदेशमा रहेका अवस्थामा बटुलेका अनुभवलाई समावेश गरी उक्त कृतिहरूको निर्माण गरेको बुझिन्छ (पोखरेल, २०६३ : ३२)

निजात्मक निबन्धको हाँगा मानिने नियात्राकार व्यक्तित्व सेनको प्रमुख व्यक्तित्व पनि हो । नेपाली नियात्रा साहित्यका फाँटमा उनको योगदान स्मरणीय रहेको मानिन्छ । उनको निबन्धकार व्यक्तित्व विद्यार्थीकालदेखि नै प्रस्फुटित भएको पाइन्छ। उनका नियात्रामा जनजीवनप्रतिको मोह पाइन्छ । साथै धार्मिक, सामाजिक, सांस्कृतिक आदि पक्षमा देखिएका व्यक्तिका दूषित भावना तथा त्यसले जन्माएका विकृतिहरूलाई नियात्राका माध्यमबाट निर्मूल पार्ने धारणा समेटिएको पाइन्छ ।

### २.२.४ उपन्यासकार व्यक्तित्व

सूब सेनले सशक्त आख्यानयुक्त विधाका रूपमा चिनिने उपन्यास लेखनमा पनि आफ्नो कौशल प्रस्तुत गरेका छन् । उनको प्रथम प्रकाशित उपन्यास डाँडाको जून (२०४४) हो । यसपछि उनले विभिन्न समयमा उपन्यासप्रतिको आफ्नो अभिरुचि प्रकट गर्दै गए । त्यस क्रममा विभिन्न उपन्यासहरू प्रकट भए । ती निम्न छन् ।

१. शिखर (२०४५)

२. डाँडाको जून - (२०४५)

३. अञ्जुश्रीदेखि आन्दोलनसम्म (पाँच लघु उपन्यासहरूको सङ्ग्रह) (२०५५)

४. हेमा (लघु उपन्यास) (२०५५)

५. वीरसिक्का (लघु उपन्यास) (२०५५)

६. अन्जूश्री (लघु उपन्यास) (२०५५)

७. जीवनशास्त्र (लघु उपन्यास) (२०५५)

८. आन्दोलन (लघु उपन्यास) (२०५५)

उनका कथा, निबन्धमा जस्तै उपन्यासमा पनि नारी समस्या, जातीय भेदभाव, अन्ध परम्परामा पिल्सिएको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि कुराहरूको चित्रणले प्रश्रय पाउने गरेका छन् ।

२.२.५ नाटककार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाउँदै आएका सेनले विद्यार्थीजीवनकै कक्षा १० मा अध्ययन गर्दा नै पाँच दृश्यको नाटक लेखी सबैलाई आश्चर्यचकित पारेका थिए (पोखरेल, २०६३ : ३५) । 'कर्तव्य' शीर्षकको उक्त नाटक २०१८ सालमा लेखिएको थियो । उक्त नाटक पाल्पादर्पण नामक पत्रिकामा प्रकाशित भएको थियो । यो नाटक वि.सं. २०१८ वैशाखको पहिलो शुक्रबार र शनिबार दुई दिन साँझ ६ बजेदेखि ७ : ३० बजेसम्म अन्य सांस्कृतिक कार्यक्रमका साथ पाल्पा बजारस्थित पद्मोदय पब्लिक हाइस्कुलको प्राङ्गणमा मञ्चन भएको थियो (पाल्पादर्पण : पृ. ५५) ।

उपर्युक्त बाहेक पनि उनले ठूलै सङ्ख्यामा विविध नाटकहरू लेखे । तिनको प्रकाशन भने भएको पाइँदैन । सेनले आफ्ना नाटकमा मूलतः तत्कालीन समाजमा व्याप्त जातीय विभेद र छुवाछुत प्रथाको घोर विरोध गरेका छन् । त्यस क्रममा सेनले आफ्नो नाटकका पात्र ब्राहमण र परियार तथा सार्की र क्षेत्रीलाई छानेका छन् । ब्राह्मण र परियारका बीच र सार्की र क्षेत्री पात्रका बीच अन्तरजातिय विवाह सम्पन्न गराई उनीहरूकै हातबाट भोज खुवाएर छुवाछुत प्रथाको अन्त्य हुनुपर्ने सन्देश नाटकको माध्यमबाट दिन खोजेका छन् । यसरी हेर्दा जातीय विभेदबाट समाजलाई उन्मुक्ति दिनु उनका नाटकको प्रमुख उद्देश्य रहेको स्पष्ट हुन्छ ।

२.२.६ अनुसन्धानकार व्यक्तित्व

सूब सेन स्रष्टा व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । थारुको खोजीः कैलालीको बास (२०४४) नामक कृतिले उनीभित्रको अनुसन्धाता व्यक्तित्वको परिचय दिन्छ । उक्त कृतिमा सूब सेनले सरकारी सेवाको सिलसिलामा कैलालीमा बस्दा देखेका त्यहाँका विभिन्न साँस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय विशेषताहरूलाई प्रस्तुत गरेका छन् । उनले उक्त कृतिमा थारु शब्दको व्युत्पत्तिदेखि लिएर थारु जातिले मनाउने विभिन्न मेला, पर्व रीतिरिवाज, भेषभूषा, चालचलन आदिका बारेमा जानकारी दिने प्रयास गरेका छन् ।

२.२.७ इतिहासकार व्यक्तित्व

साहित्येतर विधामा कलम चलाउने क्रममा उनले इतिहासलाई पनि रोज्न पुगे। पालपाली सेन पालपादेखि पुरकोटसम्म र पुरकोटका नवरत्न नामक कृतिहरू इतिहास सम्बद्ध हुन् । आफ्नै वंश 'सेन' को इतिहास लेख्ने क्रममा उनले यी कृतिलाई जन्माउन पुगे । माथिको पहिलो प्रकाशित कृति आफ्नो वंशको खोजी गर्ने क्रममा लेखिएको कृति हो । यो कृति वंशावली जस्तो देखिए पनि सेनले राज्य-स्थापनाका लागि सेन वंशले गरेको योगदानको पनि वर्णन गरेका छन् । पुरकोटका नवरत्नमा गुल्मी जिल्लामा अवस्थित पुरकोट क्षेत्रको वर्णन, परिचय तथा पुरकोटमा जन्मिएका कविराम भुसाल, घनबहादुर सेन, नीजबहादुर सेन लगायतका प्रख्यात व्यक्तिले समाजसुधारका लागि दिएको योगदानको चर्चा गरिएको छ। उनका अन्य पुस्तकाकार कृतिहरू गिरीजा शासन (इतिहास) (२०६४) र ब्रेन वम (राजा ज्ञानेन्द्रको महाभारत इतिहास) (२०६४) रहेका छन् ।

२.२.८ प्रशासक व्यक्तित्व

नेपाली साहित्यलेखन प्रारम्भ गरेका केही वर्षमै उनी प्रशासनिक क्षेत्रमा प्रवेश गरेका हुनाले प्रशासक व्यक्तित्व उनको जीवनको महत्त्वपूर्ण पाटो हो । प्रशासक व्यक्तित्व प्रभावशाली भएकै कारण पनि उनको साहित्यिक क्षेत्र ओझेलमा परेको हुनाले पनि प्रशासक व्यक्तित्व साहित्यिक व्यक्तित्वभन्दा महत्त्वपूर्ण रहेको छ। प्रशासनिक व्यक्तित्वका रूपमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जुन रूपमा परिचित छन् त्यसका तुलनामा साहित्यिक क्षेत्रमा कम परिचित देखिन्छन् ।

लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण भएबापत वि.सं. २०२३ मार्ग २३ देखि शाखा अधिकृत (रा.प.तृतीय श्रेणी) पदमा नियुक्त भई सुरुमा भूमिसुधार, विकास तथा केन्द्रीय आन्तरिक प्रशासनको काम गर्न थाले । वि.सं. २०३० मा भूमि-प्रशासक (रा.प. द्वितीय श्रेणी) भएर विभिन्न जिल्लामा काम गरे। वि.सं. २०३२ मा उनी सहायक अञ्चलाधीश भएर नारायणी र सेती अञ्चलमा कार्यरत रहे । वि.सं. २०३२ पछि महोत्तरी, जुम्ला, चितवन, कपिलवस्तु, कास्की जिल्लामा प्रमुख जिल्ला अधिकारी भई आफ्नो जिम्मेवारी पूरा गरे । वि.सं. २०३९ देखि खाद्यसंस्थानको महाप्रबन्धक भई काम गरे । वि.सं. २०४२ देखि २०४७ सम्म ५ वर्ष अञ्चलाधीशजस्तो विशिष्ट ओहोदामा रही काम गरे। वि.सं. २०४७ वैशाख २५ गते

अञ्चलाधीशबाट हटेपछि आफ्नो पदाधिकार रहेको सामान्य प्रशासन मन्त्रालयको सह-सचिव पदमा फर्किई २०४८ साल असार ९ गतेसम्म काम गरी असार १० गते सेवाबाट अवकाश प्राप्त गरे ।

आफ्नो प्रशासनिक जीवनमा उनी सधैं सत्यको पछि लागिरहे । उनले आफूभन्दा माथिल्लो निकायबाट हुने गरेका भ्रष्टाचारी, अन्यायी र हुकुमी आदेशहरूको ठाडै अस्वीकार गर्दथे । आफ्ना बुवाले “कसैसँग घुस नलिनू, जनताको काम छिटो र सजिलो गरी गरिदिनू” ( सेन, २०६१: ५३१) भनी दिएको उपदेशलाई उनले आफ्नो प्रशासनिक जीवनकालमा सधैँ पालन गरे । सरकारी कार्यालयमा कर्मचारीबाट हुने राम्रा प्रवृत्तिलाई आत्मासाथ गर्न र नराम्रा प्रवृत्तिको खुलेर विरोध गर्न सेन कहिल्यै पछि परेनन् ।

२.२.९ राजनैतिक व्यक्तित्व

साहित्यिक व्यक्तिका अतिरिक्त सेन राजनैतिक व्यक्तित्व पनि हुन् । वि.सं. २०१२ मा गोरखा परिषद्को सदस्यता लिएबाट उनको राजनीतिक यात्रा सुरु भएको देखिन्छ । त्यही पार्टीको सदस्यका नाताले उनी जिल्ला सम्मेलनबाट गुल्मी जिल्लाको सङ्गठन मन्त्री बनेका थिए (पोखरेल, २०६३ : ४१) । सङ्गठनमन्त्रीका हैसियतले उनी गुल्मीका विभिन्न ठाउँमा घुमेका थिए । अध्ययनको क्रममा २०१६ सालमा पाल्पा आएपछि उनको सम्पर्क डा. केशरजङ्ग रायमाझीसँग हुन्छ । परिणामस्वरूप उनी कम्युनिष्ट पार्टीको सदस्यता लिन पुग्छन् (पोखरेल, २०६३: ४१) । २०१७ सालमा आइपुग्नासाथ पाल्पाको पद्मोदय पब्लिक हाइस्कुलको युनियनको अध्यक्ष पदमा आसीन हुन पुग्छन् । पछि उच्च शिक्षा हासिल गर्न काठमाडौँ आएपछि राजसंस्था समर्थित मोर्चामा आबद्ध हुन पुग्छन् । वि.सं. २०२१ मा आइपुग्दा उनी जिल्ला सभासद समेत बन्न पुग्छन् । २०२३ सालमा सरकारी सेवामा प्रवेश गरेपछि भने उनी सक्रिय राजनीतिबाट टाढा रहन्छन् । प्रशासनिक सेवाबाट अवकाश लिएपछि उनी पुनः राजनीतिप्रति आकर्षित हुन थालेका देखिन्छन् । हाल उनी एक राजनैतिक विश्लेषक तथा बुद्धिजीवीका रूपमा चिनिन्छन् । वर्तमान परिप्रेक्ष्यमा उनी व्यवस्थापिका संसदमा एकीकृत नेकपा माओवादीका तर्फबाट सभासद रहेका छन् । उनी  समानुपातिकबाट सभासद बनेका हुन् । ७० वर्षको वृद्ध उमेरमा पनि उत्तिकै फुर्तिलो र सक्रिय देखिने साहित्यकार सेनले दिएका विभिन्न विचार, बहस, टिप्पणीहरू विभिन्न पत्र-पत्रिकामा पढ्न पाइन्छ ।

### २.२.१० संस्मरणकार व्यक्तित्व

अन्य व्यक्तित्वजस्तै संस्मरणकार व्यक्तित्व पनि उनको महत्त्वपूर्ण व्यक्तित्व हो। उनलाई संस्मरणकार व्यक्तित्वका रूपमा चिनाउने १२६३ पृष्ठको संस्मरण ग्रन्थ मेरा कथाहरूको कथा विशाल ग्रन्थका रूपमा रहेको छ। २०६१ सालमा प्रकाशित उक्त ग्रन्थलाई एक आत्मवृत्तान्तका रूपमा लिन सकिन्छ। उनको अर्को संस्मरण कृति 'मेरा सपना र विपना' (२०६४) रहेको छ।

नेपालका विभिन्न जिल्ला र गाउँहरूमा प्रशासकका हैसियतले पुग्दा ती ठाउँहरूको यथार्थ वस्तुस्थितिलाई वर्णन गरी लेखिएको वृहत भण्डारका रूपमा उक्त कृतिलाई लिन सकिन्छ। संस्मरणकार सूब सेनका लगभग ६ दशकसम्मका अनुभवलाई यस ग्रन्थमा समाववेश गरिएको छ। आफूले देखे भोगेका घटनाहरूमध्ये मेरा कथाहरूको कथामा ०.५ प्रतिशत पनि समावेश छैनन् भन्ने सेनले सम्पूर्ण घटनालाई ग्रन्थको रूप दिन नभ्याएको कुरा स्वीकार्छन्। तैपनि संस्मरणकार सेनबाट यति बृहदाकारको ग्रन्थमा उनले नेपालको प्रशासनिक निकायमा हुनेगरेका गतिविधिका यथार्थ घटना तथा उच्च पदाधिकारीबाट निम्नस्तरका कर्मचारी र जनताले पाएका सास्तीलाई विवरणका साथ प्रस्तुत गरेका छन्। निर्भिक र निडरताका साथ प्रस्तुत गरिएका ती विवरणले अहिलेको प्रशासनिक व्यवस्थालाई समेत सचेत तुल्याएका छन्।

### २.२.११ जीवनी र रचनाका बीच अन्तःसम्बन्ध

कुनै पनि व्यक्ति समाज र वातावरणबाट अछुतो रही बस्न सक्दैन। आफ्नो गाउँ-ठाउँ, हावापानी, चालचलन, रीतिरिवाज, परम्परा,छरछिमेकको आनीबानीबाट प्रभावित नभई बस्न सक्दैन। लेखक वा साहित्यकार पनि ती आनीबानीबाट प्रत्यक्ष प्रभावित हुन्छ। उसका लेख-रचनामा पनि त्यसको प्रभाव पर्न सक्छ।

साहित्यकार सेनले पनि आफ्ना लेख रचनामा त्यस्ता घटनालाई स्थान दिएका छन्। आफ्नो जीवनकालमा उत्पन्न विविध प्रतिकूल परिस्थितिले उनका लेख रचनासँग सम्बन्ध राख्छन्। साथै उनको साहित्यिक रचनाकारिताको प्रखरताले व्यक्तित्व निर्माणमा ठूलो सघाउ पुऱ्याएको देखिन्छ। प्रशासनिक जीवनकालमा उनले सधैं सत्यलाई आत्मसात् गरे। त्यसैले उनले यस क्षेत्रमा कहिल्यै कसैको दबाव र प्रभावमा परेर काम गरेनन्। अर्कातर्फ आफू कुनै पनि ग्रुपिज्मसँग संलग्न नभएकाले उनका काव्य-कृतिहरू स्तरीय हुँदा-हुँदै पनि उनी त्यति

चर्चित साहित्यकार बन्न सकेनन्। साहित्यिक लेखन प्रारम्भ गरेपछि उनले विभिन्न साहित्यकारहरूलाई भेट्ने, साहित्यिक प्रवचनहरू सुन्ने र ज्ञानग्रहण गर्ने अवसर पाए। प्रशासनिक सेवा प्रवेशपछि राज्यका पिछडिएका विभिन्न दुर्गम ठाउँमा पुगी त्यहाँका जनताको जीवनस्तर बुभ्ने र त्यहाँका जनतासँग घुलमिल हुने अवसर पाए। यी भोगाइ र बुझाइबाट उनलाई साहित्यलेखनका लागि प्रेरणा मिल्यो। विभिन्न समाजका लोक-संस्कृति, धर्म, परम्पराबाट प्राप्त प्रेरणा र प्रभावले पनि उनको साहित्य लेखनलाई अझ सशक्त पार्दै लग्यो।

समग्रमा हेर्दा विविध क्षेत्र र क्षणबाट प्राप्त अनुभवहरू उनका लेख-रचनाहरूका सामग्री बन्न पुगेका देखिन्छन्। उनका प्रायः कृतिहरू मानवीय जीवनका यथार्थ पक्षसँग सम्बन्धित हुनुले पनि यही तथ्यको उजागर गरेको छ। 'डाँडाको जून' जस्ता कृतिहरूले उनकै जीवनका उकाली-ओरालीहरूलाई झल्काएका छन्। यी आधारबाट हेर्दा सूब सेनको जीवनी र उनका सिर्जनाहरूका बीच पारस्परिक सम्बन्ध घनीभूत रहेको पाइन्छ।

निष्कर्षका रूपमा भन्नुपर्दा उनका जति पनि साहित्यिक कृतिहरू छन् ती सम्पूर्ण कृतिहरूले वास्तविक जीवन जगत्को यथार्थतालाई प्रतिनिधित्व गर्दछन्। उनले आफ्नो जीवनकालका प्रत्यक्ष भोगाइसँग मेल खाने मेरा कथाहरूको कथा १२६३ पृष्ठको विशाल ग्रन्थ प्रकाशन गरेबाट उनको जीवन र व्यक्तित्वको साहित्यसँग र साहित्यिक व्यक्तित्वसँग अन्तः सम्बन्ध रहेको कुरा प्रस्ट हुन्छ।

### २.२.१२ सूब सेनको साहित्यलेखनको इतिहास

विक्रम संवत् २०१७ मा 'साहित्य' शीर्षकको निबन्ध लेखी नेपाली साहित्यमा प्रवेश गरेका सेनले पाल्पाबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन्। यो निबन्ध सर्वप्रथम पद्मोदय पाल्पा पब्लिक हाइ स्कुलको मुखपत्रमा प्रकाशित भएको थियो। लेखनकार्यको पूर्वार्द्धमा उनले विभिन्न शिक्षक तथा बहु प्रतिष्ठित व्यक्तिहरूबाट प्रेरणा पाएका थिए। जसले उनको लेखन कार्यलाई प्रोत्साहित तुल्याएको थियो। तम्घासमा कक्षा ८ मा पढ्दा प्राध्यापक डा. बाबुराम पोखरेलले निबन्ध लेखनको चिनारी दिए। जुन कुरा उनको जीवनभरि स्मरणीय रह्यो। पाल्पामा रहँदा उनले शिक्षक भरतराज शर्मा, कविवर माधवप्रसाद देवकोटा, कृष्णचन्द्र देवकोटा जस्ता प्रतिष्ठित व्यक्तित्वबाट प्रेरणा पाए। यसैको परिणामस्वरूप उनले साहित्य (२०१७) शीर्षकको निबन्ध लेखेका थिए। पाल्पाको पढाइ सकी काठमाडौं आउँदा बाटोमै साथी

बनेका कवि सिद्धिचरण श्रेष्ठ र कवि माधव प्रसाद घिमिरे पनि यिनको साहित्य लेखन प्रक्रियाका प्रमुख स्रोत बन्न पुगे ।

पाल्पामा रहँदा त्यहाँ हुने कार्यक्रममा स्वागत भाषण गर्न उनलाई छानिन्थ्यो, अगाडि सारिन्थ्यो (सेन, २०६१ : ७४३) । यसरी नै यिनी विस्तारै-विस्तारै साहित्यतर्फ आकर्षित हुँदै गए । उनको साहित्यलेखनमा परिपक्वता छाउँदै गयो । त्यतिबेला 'अविवेक' नामक कथा २०१८ सालमा जनता विद्यालयको मुखपत्रमा छापिइसकेको थियो । शिक्षक झपेन्द्र प्रसाद नेपालले उनको उक्त कथा छानेर छापेका थिए । त्यसैबेलादेखि उनमा साहित्यसिर्जनातर्फ रुचि बढ्दै गएको थियो । अशिक्षा, अज्ञानताको अन्धकारमा डुबिरहेको गाउँले परिवेशमा रोग र गरिबीबाट पीडितहरूको र क्षयरोग लिएर खोक्दै, रगतसितको कफ थुक्दै, स्याँ-स्याँ गर्दै उकालिएर-ओऱ्हालिएर आफ्नो माटोमा मर्नकै लागि घर फर्कँदै गरेको मस्याङ्गको उकालोमा नुन, फलामको भारी बोकी लौरोको भरमा निस्कने रोल्पाली, प्युठानी भरिया-गरिब पुरुष, महिला, बालक-बालिकाहरूको चिउडो हुँदै अनुहारबाट बग्ने पसिनाले उनको मन समेत भिज्दै गयो । भावनात्मक रूपले उनको मन पनि यिनै परिवेशप्रति टाँसिदै गयो (सेन, २०६१ : ७४३) ।

उनले आफ्नो मनमा साहित्यरूपी बिरुवा बनाएर समाजको अगाडि राख्ने क्रम त्यही बेलादेखि नै सुरु गरेका थिए । त्यो बिरुवा विस्तारै कलकलाउँदै बढ्दै थियो । कथा, निबन्ध, कवितारूपी पातहरू पलाउँदै थिए । ती बिरुवालाई हुर्काएर ठूलो बनाउने, झङ्गाउने, फुलाउने, फलाउने र परिपक्व बनाउने इच्छा उनको थियो तर समाजमा रहेको अति उच-नीच, भेदभाव, शोषण र दमन देखेर सुधार र परिवर्तन गर्नका लागि बाटो खोज्दा समाधान राजनीतिबाटै सम्भव हुने ठानी त्यतातिर पाइला बढाउँदा प्रतिद्वन्दिताको षड्यन्त्ररूपी जेलमा फस्न पुग्छन् । (सेन, २०६१ : ७४४) । 'जालमा फसेको माछालाई माझीको अड्कल' भने झैं सरकारी जागिरतिर लागेपछि उनका साहित्यिक बिरुवाका हाँगाबिँगा काटिए, पातहरू लुछिए । साहित्यरूपी उनको मन कर्तव्यपालन, समय, अनुशासन र सरकारी नीति नियममा बाँधिन पुग्यो । अविच्छिन्न रूपमा उनले साहित्य-सिर्जनामा समय दिन सकेनन् (सेन, २०६१ : ७४४) । छिटफुट रूपमा कहिलेकाहीँ मन रुँदा, बुझ्दा र मनमा गड्दा गरेका रचना र सम्बन्धित कार्यशैलीलाई जीवनको कथामा साहित्यको भाग ठान्न बाध्य हुनुपऱ्यो (सेन, २०६१ : ७४४) । यो सरकारी सेवामा लागेका हरेक सिर्जनशील व्यक्तिको साझा समस्या हो ।

साहित्य विकासका सिलसिलामा उनले विभिन्न जिल्लाहरूमा साहित्यिक प्रतिष्ठानको स्थापना गर्न सहयोग गरे । यस्तै सिलसिलामा यिनले जलेश्वरमा एक 'शङ्कर नाट्यपरिषद' संस्थाको गठन गरिदिए । जसको माध्यमबाट त्यहाँका व्यक्तिहरूमा साहित्यलेखन सम्बन्धी काममा प्रोत्साहन मिल्यो र उक्त परिषद् प्रसंशाको पात्र बन्यो अनि उनी स्वयम् पनि । वि.सं. २०३३ पौष १ मा आसाम भारतबाट निस्कने 'सुमन' साहित्यिक पत्रिकामा उनको कथा छापिएको थियो (सेन, २०६१ : ७४६) । साहित्यलेखनको दैरान कवि सिद्धिचरण श्रेष्ठले यिनलाई प्रोत्साहित गर्दथे । जुम्लामा रहँदा उनले डाँडाको जून उपन्यास लेखे । लेखनकार्यका साथसाथै जागिरलाई पनि सँगै हिडाउनुपर्ने चुनौती भएकाले यस अवधिमा विभिन्न अनियमित क्रियाकलापलाई दुरुत्साहन गर्न अनुसन्धानात्मक कार्य पनि गरे (सेन,२०६१:७४६) ।

यस्तै क्रममा वि.सं. २०४२ मा देशदर्शन (भाग २) प्रकाशन भयो । 'असल स्रष्टा साहित्यकार देशका सही सेवक र विभूति हुन् । उनीहरूबाट भाषा-साहित्य, कला-संस्कृतिको संरक्षण र विकास हुन्छ । जसबाट नेपाली जातीय स्वाभिमान र स्वाधीनता सधैँ सधैँ जीवितै रहन्छ' (सेन, २०६१ : ७५१) भन्ने सेन साहित्यको उत्थान र विकासमा लागिपर्ने स्रष्टा हुन् । साहित्य लेखन कालामा कवि सिद्धिचरण लगायतका वरिष्ठ साहित्यकारहरूबाट प्रेरणा र प्रोत्साहन पाएका उनले पछि गएर कथा, कविता, नाटक, निबन्ध, संस्मरण, उपन्यास आदि विधामा कलम चलाउन पुग्छन् । २०२५ सालमा झोपडीतिर शीर्षकको कविता लेखेको र त्यस कवितालाई कवि सिद्धिचरण श्रेष्ठले 'यस शताब्दीको उत्कृष्ट कविता' भनेको कुराले उनलाई काव्य सिर्जना गर्न थप प्रेरणा मिल्यो । फलस्वरूप उनले ८० वटा कविताहरूको सङ्ग्रह 'प्रबन्धकाव्य' जस्ता तीन काव्य-कृति प्रकाशित गर्न पुगे ।

समग्रमा भन्दा २०६६ साउन मसान्तसम्म सेनका २९ वटा कृतिले किताबको रूप ग्रहण गरिसकेका छन् । जीवनका षम-विषम परिस्थितिको सामना गर्दै र साहित्यिक लेखनलाई निरन्तरता दिँदै उनी अहिलेको अवस्थासम्म आइपुगेका छन् । सहित्यका विविध व्यक्तित्व निर्माण गरेका छन् । उनका सुरुका कृतिहरूमा भन्दा पछिका कृतिमा साहित्यिक रूप बढी स्तरीय, सुदृढ र परिमार्जित हुँदै आएको देखिन्छ ।

*अध्याय - तीन*

# सैद्धान्तिक आधारमा 'इला' काव्यको विश्लेषण

## ३.१ प्रबन्धकाव्यको सैद्धान्तिक स्वरूप

'प्रबन्ध' शब्दको व्युत्पत्ति 'प्रबन्धनाति इति प्रबन्ध' भन्ने हुन्छ । जसको अर्थ 'जोडसँग बाँध्नु' हो । अमरकोशको काहेश्वरी टीकामा प्रबन्धको व्याख्यामा "वाक्यविस्तार" शब्दको प्रयोग भएको छ। काव्यालङ्कारमा लेखिएको छ - अविबद्धं मुक्तकम् विबद्ध प्रबन्धमिति प्रसिद्धिः अर्थात् नबाँधिएको मुक्तक हो र कुनै विषयको प्रसङ्ग मिलाएर सुशृङ्खलित रूपमा साङ्गोपाङ्ग वर्णन भएको काव्य विधा प्रबन्ध हो । पूर्वीय परम्परामा साहित्यदर्पण, ध्वन्यालोक जस्ता लक्षणग्रन्थलाई पनि र प्रकथनात्मक महाकाव्य र खण्डकाव्य जस्ता काव्यकृतिलाई पनि प्रबन्ध नै भनिएको छ । यति मात्र होइन गद्य र पद्य दुबै थरी काव्यको लागि प्रबन्ध शब्दको प्रयोग गरिएको छ (उपाध्याय, २२६-२२७) । हिन्दी शब्दसागरमा प्रबन्धको अर्थ यसरी गरिएको छ - "कयौँ वस्तुहरू वा विषयहरूलाई एक-अर्कामा गाँस्नु, एक-अर्कासित सम्बन्धित वाक्य, रचनाको विस्तार, लेख वा अनेक सम्बद्ध पदहरूमा पूरा हुने वाक्य" प्रबन्ध हो । यसरी हेर्दा प्रबन्ध शास्त्रीय विस्तृत रचना, शास्त्रीय विषयका लेख वा व्याख्या र विवरणयुक्त व्यापक सीमा क्षेत्र भएको ग्रन्थ विशेष हो भन्ने बुझिन्छ ।

नेपालीमा आरम्भमा निबन्ध र प्रबन्धमा भेद मानिदैनथ्यो। अतएव प्रसिद्ध प्रबन्धसङ्ग्रह, पच्चीस प्रबन्ध र पन्ध्र प्रबन्ध नाम राखेर निबन्धहरूको सङ्कलन प्रकाशित भएका देखिन्छन् । प्रबन्धकाव्य अन्तर्गत महाकाव्य र खण्डकाव्य दुबै पर्दछन् । ठूलो आयाम भएको काव्य महाकाव्य अन्तर्गत पर्दछ भने छोटो वा सानो आयाम भएको काव्य खण्डकाव्य अन्तर्गत पर्दछ। प्रबन्धकाव्यलाई महाकाव्य पनि भनिने भएकाले यहाँ प्रबन्धकाव्यलाई महाकाव्य मानेर चर्चा गरिएको छ ।

### ३.१.१ महाकाव्यसम्बन्धी पूर्वीय मान्यता

पूर्वीय परम्परामा भामह, रुद्रट, दण्डी, विश्वनाथ, हेमचन्द्र, वाणभट्ट, पण्डित जगन्नाथ आदि आचार्यहरूले महाकाव्य सम्बन्धी आ-आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । ती मध्ये पनि भामह, दण्डी, रुद्रट र विश्वनाथका परिभाषाहरूलाई धेरैले महत्त्वपूर्ण मानेका छन् ।

भामहका विचारमा महाकाव्य सर्गमा बाँधिएको हुनुपर्छ । यसमा महान् व्यक्तिको महत्त्वपूर्ण कार्यलाई आलङ्कारिक शैलीमा प्रस्तुत गरिनुपर्छ । यसमा कतै मन्त्रणा गरिएको र कतै दूत पठाउने काम गरिनुका साथै कतै प्रतिनायकप्रतिको विजय उल्लासमय यात्रामा निस्किएको हुनुपर्छ । यस किसिमको विष र घटनाले युक्त महाकाव्य पञ्चसन्धिका संरचनामा बाँधिएको हुनुपर्छ (पोखरेल, २०६१ : ३३) ।

महाकाव्यसम्बन्धी भामहको उक्त किसिमको परिभाषाले धेरै कुराहरूलाई समेट्ने प्रयास गरेको देखिन्छ । महाकाव्यमा गाउँले बोलीचालीका शब्दहरू प्रयोग नगरी आलङ्कारिक पदावलीको प्रयोग गरिनुपर्ने उनको स्पष्ट धारणा छ । त्यस्तै महान् व्यक्ति र तिनले गरेका जीवनका महत्त्वपूर्ण कार्यहरूलाई विभिन्न सर्गमा बाँडी नाटकमा जस्तै कार्यकारण शृङ्खलाका लागि पञ्चसन्धिले युक्त बनाउनुपर्ने कुरामा उनको जोड देखिन्छ । प्रकृतिचित्रण, मङ्गलाचरण आदिका बारेमा भने भामह मौन रहेका देखिन्छन् । कथावस्तुका बारेमा समेत इतिहास वा लोकप्रसिद्ध भनी किटान नगरी महान् व्यक्तिको महान् कार्य भन्नाले भामह परिभाषा गर्ने क्रममा धेरै बँचेर वर्तमान युगका काव्यको कथावस्तुलाई समेत परिभाषामा समेट्न सफल देखिन्छन् ।

भामहपछि महाकाव्यसम्बन्धी परिभाषा गर्ने क्रममा दण्डीले केही नयाँ मान्यताहरू अगाडि सारेको पाइन्छ । उनका अनुसार - “सर्गमा बाँधिएको, तीन प्रकारका मङ्गलाचरण आशीर्वादात्मक, नमस्कारात्मक र वस्तुनिर्देशनात्मक मध्ये एकबाट सुरु गरिएको इतिहासप्रसिद्ध वा कविकल्पित कथावस्तु भएको, सत्पात्रको विजय गराइएको र चतुर्वर्गफल प्राप्त गर्न सकिने खालका विषयहरू समावेश गरिएको रचना महाकाव्य हो । उनी यसका प्रत्येक सर्गको विषयवर्णनमा विविधता अपनाइएको हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छन् (पोखरेल, २०६१ : ३३) ।”

दण्डीको उक्त परिभाषामा मङ्गलाचरण चतुर्वर्गफल प्राप्ति, सर्गको परिवर्तनका साथै विषयवर्णनमा समेत विविधता अपनाउनुपर्ने जस्ता नयाँ मान्यताहरू पाइन्छन् । उनको परिभाषामा काव्यको शैली र नायकका बारेमा भने स्पष्ट धारणा भेट्न सकिँदैन ।

यसपछि महाकाव्यसम्बन्धी परिभाषा गर्ने क्रममा महत्त्वपूर्ण आचार्यका रूपमा विश्वनाथ देखा पर्दछन् । उनले कम्तीमा आठ सर्ग भएको, कुलीन सत्पात्र नायक भएको, शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक अङ्गी रस भएको, पञ्चसन्धिले युक्त भएको, इतिहास, पुराण वा कविकल्पित कथावस्तु भएको, तीन प्रकारका मङ्गलाचरणमध्ये कुनै एकबाट सुरु गरिएको, प्रकृतिका विविध रूपको चित्रण गरिएको रचनालाई महाकाव्य भनेका छन् (सिंह १९६३ : ५४९) ।

विश्वनाथको परिभाषा नयाँ नभए पनि यो उनका अग्रज आचार्यहरूको परिभाषाको परिमार्जित र परिष्कृत रूप हो । पूर्वीय आचार्यहरूले रामायण महाकाव्यको ख्याल नगरी करुण रसलाई बेवास्ता गरिदिँदा पाश्चात्य साहित्यमा रसहरूको राजा मानिएको करुण रस ओझेलमा परेकाले विश्वनाथको यो परिभाषा पनि सर्वस्वीकृत बन्न भने सकेको देखिँदैन । यति भएर पनि विश्वनाथको परिभाषामा एउटा महाकाव्यमा कम्तीमा आठ सर्ग हुनुपर्ने र सर्गान्तमा छन्द परिवर्तन गरनुपर्ने कुराका साथै बहुनायकत्वको समेत अवधारणा रहेको पाइन्छ ।

पूर्वीय परम्परामा रुद्रट, जगन्नाथ आदि विद्वानहरूले पनि महाकाव्यीय स्वरूप र संरचनाका बारेमा विभिन्न विचारहरू व्यक्त गरेका छन् । तर ती विद्वान्हरूका विचार भामह, दण्डी, विश्वनाथ आदिका विचारभित्रै समेटिने खालका छन् । त्यसैले तिनका परिभाषाका बारेमा चर्चा गर्नु युक्तिसङ्गत देखिँदैन ।

पूर्वीय आचार्यहरूका सम्पूर्ण धारणालाई समेटेर हेर्दा महाकाव्य इतिहास, पुराण वा कविकल्पित कथावस्तु भएको, वीर वा साहसी उच्चकुलीन नायक भएको, विभिन्न सर्गमा बाँधिएको (कम्तीमा आठ सर्ग भएको) पञ्चसन्धिले युक्त शृङ्गार, वीर र शान्तमध्ये एक रस प्रमुख भई आलङ्कारिक भाषाशैलीमा वर्णित रचना महाकाव्य हो भन्ने बुझिन्छ ।

### ३.१.२ महाकाव्यसम्बन्धी पाश्चात्य मान्यता

महाकाव्यसम्बन्धी पूर्वीय आचार्यहरूले जस्तो विस्तृत चर्चा पाश्चात्य साहित्यकारहरूले गरेका छैनन् । पाश्चात्यमा दुःखान्त (ट्रेजेडी) लाई प्रमुख स्थान दिएको देखिन्छ । अरस्तु (इ.पू.३८४-३१२) ले ट्रेजेडीको व्याख्या गर्ने क्रममा महाकाव्यसम्बन्धी धारणाहरूलाई पनि ठाउँ-ठाउँमा दुःखान्त र महाकाव्यको तुलना गर्दै अगाडि सारेको पाइन्छ । अरस्तुको काव्यशास्त्र 'पेरिपेइतिकेस' को अध्याय २२, २३ र २४ मा उनले महाकाव्यसम्बन्धी चर्चा

गरेका छन् (नागेन्द्र र चतुर्वेदी इ. १९७१ : ४६) । अरस्तु भन्छन् - ‘महाकाव्यमा आफ्नो सीमा विस्तारको असीम क्षमता हुन्छ साथै एक पूर्ण घटनाको उल्लेख भएको आख्यानात्मक संरचना बोकेको र एउटै छन्दमा बहेको एउटा जीवन्त प्राणीजस्तै आनन्द प्रदान गर्ने क्षमता महाकाव्यमा हुन्छ (नागेन्द्र र चतुर्वेदी इ. १९७१ : ४६) ।

यस परिभाषाले महाकाव्यका केही मान्यताहरूलाई अगाडि सारेको देखिन्छ । महाकाव्यलाई एउटा महत्त्वपूर्ण घटनाको उल्लेख हुने आख्यानात्मक संरचनाका रूपमा स्वीकारिएको छ भने यसलाई सीमाविस्तारको क्षमता र मनोरञ्जनात्मक साधनको रूपमा लिएको देखिन्छ ।

समालोचक सी.एम् बाबरा (सन् १९४५ : १३) का अनुसार “जीवनका महत्त्वपूर्ण र गौरवपूर्ण घटनाहरूको वर्णन भएको, बृहत् काव्यात्मकता बोकेको, पात्रहरूका विशाल कार्यहरूको वर्णन भएको कृति महाकाव्य ठहर्दछ ।”

बाबराको यस परिभाषाले केही हदसम्म महाकाव्यलाई समेट्ने प्रयास गरेपनि यो परिभाषा पूर्ण भने देखिँदैन । यस परिभाषामा कथावस्तु, पात्र र पात्रका कार्यलाई समेट्ने प्रयास गरिएको छ । तथापि शैली, सर्ग, छन्द आदिका बारेमा उनी मौन रहेका देखिन्छन् ।

डा. जोन्सनका अनुसार छन्दोमय रचाना काव्य हो भने कार्लाइलका अनुसार सङ्गीतपूर्ण विचार नै काव्य हो । वर्डस्वर्थ प्रबल भावको सहज उच्छलनलाई काव्य भन्न रुचाउँछन् भने मैथ्यु-आर्नोल्ड काव्यलाई जीवनको समालोचनाका रूपमा लिन्छन् । अर्का विद्वान् एड्गर एलेन पो लयपूर्ण ढङ्गले सौन्दर्यको सृष्टि काव्यमा हुनुपर्ने मत अगाडि सार्छन् (अधिकारी, २०५६ : ८) ।

महाकाव्यका सम्बन्धमा भारतीय तथा नेपाली विद्वानहरूका महत्त्वपूर्ण धारणाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

समालोचक रामकृष्ण शर्मा-कविलाई सौन्दर्यको पुजारी, नैतिकताको छहरा र आदर्शताको दर्पण ठान्छन् । यस परिभाषामा महाकाव्यसम्बन्धी धारणा नभए पनि कविका बारेमा शर्माको सङ्क्षिप्त टिप्पणी पाइन्छ । काव्य कविद्वारा नै रचिने हुनाले काव्यमा सौन्दर्य हुनुपर्ने, कविले आदर्शको सीमा नाघ्न नहुने र नैतिकताभित्र रहेर काव्य रचना गर्नुपर्नेमा विशेष जोड दिएका छन् । यसबाट महाकाव्यमा पनि उच्च आदर्श र सौन्दर्य हुनुपर्ने कुरामा उनको जोड देखिन्छ ।

बालकृष्ण समका दृष्टिमा कविता भन्नाले बौद्धिक कोमलता हो। महाकाव्यसम्बन्धी धारणा राख्दै सम भन्छन् - 'संलग्न रूपमा लेखिएका कविताहरूको सङ्ग्रह महाकाव्य हो' (पोखरेल, २०६१ : ३८)।

महाकवि लक्ष्मी प्रसाद देवकोटा 'कला वा काव्यको उत्पत्ति मनुष्यको अन्तःचेतको प्रतिभाबाट हुन्छ भन्ने धारणा व्यक्त गर्दछन् ।' देवकोटाको यो काव्यसम्बन्धी परिभाषाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने महाकाव्यमा कल्पना र कवित्वको आधिक्य हुनुपर्छ। यसमा आख्यान तत्त्व कम हुनुपर्छ। देवकोटाको यो परिभाषाले वर्तमान महाकाव्यसम्बन्धी धारणाहरूलाई पूर्ण रूपमा समेट्न सक्दैन तापनि नेपाली महाकाव्यका बारेमा कलम चलाउने पहिलो व्यक्ति भएकाले उनको विचारलाई महत्त्वपूर्ण नै मान्नुपर्छ।

समालोचक वासुदेव त्रिपाठी महाकाव्यलाई कविताको चूडान्त परिणति मान्छन् । यही आधारमा उनले महाकाव्यलाई कविताको चूडान्त परिणति मान्छन् । यही आधारमा उनले महाकाव्यलाई हेरेका पनि छन् । सामायिक, सामाजिक धरातलमा टेकेर मानसिक, भावनात्मक र वैचारिक चिन्तनका स्तरमा महत्तम कविता कविद्वारा जीवनको विस्तृत व्यापक एवम् विराट अभिव्यञ्जन गर्नुलाई महाकाव्य ठान्छन् (२०२७ : १०९)

उक्त धारणाबाट के स्पष्ट हुन्छ भने महाकाव्यमा भाव, विचार र चिन्तनको मिश्रण हुन्छ। यसमा जीवनको व्यापक र विस्तृत रूपलाई कविताका माध्यमबाट आनन्द-प्रदान गराइन्छ। उक्त परिभाषा महाकाव्यका लागि भने मौन देखिन्छ।

नेपाली बृहत् शब्दकोशले महाकाव्यलाई - काव्यशास्त्रअनुसार कथा सूत्रमा आवद्ध, प्रख्यात विषयवस्तुयुक्त सर्गबद्ध एवम् रसयुक्त ठूलो आकारको काव्यलाई महाकाव्य मानेको छ (२०५२ : १०५८)।

शब्दकोशजस्तो सम्पूर्ण विद्वत् वर्गको सहयोगी साथीका रूपमा रहेको पुस्तकले समेत उपर्युक्त परिभाषाबाट स्पष्ट धारणा दिन सकेको देखिँदैन।

महाकाव्य सम्बन्धी उक्त परिभाषाहरू आफूभन्दा अगाडि सिर्जित महाकाव्यहरूलाई आधार मानेर बनाइएका देखिन्छन् । हाल महाकाव्यसम्बन्धी नवीन प्रयोग र नवीन धारणाहरू आइसकेका छन् । तिनलाई पूर्व परिभाषाहरूले अभिव्यक्त गर्न सक्दैनन् । पूर्वीय परम्पराले शृङ्गार, वीर र शान्त रसलाई अङ्गी रसका रूपमा राखेर हेरेको छ। तर छन्दमुक्त पनि महाकाव्य हुन्छन् भन्नेतर्फ दृष्टि दिएको पाईँदैन। जे होस् महाकाव्य सर्गमा बाँधिनुपर्छ आलङ्कारिक शैलीको प्रयोग गरिनुपर्छ भन्ने कुरामा भने मतभेद पाईँदैन।

वास्तवमा कतिपय महाकाव्यहरू आख्यानहीन भएर पनि उच्च कवित्वका दृष्टिले महान् ठहरिएका छन् । त्यसैले महाकाव्यलाई सङ्कुचित दायराभित्र बाँधेर हुर्नु उपयुक्त हुँदैन ।

समग्रमा हेर्दा महाकाव्यको आधुनिक परिभाषा यस्तो हुन सक्छ-जीवन जगत्का विविध पक्षबाट कथानक लिइएको सर्गबद्ध काव्य महाकाव्य हो । एक वा सो भन्दा बढी नायक भएको जीवन-जगत्को विराट प्रस्तुति गरिएको, आलङ्कारिक भाषाशैलीले सु-सज्जित, विविध छन्दयुक्त वा छन्दमुक्त लयमा रचिएका कम्तिमा आठ सर्ग भएको रसयुक्त रचना महाकाव्य हो ।

### ३.१.३ महाकाव्यका आधारभूत तŒवहरू

कविता विधाका सबै उपविधाहरूको बाह्य संरचनामा भिन्नता भए तापनि केन्द्रीय आत्मा तत्त्व (भावपक्ष) एउटै हुन्छ । यसरी हेर्दा महाकाव्य पनि कविता विधाको एक उप-विधा रहन आउँछ । जसका प्रमुख आधारभूत तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ३.१.३.१ शीर्षक र संरचना

कुनै पनि कृतिलाई मूर्त रूप दिने एक प्रमुख तत्त्व शीर्षक हो । शीर्षकविना कुनै पनि कृतिको पहिचान हुन सक्दैन । त्यसैले महाकाव्यको महत्त्वपूर्ण तत्त्वका रूपमा शीर्षकलाई लिइन्छ । कुनै पनि कृतिको शीर्षकले त्यसको नामकरण मात्र गरेको हुँदैन । त्यसले कृतिभित्रको सारभूत भाव, विचार, अर्थ तथा अन्य पक्ष समेतको चिनारी दिन्छ । वास्तवमा साहित्यका सम्पूर्ण विधाका कृतिहरूको कुनै न कुनै नामकरण गरिएको हुन्छ र त्यही नाम नै सम्बन्धित साहित्यिक कृतिको शीर्षक हो (अवस्थी, २०६४ : ४८) । शीर्षक कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव- विचारको सूचक, सङ्केतक वा उद्घाटक हो । त्यसैले कृतिको स्तर निर्धारण गर्ने आधार पनि शीर्षक नै हो (त्रिपाठी र अन्य, २०६४ : १८) । त्यस्तै साहित्यका विभिन्न विधाअन्तर्गत उपविधामा जीवनका अनुभवहरू व्यक्त गर्ने क्रममा सानो र ठूलो जुनसुकैको पनि संरचना हुनै पर्दछ । संरचनाविना कुनै पनि विधाको रचना हुने सम्भावना रहँदैन । कविताका सन्दर्भमा पनि सबभन्दा सानो रूपलाई मुक्तक, मझौला रूपलाई खण्डकाव्य, ठूलो रूपलाई महाकाव्य तथा वृहत् रूपलाई आर्ष- महाकाव्य भनी छुट्याउने आधार पनि संरचना नै हो । त्यसैले संरचना महाकाव्यको अति महत्त्वपूर्ण र अपरिहार्य तत्त्व हो ।

पूर्वीय परम्परामा महाकाव्य सर्गबद्ध हुनुपर्छ भनी परिभाषित नै गरिएको छ। हुन पनि आख्यानलाई माध्यम बनाएर लयात्मक अभिव्यक्ति दिनु प्रबन्धकाव्यको चिनारी हो। यो वर्तमान परिप्रेक्ष्यमा महाकाव्यका नामले चिनिन्छ। महाकाव्य भनेको नै कविका अनुभूतिहरू सर्ग- सर्गमा विभक्त भई प्रकट भएको कविता हो। आख्यानका सूत्रहरूमा कविताको प्रभुत्व रहने गरी महाकाव्यको सिर्जना गरिएको हुन्छ जसमा रूपगत सवाल तीब्ररूपमा देखा पर्दछ ( आचार्य र गौतम, २०६१ : ९)। जेहोस् महाकाव्यका संरचनागत अवयव र अवयवीहरूको उचित समायोजन हुनु आवश्यक छ। यान्त्रिक र आङ्गिक संरचनाले महाकाव्यको सफल संरचना हुन सक्दैन। यसरी महाकाव्यको न्यूनतम एकाइलाई आधार बनाएर हेर्दा संरचनाले पदयोजना भन्ने बुझाउँछ भने स्थूल एकाइगत रूपमा हेर्दा यसले सर्गयोजनालाई जनाउँछ।

### ३.१.३.२विषयवस्तु

महाकाव्य प्रबन्धकाव्यको सर्वोच्च रूप भएकाले यसमा कथात्मकतामा कवितात्मकता र कवितात्मकतामा कथात्मकता आवश्यक छ। कथा वा विषयवस्तुविना यस विधाको रचना हुनु प्रायः असम्भव नै देखिन्छ। पूर्वीय र पाश्चात्य दुवै जगत्का विद्वान्हरूले महाकाव्यका निम्ति कथावस्तुलाई अनिवार्य तत्त्वका रूपमा लिएका छन्।

पूर्वीय धारणाअनुसार महाकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक तथा कल्पनामध्ये कुनै एक हुनुपर्छ। यसका साथै स्वर्गदेखि धरतीसम्मका विविध प्राकृतिक स्वरूपहरूको चित्रण तथा स्थान र समय- चक्रको वर्णन आवश्यक ठानिएको छ। मङ्गलचरणद्वारा प्रारम्भ गरिने महाकाव्यीय कथानक पञ्चसन्धि समन्वित हुनु आवश्यक छ भन्ने पूर्वीय मान्यता हो। प्रत्येक सर्गका अन्त्यमा आउँदो सर्गको कथावस्तुलाई सङ्केत गर्न छन्द परिवर्तन गर्नुपर्दछ र कथानकलाई बढाउन राष्ट्रियता, रीतिरिवाज संस्कृति, धर्म चाडपर्व आदिलाई समेट्न सकिन्छ। एकै समयमा घट्न सक्ने विविध घटनाहरूलाई मूल कथावस्तुको विस्तारका निम्ति समावेश गर्न सकिन्छ।

पाश्चात्य आँखाले हेर्दा ऐतिहासिक दन्त्यकथात्मक वा जीवनको सत्यकथामा आधारित कुनै पनि घटनायुक्त कथानक महाकाव्यका निम्ति आवश्यक हुनसक्छ। यसमा एकन्विति, पूर्णता सम्भाव्यता, सहज विकास, कुतूहलता र साधारणीकरणजस्ता कुराहरूको राम्ररी ख्याल गरिनुपर्छ (लामिछाने, २०५८: १५)।

उपर्युक्त आधारहरूबाट हेर्दा महाकाव्यका निम्ति कथावस्तु आवश्यक देखिन्छ। कथावस्तु सुसङ्गठित र सुव्यवस्थित हुनुपर्छ भन्ने धारणा व्यक्त भएको पाइन्छ। तर वर्तमान सन्दर्भमा साहित्यका विविध विधामा कथावस्तुलाई वहिष्कार गर्न थालिएको छ। जीवनमा कुनै घटनाको संबद्धता नभएजस्तै साहित्यमा पनि घटनाको शृङ्खलाबद्धता हुँदैन। वास्तवमा आजको विषमतापूर्ण जीवनमा घटनाहरूमा क्रमबद्धता हुनुपर्छ भन्ने बाध्यता छैन। (थापा, २०४२: ५५)। जीवन जे जस्तो छ महाकाव्यमा कथानक पनि त्यस्तै हुनसक्छ भन्ने भावना मोहन हिमांशुको धारणाबाट प्रष्ट हुन्छ।

### ३.१.३.३ पात्र वा चरित्र

महाकाव्यमा कथानकलाई अघि बढाउनका लागि चरित्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। महाकाव्यमा चरित्र वा नेता भन्नाले त्यहाँका प्रमुख पात्र- पात्रा (नायक- नायिका आदि) हरूलाई जनाउँछ। महाकाव्यका नायक- देवता, सत्वंशको क्षेत्री वा ब्राहमणकुलको शुर, वीर धैर्यवान् तथा महान- हुनुपर्छ। भन्ने मान्यतालाई पूर्वीय परम्पराले निर्देश गरेको छ। त्यस्तै महाकाव्यकी नायिका पनि स्वकीया गुणले युक्त हुनुपर्छ। पाश्चात्य मान्यताअनुसार पनि महाकाव्यको नायक भद्र र आफ्नो कार्यव्यापारद्वारा चरित्रको अभिव्यञ्जना गर्ने क्षमताको हुनुपर्छ। यसबाहेक ऊ नैतिक उद्देश्यलाई द्योतन गर्ने कुलीन एवम् यशस्वी र शक्तिशाली हुनुपर्छ (चापागाइँ र  सुवेदी, २०५२: ६२)। पाश्चात्य काव्य सिद्धान्त अनुसार नायकमा कुनै न कुनै मानवीय दुर्बलता हुनुपर्दछ जसले गर्दा काव्य दुःखान्तको कारण बन्न सकोस्।

यसरी पूर्व र पश्चिम दुवै तर्फका नायक सम्बन्धी धारणाहरू धेरै हदसम्म मिल्दा- जुल्दा भेटिन्छन्। पूर्वीय महाकाव्यको नायक शत्रुको नाश गराई मानवीय चरित्रको प्रतिनिधित्व गर्ने गुणले सर्वेसर्वा बन्छ। फलस्वरूप पूर्वीय काव्य सुखान्तमा परिणत हुन्छ। तर पाश्चात्य सिद्धान्तअनुसार नायकमा कुनै न कुनै मानवीय दुर्बलता देखा हुनुपर्छ। यसैको परिणाम स्वरूप पाश्चात्य काव्य दुःखान्तमा परिणत हुन पुग्छ। यसरी काव्यको दुःखान्तको कारकका रूपमा पाश्चात्य साहित्यमा नायकलाई लिने गरिन्छ।

आजको सन्दर्भमा पात्र जनजीवनका यथार्थिक र स्वाभाविक जुन कोटिको भए पनि हुन्छ तर यति भएर पनि काव्यत्व प्रदान गर्ने प्रमुख तत्त्व पात्र वा चरित्र भएकाले काव्यमा प्रयुक्त पात्रहरू प्रभावकारी, पत्यारिलो, जीवन्तखालको हुनु आवश्यक मानिन्छ।

### ३.१.३.४ परिवेश (वातावरण)

पूर्वीय परम्पराले महाकाव्यमा ऐतिहासिक, पौराणिक र कविकाल्पनिक कथावस्तु हुने हुँदा त्यसलाई महाकाव्यको यात्रामा गहनताका साथ हिँडाउन परिवेशको आवश्यकता देखाएको छ । परिवेश जस्तो सुकै भए पनि यसले जीवन - जगत्का विविध युग- संस्कृति र वातावरणलाई बहन गर्न सक्नुपर्छ । विश्वजनीन रूपमा त्रैकालिन वर्णनीय क्षमता र अझ स्वर्गदेखि धरतीसम्मको परिवेश तथा वातावरणको समावेश हुनेपर्ने देखिन्छ । यस धारणाले महाकाव्यको व्यापकता र सम्पूर्णतालाई इङ्गित गरेको छ ।

पाश्चात्य परम्पराले महाकाव्यीय कथा तत्त्वलाई कलात्मक र प्रभावोत्पादक बनाउनका लागि वातावरणको महत्त्वपूर्ण भूमिका रहने कुरा दर्साएको छ । वास्तवमा वातावरणको बाह्य पक्षमा काव्यको भौतिक प्रस्तुति हुन्छ (थापा, २०४२ : ७) । पात्रको आन्तरिक प्रस्तुति र काव्यको भौतिक प्रस्तुतिका लागि देशकाल परिवेशले महत्त्वपूर्ण भूमिका खेल्छ । अझ महाकाव्यका निम्ति वातावरण आधार तत्त्वका रूपमा नै देखा पर्दछ । यो विना काव्यले गति लिन सक्दैन र कथाले टेक्ने धरातल पनि भेट्दैन । त्यति मात्र होइन विना परिवेश पात्रले व्यक्तिने मौका नै पाउँदैन । वातावरणको प्रयोग सम्यक रूपमा हुनुपर्दछ । महाकाव्यको आवश्यकता र स्वाभाविकतालाई उजागर गर्ने वातावरणको उपयोग गर्नु हरेक दृष्टिले राम्रो मानिन्छ । महाकाव्य नै स्वयम् बिराट बिधा भएकाले व्यापक परिवेशको अपेक्षा गर्नु स्वाभाविक ठहर्छ ।

### ३.१.३.५ भावविधान

कविताको शब्द शब्दमा अन्तर्निहित शक्तिलाई भाव भनिन्छ । भावले नै कविताको स्तर निर्धारण गर्दछ । त्यसैले भावविधान काव्यको एक अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । महाकाव्यमा जीवन- जगत्मा प्रयोग हुने विविध भावहरूको प्रयोग गरिएको हुन्छ । ती भावहरूमध्ये कुनै एक भावलाई केन्द्रीय भावका रूपमा प्रयोग गरिएको हुन्छ । कृतिमा रहेको केन्द्रीय भावले कृतिको काव्यात्मक मूल्य बढाउने भएकाले कृतिको केन्द्रीय भाव आकर्षक हुनुपर्दछ । कुनै पनि सर्जकमा भाव तथा लय एकसाथ स्फुरण हुने गर्दछन् । सर्जकलाई कुनै अनुभूति हुनासाथ उसभित्र एक प्रकारको चाञ्चल्य उत्पन्न हुन्छ । त्यो काव्यको अन्तर्वस्तुका रूपमा व्यक्त भएको हुन्छ ।

जब व्यक्तिले साहित्य रचना गर्न थाल्छ तब जीवन- जगत्का हाम्रा सारा अनुभवहरू भावको रूपमा परिवर्तन हुन्छन् । साहित्यमा भावोदयले यही कुरालाई जनाउँछ । कुनै पनि कृतिमा निहित भावले त्यस कृतिको स्तर निर्धारण गर्दछ । भावले कविताको शब्दका साथै समग्र रचनाको अर्थ प्रकट गर्दछ । त्यसैले भरतमुनिले रसविना कुनै भावको प्रवर्तन हुँदैन भनेका छन् (शर्मा, २०६५ : ४७) । विशेषतः लेखकले आफ्नो कृतिमा कुनै एउटा भावलाई केन्द्रीय भावका रूपमा राखी रचना गर्ने हुनाले पाठकलाई रसानुभूति प्राप्त हुन्छ ।

३.१.३.६ लय - विधान

कवितालाई अन्य विधाबाट अलग राख्ने प्रमुख माध्यम वा तत्त्व लय विधान हो । गेयात्मक अभिव्यक्ति कविताको प्राणतत्त्व हो । कविताको रचना निश्चित वर्ण, मात्रा र अक्षरको वितरणक्रम मिलाई छन्दोबद्ध तरिकाले गरिएको हुन्छ । कवितात्मक अभिव्यक्ति सार्थक रहन काव्यमा गीति चेतनाको आवश्यकता हुन्छ । कविताका पङ्क्तिमा प्रयोग गरिएका वर्ण, मात्रा र अक्षरको वितरणक्रम तथा तिनको विश्रामको नियमित स्थिति लय हो । लयविधान कविताका हरफहरूमा प्रयुक्त भाषिक स्वर व्यञ्जन वर्णका सम- विषम वितरण प्रक्रियाबाट निर्मित चरण, पाउ वा पङ्क्तिको गतिक्रम र यतिक्रममा आधारित हुन्छ । भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनि नै लयविधान हो (शर्मा, २०६५ : ५३) । कविताका पङ्क्तिहरू दोहोरिँदै श्लोक अनुच्छेदका स्तरमा पुग्दा पङ्क्ति- पङ्क्तिबीचमा देखिने वर्ण वा मात्राहरूको नियमित आवृत्तिको स्थिति नै छन्द वा लय हो । यस्ता नियमित पङ्क्तिलाई छन्दका ढाँचा पनि भन्न सकिन्छ ।

पङ्क्तिपुञ्जका बीच नियमतिता देखिनु वा नदेखिनु पनि लय नै हो । तर यसलाई गद्यलय भनिन्छ । गद्य लयलाई मुक्त लय भनिन्छ (शर्मा, २०६५ : ५३) । आधुनिक नेपाली काव्य साहित्यमा गद्य लयले पनि बद्धलयलेभन्दा बढी स्थान पाउने गरेको पाइन्छ । गोपाल प्रसाद रिमालले नेपाली काव्य विधामा गद्यलयलाई भित्र्याएका थिए । त्यसपछि गद्य वा मुक्त लयमा कविता लेख्ने होड नै चल्यो र ती कविताले निकै चर्चा पनि पाए । त्यसैले आजभोलि काव्य सिर्जना गर्न बद्ध लयलाई अनिवार्य तत्त्वका रूपमा लिइन्न । त्यसकारण आजभोलि पहिलेजस्तो छन्दोबद्ध कविताहरू कम नै रचना हुने गरेको पाइन्छ । जे होस् महाकाव्य कविताको एक उपविधा भएकाले लयविधान महाकाव्यको एक महत्त्वपूर्ण र प्रमुख तत्त्व हो ।

३.१.३.७ भाषाशैली

भाषाशैली कविको आफ्नो कृतिमा प्रवेश गर्ने प्रस्थान बिन्दु हो । साथै यो उसको साहित्यिक प्रतिभाको पहिचानको सूचक पनि हो ।

पूर्वीय मान्यताअनुसारका विभिन्न छन्द र रसको विस्तृत चर्चा नपाइए पनि पश्चिममा क्षुद्र शब्दावलीको प्रयोग नगर्न नै भनिएको छ। पाश्चात्य विद्वानहरूले प्रासाद गुणले युक्त शब्दहरूको प्रयोगमा जोड दिएका हुनाले भाषाशैली आलङ्कारिक, परिष्कृत तथा प्रौढ किसिमकै हुनुपर्ने मानेका छन् । उनीहरूका अनुसार यस्तै भाषाशैलीले महाकाव्यको गरिमालाई धान्न सक्ने ठानिएको छ। यी दुवै जगत्का विद्वान्हरूका भाषाशैलीसम्बन्धी अवधारणाले महाकाव्यका निम्ति भाषा स्तरीय र शैली सुन्दर ढङ्गले शब्दहरूलाई सुगठित गरी उन्ने सुदृढ, श्रुतिमधुर, गरिमामय र महाकाव्योचित हुनुपर्ने आग्रह राखेको पाइन्छ ।

पूर्व र पश्चिममा जे-जस्तो आग्रह राखिए पनि भाषाशैली सरल, सहज र संवेद्य हुनु नै राम्रो मानिन्छ। यसले हरेक पाठकको मन छुन र धुन सक्दछ। शैलीका दृष्टिले सरल शैलीभन्दा समास शैली राम्रो मानिन्छ। वाक्य र शब्दविन्यासमा देखिएको प्रभावकारिताले महाकाव्यको भाषाशैली निर्मित हुन पुग्छ। त्यसैले काव्यमा छन्दको जटिलपूर्ण योजनाको आग्रह हुनुहुँदैन तर छन्दोबद्ध लयात्मक कवित्वले थोरैमा धेरै भन्ने क्षमता राख्दछ। समग्रमा भन्दा भाषाशैली साहित्यका जुनसुकै विधाको पनि आङ्गिक र अपरिहार्य तत्त्व हो ।

३.१.३.८ जीवनदृष्टि (उद्देश्य)

पूर्वीय आचार्य विश्वनाथ र दण्डीले महाकाव्यको उद्देश्यका सम्बन्धमा चार पुरुषार्थमध्ये कुनै एउटाको फलप्राप्ति हुनुपर्नेमा विशेष जोड दिएका छन् । महाकाव्य जीवनकै अभिव्यक्ति हो । त्यसैले जीवनका चार अवस्थासँग यी चार पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) तथा चतुर्वर्गलाई समायोजित गरी कुनै एउटाको पूर्ण अभिव्यक्ति हुनुपर्नेमा पूर्वीय आचार्यहरू जोड दिन्छन् । उनीहरू वस्तु, नेता र रसलाई  महाकाव्यका तत्त्वका रूपमा मान्दछन् ।

पश्चिममा भने महाकाव्यका उद्देश्यका बारेमा खासै उल्लेख भएको पाइँदैन । तर पनि महाकाव्यको रचना कुनै उद्देश्यविना भएको पाइँदैन । त्यहाँ कुनै न कुनै उद्देश्य निहीत हुन्छ र महाकाव्यकारको जीवनदृष्टि पनि अवस्य प्रकटित हुन्छ। महाकाव्यकारको क्षमताअनुसार जीवनदृष्टिले प्रत्यक्ष वा अप्रत्यक्ष आग्रहपूर्ण र विना आग्रह प्रस्तुति पाएको हुन्छ । महाकाव्यमा जीवनको सम्पूर्णताको उद्घाटन हुने हुँदा महाकाव्यकारको जीवनदृष्टि रहँदैन भन्न सकिन्न

बरु उद्देश्यले कलात्मकता र प्रभावात्मकताको निर्वाह गर्नुपर्दछ। आदर्शात्मक र आग्रहपूर्ण कलाबिहीन जीवनदृष्टि निर्देशात्मक हुने हुँदा यसले साहित्यकारको धर्मलाई निर्वाह गर्न सक्दैन। त्यसैले महाकाव्यमा आउने जीवनदृष्टि कथा, पात्र, वातावरण, घटना र संरचनामा समेत घोलिएर अभिव्यक्त भएमा राम्रो मानिन्छ। पूर्वीय आचार्यहरूले महाकाव्यको उद्देश्यलाई धर्म, अर्थ, काम, मोक्ष प्राप्तिका रूपमा र पाश्चात्य साहित्यकारहरूले मनोविकारहरूको निवारण र मनः शान्तिलाई महाकाव्यको मूल उद्देश्यका रूपमा लिएका हुन्। पूर्व र पश्चिममा काव्यको उद्देश्यका रूपमा जे जस्ता चर्चा परिचर्चा गरिए पनि उद्देश्यहीन महाकाव्यको कुनै अर्थ रहन्न। त्यसैले महाकाव्यका अन्य तत्त्वहरूजस्तै जीवनदृष्टि वा उद्देश्य अपरिहार्य तत्त्वका रूपमा देखिन आउँछ।

निष्कर्षमा भन्नुपर्दा शरीरलाई पूर्णता प्रदान गर्न विभिन्न अवयवहरूको आवश्यकता परे झैं काव्यरूपी शरीरको निर्माणमा विभिन्न उपकरणहरूको आवश्यकता पर्दछ। काव्य निर्माणका लागि आवश्यक पर्ने उपकरणहरूलाई काव्यतŒव भनिन्छ। साहित्यका विविध विधाहरूको निर्माणका निम्ति आ- आफ्नै तŒवहरू हुन्छन्। तिनै तŒवका आधारमा एउटा विधा अर्को विधाबाट भिन्न हुन पुग्दछ। कथानक, पात्र वातावरण, भाषाशैली, भावविधान, लयविधान, उद्देश्य आदि महाकाव्यका अनिवार्य र प्रमुख तŒवका रूपमा देखा पर्दछन्। यी मध्ये रसबिनाको महाकाव्य लेख्न सकिन्छ भन्ने हो भने केवल पाँच तŒव नै महाकाव्यका निमित्त अपरिहार्य छन् भन्न सकिन्छ।

## ३.२ इला काव्यको विश्लेषण

इला काव्यमा प्राप्त हुने निम्न काव्यतŒवका आधारमा काव्यको विश्लेषण गरिएको छ।

### ३.२.१ शीर्षक र संरचना

शीर्षक र संरचनाका आधारमा कृतिको गहनता अध्ययन गर्न सकिन्छ। त्यसैले शीर्षक अर्थपूर्ण हुनु आवश्यक ठानिन्छ। इला काव्यको शीर्षक पनि अर्थपूर्ण छ। काव्यमा प्रमुख पात्रका रूपमा आएकी स्त्री पात्र 'इला' को नामबाट काव्यको शीर्षक राखिएको हुनाले शीर्षक अर्थपूर्ण रहेको कुरा प्रष्ट हुन्छ। कवि सेनका अनुसार इला को बाहिरी अवरणको दृश्यले पनि काव्यको अर्थ स्पष्ट पारेको छ। आवरणमा रहेको सूर्यले ईश्वरीय न्यानो किरणलाई सङ्केत

गर्दछ। यसले नेपालका लागि ईश्वर सधैँ दाहिना हुने र न्यानो किरण छरिरहने कुराको सङ्केत गर्दछ। ईश्वरीय लालीरूपी सूर्यको तल्लो भागमा अवस्थित सेतो र सफा हिमालले नेपालीहरूको सधैँ मुस्कुराइरहने स्वभावको प्रतिनिधित्व गर्दछ। साथै नेपालीहरू आफ्नो कुरामा हिमालजस्तै अटल छन् भन्ने कुराको सङ्केत गर्दछ। नेपालीहरूको एकताको प्रतीकका रूपमा नेपालको राष्ट्रिय झण्डालाई उभ्याइएको छ भने स्वाभिमानी र गौरवशाली वीर पुरुषहरूको अडिग स्वभावको प्रतिनिधित्व नेपाली टोपीले गरेको छ। देशी- विदेशी शक्तिको चलखेल, सीमाना हेरफेरका विविध अपमानजनक व्यवहारका बीच पनि नेपाली टोपी सधैँ नेपालीको स्वाभिमानको पक्षमा रहेको कुरा यसले बुझाउँछ। जुन कुरा पुस्तकको आवरण पृष्ठको चित्रमार्फत स्पष्ट हुन्छ।



इला काव्य १५ अध्याय र १९३ पृष्ठमा संरचित छ । इलाको परिवेश कुनै खास ठाउँको मात्र नभई सम्पूर्ण नेपाल नै यस काव्यको परिवेशका रूपमा रहेको छ । नेपालका विभिन्न ठाउँको सामाजिक यथार्थतालाई यस काव्यमा उतारिएको पाइन्छ । यसमा साधारण नेपालीहरूको जीवनको दैनिकी छ । कवि सूब सेनका अनुसार-खास ठाउँ-खास क्षेत्रको परिधिभित्र सीमित नभई नेपाल-आमा-सगरमाथा शिर, पहाड लेक-शरीर, बेँसी मधेश फाँट-आँगन आमाको सुन्दरतम अङ्गहरूलाई अनि नेपाल आमाका छोरा-छोरी जहाँ भए पनि, जहाँ रहेपनि, जे जस्ता रङ्ग-ढङ्गका भए पनि सबैलाई एउटै काव्यरूपी मालामा उनेर विभिन्न स्थान, समय र पात्रमा उभाएर रचना भएको इला नौलो रूप लिएर आएको छ (पृ.ग) । समग्रमा भन्दा इला काव्य शीर्षकगत रूपले अर्थपूर्ण र संरचनागत रूपमा १९३ पृष्ठमा संरचित मध्यम स्तरको (मझौला खालको) काव्य हो भन्दा अयुक्ति नहोला ।

३.२.२ विषयवस्तु

महाकाव्यका तŒवमध्ये प्रमुख र महŒवपूर्ण तŒवका रूपमा कथावस्तुलाई लिइन्छ । उपन्यास, कथा र नाटकमा झैँ महाकाव्यमा कथानक प्रबल तŒवका रूपमा नरहेर अनुभूतिलाई डोर्‍याउने क्रममा आएको हुन्छ ।

इला काव्यको कथानकले कुनै निश्चित ठाउँ वा निश्चित जातिविशेषको प्रतिनिधित्व गरेको छैन । नत यसको विषयवस्तु पुराण, इतिहास आदि विषयमा नै आधारित छ । यसले नेपाल राष्ट्रका कुना काप्चामा रहेका आम नेपालीको समस्यालाई विषय वस्तुका रूपमा उद्घाटन गरेको छ । यस काव्यमा खास गरेर तत्कालीन समाजको प्रशासनिक गतिविधिका साथै देशको प्राकृतिक सम्पदा सत्यनाश हुँदै गएको कटु तथ्यलाई विषयवस्तुको रूप दिइएको छ। यहाँ शोषक वर्गले गरिबलाई गर्ने थिचोमिचोलाई कारुणिक र मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा यसको विषयवस्तु कुनै एक निर्दिष्ट घटनामा केन्द्रित छैन । अर्थात् इला काव्य एउटै विषय वा घटनाको शृङ्खलामा उनिएर प्रकट भएको छैन । यसमा सर्वसाधारण नेपालीहरूको जीवनको दैनिकी छ । जस्तोः बिहानै भालेको डाकमा उठ्ने, दैलो पोत्ने, पँधेरा जाने, दाउरा घाँस गर्ने, अँगेनु पोत्ने, मेला- पात जाने जस्ता दैनिक कामको उल्लेख गरिएको छ। यसमा नेपालीहरूको गरिबीका कुराहरू चित्रित छन्। समाजमा ठूला ठानिएकाले सानाप्रति गर्ने शोषणका कुरा वर्णित छन् । नेपाल राष्ट्रको विगत र वर्तमानको वर्णन यहाँ छ ।

समाजलाई आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक विविध कोणबाट हेर्ने प्रयास यहाँ गरिएको छ। मान्छेकै अकर्मण्यता र स्वार्थी प्रवृत्तिका कारण नेपाल राष्ट्र प्रत्येक ऐतिहासिक चरणसँगै खिइँदै गएको कुरा देखाइएको छ। प्राकृतिक सुन्दरता हराउनु, वनजङ्गल मासिनु, बाढी-पहिरो जानु, सुख्खाको मात्र बढ्दै जानु, तालतलैया सुक्दै जानु यी सबै मान्छेकै कु-कर्मका कारणबाट भएका हुन्। राष्ट्रमा रोग, भोक, अशिक्षा, रुढि, गरिबी जस्ता प्रतिकूल पक्षहरूको दबदबा बढ्दै गएको कटु यथार्थतालाई यस काव्यमा दर्साइएको छ। उपर्युक्त प्रतिकूल पक्षहरूलाई प्रस्तुत गरेर तिनका बीचमा नयाँ नेपाल अर्थात् भरिपूर्ण वा सर्वगुणसम्पन्न नेपालको परिकल्पना गरिएको छ । माथिका कुराहरूले नै विषयवस्तुका रूपमा 'इला' मा प्रवेश पाएका छन्।

### ३.२.३ पात्र

महाकाव्यको विषयवस्तुलाई गतिदिने मुख्य काम पात्रको रहन्छ। इला काव्यमा पनि मुख्य, सहायक तथा गौण तीनै किसिमका पात्रहरू समावेश छन्। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

#### ३.२.३.१ इलम

इला काव्यलाई गति दिने प्रमुख पात्र इलम हो। फेवातालको नजिकै रहेको एउटा होटलमा होटल मालिक्नीलाई हरतरहले सघाउने भूमिकाबाट काव्यमा उसको उदय हुन्छ। देशदर्शनको यात्रा पनि त्यहीबाट सुरु हुन्छ। इला काव्यभरि इलमको यात्रा संघर्ष र चुनौतिपूर्ण रहन्छ। होटल मालिक्नीसँगबाट उद्यमशील बन्ने प्रेरणा बोकी यात्रामा निस्केको इलमले देशका विभिन्न कुना काप्चासम्म पुग्ने मौका पाउँछ।

धवलागिरिदेखि अति विकट गाउँसम्म पुग्दा उसले त्यहाँको गाउँले जीवनको नजिकबाट अवलोकन गर्ने मौका पायो। गरिबी, अशिक्षा, रुढिवादमा रुमल्लिएका जनतालाई लेख्न- पढ्न र स्वावलम्बी बन्नका निम्ति उत्साहित पार्ने काम उसबाट हुन्छ। देश र समाजको सेवाका खातिर ज्यानको बाजी लगाउन पछि नपर्ने बलीदानी पात्रका रूपमा 'इलम' यस काव्यमा उभिएको छ। जनतालाई सुसूचित गर्ने क्रममा इलमले धेरै ठाउँमा अपमानित हुनु परेको छ। आफू निर्दोष हुँदा हुँदै पनि अरूको हातबाट कुटिनुपरेको छ। जुन कुरा तेह्रौं परिच्छेदमा गाउँ- गाउँका पिछडिएका वर्गलाई चेतनशील र सुसूचित गर्ने क्रममा

उसमाथि भएको अक्रमणबाट प्रष्ट हुन्छ । यति हुँदा - हुँदै पनि ऊ दृढ सङ्कल्पित भई समाज सेवामा लागिरहन्छ । अन्त्यमा देशका लागि योगदान गर्दा-गर्दै आफ्नो जीवन-लीला समाप्त गर्न पुग्छ ।

यसरी हेर्दा 'इलम' अरूलाई उद्यमशील बन्न प्रेरित गर्ने इलमी पात्रका रूपमा काव्यमा प्रस्तुत गरिएको छ । इलमी व्यक्ति भएकै कारणले उसको नाम पनि इलम राखिएको देखिन्छ । कविको मुखपात्रका रूपमा 'इलम' यस काव्यमा प्रस्तुत भएको छ । त्यसैले कविका सम्पूर्ण इच्छा र कार्य इलममार्फत काव्यमा पोखिएका छन् । समग्रमा हेर्दा देशप्रति दृढ सङ्कल्पिक र समर्पित, राष्ट्रप्रेमी, प्रकृतिप्रेमी र परिवर्तनमुखी पात्रका रूपमा इलम यस काव्यमा प्रस्तुत भएको कुरा स्पष्ट हुन आउँछ । काव्यलाई मूर्त्त रूप दिने, प्रमुख भूमिका निर्वाह गर्ने सजीव, मानवीय, मञ्चीय, पुलिङ्ग, अनुकूल र बद्ध पात्रका रूपमा इलमलाई प्रस्तुत गरिएको छ । यो पात्र आफैँमा आकारहीन अर्थात् अमूर्त्त बनेर प्रस्तुत भएको पाइन्छ ।

३.२.३.२ इला

'इला' पात्र र स्वयम् कविकै संस्मरणात्मक माध्यमका रूपमा काव्यमा देखा परेर पनि भविभावकको भूमिकामा रहेकी महत्त्वपूर्ण र प्रमुख पात्रका रूपमा यस काव्यमा प्रस्तुत भएकी छन् । काव्यको शीर्षक नै उनको नामबाट राखिनुले काव्यमा उनको भूमिका थप स्पष्ट हुन्छ । यहाँ 'इला' प्रेरणाकी शक्ति भएर प्रकट भएकी छन् । प्रत्येक परिच्छेदको अन्त्यमा प्रकट भई काव्यलाई गति दिने पात्रका रूपमा उनलाई यहाँ प्रस्तुत गरिएको छ । इलमले काम गर्ने प्रेरणा 'इला' बाट नै लिएको पाइन्छ । 'इला' लाई प्रेरणाको स्रोतका रूपमा लिए पनि उनी यस काव्यभरि अदृश्य रहेकी छन् । काव्य पढ्ने पाठकले इलाको रहस्यात्मक भूमिका नबुभ्दै काव्यको अन्त्य हुन पुग्दछ । त्यसैले यस काव्यलाई एक रहस्यात्मक काव्यका रूपमा लिन सकिन्छ । जसरी एउटा कवि कल्पनाको सागरमा डुबेर कविता रचना गर्दछ त्यसरी नै यस काव्यको पात्र इलमले 'इला' लाई आफ्नी प्रेरणाकी स्रोत, अभिन्न मित्र सम्झी कल्पनामा डुबेर इलाको गुणगान गरेको पाइन्छ । प्रत्येक परिच्छेदको अन्त्यमा इलाले कुनै न कुनै रूपमा राष्ट्रसेवा गरेको पाइन्छ । उनी एक उद्यमी, लगनशील, सहयोगी र परिश्रमी पात्रका रूपमा यस काव्यमा प्रस्तुत भएकी छन् । जुन कुरा तलका पङ्क्तिबाट स्पष्ट हुन्छ ।

बाढको विकराल बेगको कालसँग
कहिले दौडेर, कहिले पौडेर

बाल -बालिका, बृद्ध-बृद्धालाई बचाउँदै रहिछन्

बाछा- बाछी पाठापाठी स्याहार्दै रहिछन्

वनको बारीभित्र ओसार्दै-बसाउँदै रहिछन्

प्रकृतिकी हिम्मति छोरी ! उपकार गर्दै रहिछन् । (पृ.४८)

उपर्युक्त हरफमा इलाले बाढीमा बगिरहेका वृद्ध-वृद्धा, बाल-बालिका, पाठा-पाठी, बाछा-बाछी लाई हिम्मतका साथ उद्धार गर्दै गरेको कुरा उल्लेख छ । यसबाट उनको सहयोगी भावना उजागर हुन्छ । आफ्नो जीउको ख्याल नगरी आपत-विपत्मा परेकालाई उद्धार गर्न उनी तत्पर रहेको स्प्ष्ट हुन आउँछ । काव्यको सुरुवातदेखि अन्त्यसम्म हँसिलो मुद्रामा र यस्तै प्रकारका सामाजिक उद्धारका काममा तल्लीन पात्रका रूपमा इला यस काव्यमा उभिएकी छन् । इलमले जीवनको अन्तिम क्षणमा दिएको सामाजिक दायित्वको जिम्मेवारी स्वीकार गरी देश सेवा गर्ने प्रण गर्नु उनको अर्को विशेषता हो ।

समग्रमा भन्नुपर्दा यस काव्यमा प्रयोग भएकी 'इला' एक उद्यमशील, प्रेरणादायी, काव्यमा प्रमुख भूमिका निर्वाह गर्ने, सजीव, मानवीय, मञ्चीय, अनुकूल, स्त्रीलिङ्ग र मुक्त पात्रका रूपमा देखा परेकी छन् । प्रत्येक परिच्छेदको सुरुवात हुनुभन्दा पहिला इला पात्रको भूमिका र अवस्थाको चित्रण गरिएको पाइन्छ । लेखकले इलालाई ईश्वरीय लाली वा ईश्वरीय न्यानो किरणको प्रतीकका रूपमा हेरेका छन् । इलमको उद्यमशील व्यक्तित्वका पछाडि 'इला' को हात रहेको लेखकको ठम्याइ छ ।

### ३.२.३.३ होटल मालिक्नी

इला काव्यको परिवेशको सुरुवात पोखराको फेवाताल नजिकैको होटलबाट भएको पाइन्छ । त्यही होटलमा काम गर्ने होटल मालिक्नीको प्रेरणाबाट इलमले देशदर्शनको यात्रा तय गरेको हुन्छ । त्यसैले काव्यको कथावस्तुलाई हिँडाउन सहयोग गर्ने सहायक पात्रका रूपमा होटल मालिक्नीलाई यस काव्यमा प्रस्तुत गरिएको देखिन्छ ।

होटल मालिक्नीले व्यापार व्यवसाय गर्नका लागि मात्र वा फाइदाको लागि मात्र होटल गरेकी छैन । बरु खर्चसम्म उठाई गरिब- गुरुवालाई काम सिकाउनका लागि र सेवा पनि पुगोस् भनी होटल सञ्चालन गरेकी छ । त्यसैले उसले आफूलाई एक पथसेविका भन्न रुचाउँछे । आफूले जस्तै अरूले पनि केही न केही इलम गरुन् र बाँच्ने आधार प्राप्त गर्न सकून् भन्ने उसको धारणा रहेको देखिन्छ । तलका पद्यांशमा यी कुरा फेला पार्न सकिन्छ :

म पनि काम ठूलो मानेर
अरूलाई सिकाउन
अरूले देखासिकी गरुन् भनेर
यहाँ गाउँले बुझ्ने काम
कुखुरापालन, सुँगुरपालन
जस्तो काम गरी बसेकी छु ।
होटल पनि व्यापार नाफाको लागि
गरेकी छैन ।
खर्चसम्म उठाएर
गरीब-गुरुवाहरूलाई
काम सिकाउन
सेवा पनि पुगोस् भनेर
पथसेविका बनेर
बसेकी छु ! (पृ.८)

इलमी वा उद्यमी व्यक्तिलाई मन पराउने र जुन व्यक्ति उद्यमी छैन त्यसलाई उद्यमी बन्न प्रेरित गर्ने पात्रका रूपमा होटल मालिक्नी यस काव्यमा प्रस्तुत भएकी छ। उसैको प्रेरणाबाट इलम देशदर्शन र समाजसेवामा तल्लीन हुन पुगेको देखिन्छ। त्यसैले नारी र सत्पात्रका रूपमा उल्लेखित होटल मालिक्नी अनुकूल, सजीव र मानवीय पात्रसमेत हुन्। कविले होटल मालिक्नीलाई सहायक पात्रका रूपमा उभ्याएर काव्यको विषयवस्तुलाई गति दिएका छन्। अरूलाई काम गर्न प्रेरित तथा हौसला प्रदान गर्ने कर्मशील व्यक्तित्वका रूपमा उनको यस काव्यमा भूमिका रहेको छ। काव्यको सुरुवात नै उनकै होटलको परिवेशबाट हुनुले काव्यमाथि उनको भूमिका महत्त्वपूर्ण रहको कुराको थप पुष्टि हुन्छ ।

काव्यको नेपथ्यमा रही काव्यलाई गति प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विभिन्न गौण पात्रहरूको प्रयोग पनि काव्यमा गरिएको छ। काव्यमा मुख्य भूमिकामा नरही गौण भूमिकामा प्रस्तुत भएका मानवीय र मानवेतर पात्रहरूलाई कविले विभिन्न परिवेशमा काव्यमा भित्र्याएका छन्। जसमध्ये गरिब- गुरुवा, बोटे, फेवाताल, डुङ्गा, पँधेर्नी, कुखुराका चल्ला, ताल, हिउँ, हरिया वन- बनौला, खेतबारी, खरबारी, मधेश, निलगिरी, माछापुच्छ्रे, मन्दिर, समुद्र, भेँडीगोठ, झरना, गोठालाहरू, कलम, धवलागिरी, गाई, बाच्छा, मृग, खरायो-

परायो, पंक्षी, डाँफे, मालचरी, चाँचरी, धान, कोदो, फिलङ्गे, झिलुङ्गे, किसान, युवक, बूढा, अधबैंसे, चारकोशे झाडी, कोशी, चतारा, महन्द्रनगर, प्रतापपुर, जोगिनिया, मुल्हनिया, साल, सिसौ, खयर, पदमचाल्ने, काफल, कृष्णसार, झारल, छिचिन्कट्टा, कालिज, बट्टाइ, दुर्गम गाउँ, अशिक्षित व्यक्तिहरू, अड्डाको हाकिम, झोपडी, केटाकेटीहरू इत्यादि अनगन्ती पात्रहरू काव्यमा रहेका छन् । यी पात्रहरूको अभावमा काव्यले गति लिन असम्भव प्रायः भएकाले पनि यिनको काव्यमा महत्त्वपूर्ण भूमिका रहेको कुरा स्पष्ट हुन आउँछ ।

इलमको देश दर्शनको यात्रासँगै एक पछि अर्को हुँदै सिर्जना भएका उपर्युक्त पात्रले काव्यमा गौण भूमिका राख्छन् । समग्रमा हेर्दा कविले इला काव्यमा प्रमुख भूमिकामा रहेको इलम पात्रलाई आफ्नो मुख- पात्रका रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै गरी 'इला' लाई ईश्वरीय लाली वा न्यानो  प्रकाशको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । काव्यको शीर्षक 'इला' पनि प्रमुख नायिका पात्र इलाको नामबाटै राखिएको छ । यस्तै गरी काव्यको बीच-बीचमा विभिन्न पात्रहरूलाई  बिम्ब र प्रतीकका रूपमा उभ्याई काव्यलाई थप रोचक र मिठासयुक्त बनाएका छन् । जस्तै पहिलो पृष्ठमा कविले साँझ बिहान काम गरेर पेट पाल्ने महिलालाई 'उनी' प्रतीक दिई प्रस्तुत गरेका छन् । त्यस्तै पृष्ठ १५२ मा पनि प्रतीकका रूपमा सार्वनामिक शब्द 'तिमी' को प्रयोग गरेका छन् । त्यस्तै गरी पृष्ठ १६४ मा मानवशरीरलाई 'घडी' को बिम्व मार्फत प्रस्ट्याउने काम कविले गरेका छन् । यसरी हेर्दा इला काव्यमा रहेका पात्रहरू विम्ब, प्रतीक, रूपक आदिका रूपमा पनि काव्यमा प्रस्तुत भएका देखिन्छन् ।

### ३.२.४ परिवेश

इला काव्यको परिवेश कुनै एउटा खास क्षेत्रमा सीमित छैन । देशभित्रका विभिन्न सुगम, दुर्गम, अति दुर्गम क्षेत्रदेखि लिएर जोगिनीया, विजयपुर र देश बाहिरका दरभङ्गा जस्ता क्षेत्रका परिवेशको चर्चा पनि काव्यभित्र गरिएको देखिन्छ । विगतको नेपाल र वर्तमानको समग्र नेपालको परिवेशको उद्घाटन कविले यहाँ गरेका छन् । जसमा विगतको नेपालको तुलनामा वर्तमानको नेपाल खिइँदै गएको कटु यथार्थतालाई  काव्यमा प्रस्तुत गरिएको छ । विभिन्न कोणबाट नेपाल र नेपालीको चित्रण यहाँ गरिएको छ । शिक्षा, स्वास्थ्य, प्राकृतिक सम्पदा, इतिहास, पौराणिकता, धार्मिक पहिचान, सांस्कृतिक विविधता, धर्मभूमि, कर्मभूमि, शान्ति, प्रेम र स्नेह दिने स्थलका रूपमा समग्र नेपाललाई यहाँ हेरिएको छ । यसरी हेर्दा यस काव्यमा  कविले नेपाल र नेपालीको नौनारी छाम्ने प्रयास गरेका छन्  ।

कविले नेपालको प्राकृतिक सम्पदा देखि लिएर जमिनको माटोसम्म अतिक्रमण गरी भारत लगिएको कहालीलाग्दो परिवेशको चित्रण यसरी गरेका छन् :

जब बाँध बन्न थाल्यो
रेल आएर
पहाडको कुनासम्मको वनबाट
काठ लैजान थाल्यो ।
मान्छेको आवागमन बढ्यो
जग्गा बनाउन पैसा कमाउन सब लागे
मधेश, भित्री मधेश त के ?
पहाडको आन्द्रा भुँडीभित्रका
वन जङ्गल- जङ्गली जनावर सबै
सर्वनाश पारे- लगे पार गरे- खाए ।
अब केही रहेन
यहाँ सम्म कि ढुङ्गो- माटो सम्म पनि
लगे, खाए, मासे- बगाए । (पृ.४४)

जङ्गलफँडानी, काठतस्करी र त्यसप्रति सरकारको उदासीनताप्रति कविले चोटिलो प्रहार गरेका छन् । यस काव्यको पृष्ठभूमि उनका उपन्यासमा प्रस्तुत भएको 'नेपालवाद'मा आधारित छ । कविले काव्यको सुरुदेखि अन्त्यसम्म इलममार्फत सम्पूर्ण नेपालीलाई आफ्नो मातृभूमि नेपाल आमाप्रति समर्पित हुन आग्रह गरेका छन् । इलमले आफ्नो स्वार्थका लागि कुनै पनि काम नगरेको कुरा विभिन्न परिवेशमा प्रस्तुत गरिएको छ । यस काव्यको तेह्रौँ परिच्छेदमा इलम गाउँ- गाउँमा जनचेतना फैलाउँदै र जनता जगाउँदै गर्दा कथित गुण्डाको हतियारधारी समूह उनीमाथि जाइलाग्छ तर पनि उनी कर्तव्यबाट बिचलित हुँदैनन् । उनी यसबारेको अभिव्यक्ति यसरी प्रकट गर्छन् :

म यहाँ बसेर कसैको भाग
खाइदिने गरेको छैन ।
म त आफूले जानेका कुरा
बताएर, सिकाएर
नेपाल मातृभूमिलाई स्वर्गभन्दा ठूली र उन्नत पार्न
नेपालीलाई अन्याय, शोषण र अज्ञानताबाट मुक्त हुन

न्याय, सुरक्षा र अधिकार प्राप्त गरी
जागरुक र आत्मवलशाली हुने
तौर तरिका सिकाउने
उनीहरूसँग बसेर काम गरेर देखाउने
उद्देश्य लिई हिँड्ने घुमन्ते मात्र हुँ । (पृ. १४४)

इलमको देशदर्शनको यात्राबाट सुरु भएको इला पहाडी क्षेत्रका प्राकृतिक सुन्दरताले भरिपूर्ण दृश्यहरूको वर्णनका साथ सम्पूर्ण नेपालीलाई आत्मनिर्भर बन्न प्रोत्साहित गर्दै नेपाली धर्म, संस्कृति, परम्परा, प्राकृतिक सम्पदा जोगाउनु पर्ने सन्देश दिन सफल रहेको देखिन्छ । त्यस्तै गरी नेपाली न्याय व्यवस्थाको बारेमा वर्णन गर्दै मूर्ति चोरीका घटनाहरू, सोझा-साझा नेपालीलाई ठूला- भनाउँदाले कसरी हेप्छन् भन्ने कुरा समेतको वर्णन यस काव्यमा पाइन्छ । साथै शिक्षा क्षेत्रमा हुने गरेको शोषण, कर्मचारीतन्त्रको बारेमा वर्णन पनि यहाँ गरिएको पाइन्छ । कविले आफ्नो मुखपात्र इलमलाई चिदीचौरमा कवि सम्मेलन गर्न पुऱ्याइएको प्रसङ्गले काव्यमा कता-कता आञ्चलिकताको झझल्को दिन्छ । अन्यथा काव्यको कथावस्तु राष्ट्रका सम्पूर्ण भागमा छरिन पुगको पाइन्छ ।

स्तरीय काव्यका लागि कथा, पात्र र परिवेशको सन्तुलन आवश्यक हुन्छ । जुन कुरा इला काव्यमा पाइन्छ । १५ परिच्छेद र १९३ पृष्ठमा संरचित यस काव्यमा पुरुष र स्त्री दुवै पात्रको प्रयोग गरी देशको समग्र स्थितिका बारेमा व्याख्या गरिएको छ । त्यस सन्दर्भमा देशको प्राकृतिक, साँस्कृतिक, धार्मिक, प्रशासनिक, न्यायिक आदि अवस्थाको उद्घाटन तथा ती क्षेत्रमा भएका कमी- कमजोरी औँल्याई सुधारका उपायसमेत बताइदिएका छन् । काव्यको परिवेश कुनै खास क्षेत्रको नभएको कुरा कवि सूब सेनकै भनाइ उद्धृत गर्दै पुष्टि गर्नु सान्दर्भिक देखिन्छ -

इला खास ठाउँ, खास क्षेत्रको परिधिभित्र सीमित नभई नेपाल आमा- सगरमाथा शीर,पहाड, लेक, शरीर, बेसी, मधेश, फाँट-आशन, आमाको सुन्दरतम अङ्गहरूलाई अनि नेपाल आमाका छोरा- छोरी जहाँ रहे पनि जे जस्ता रङ्ग-ढङ्गका भए पनि सबैलाई एउटै काव्यरूपी मालामा उनेर विभिन्न स्थान, समय र पात्रमा उभाएर रचना भएको इला नौलो रूप लिएर आएको छ ।

'इला ईश्वरीय लाली- इलमकी जाँगर, प्रेरक शक्ति- नारायणी ! तर कहीँ भरि-भराऊ, कहीँ परी परी, कहीँ मरी मरी- यस्तै विचित्र चित्रको सँगालो वा समाजको प्रतिउत्तर रहेको छ इला' (पृ.ग)

३.२.५ भावविधान

प्रस्तुत काव्य 'इला' को समग्रताको अध्ययन गर्दा त्यहाँ उत्साह र परिवर्तनकारी चाहनालाई मूल भावका रूपमा प्रस्तुत गरिएको पाइन्छ। त्यसै क्रममा यस काव्यमा कतै वीरता, कतै करुणा त कतै शान्तिको भाव पाउन सकिन्छ। काव्यको सुरुमा प्रकृतिको काखमा अवस्थित फेवातालको नजिकैको होटलको सुनसान वातावरणको चित्रण कवि हृदयले यसरी गर्नु पुग्छ :

फेवातालको पुछारमा
बैदामको पुछारमा
पुछारको होटेलमा
दलानको पुछारमा
आधारातसम्म जुठाभाँडा माझी
एक पेट खाएर सुतेका उठेनन्। (पृ.१)

नेपालको प्राकृतिक सुन्दरताको वर्णन गर्ने क्रममा कविले कतै - कतै बिम्बको समेत प्रयोग गरेका छन्। जुन कुरा तलका पङ्क्तिमा व्यक्तिएका छन् :

उनी जस्तै गम्भीर
उनी जस्तै निर्मल
उनी जस्तै विशाल छाती भएको
फेवातालमा हिँडे
दुईतिरबाट दुईजना
बोटेले ख्याए। (पृ.१०)

प्राकृतिक मनोरम दृश्यलाई वर्णन गर्ने क्रममा प्रस्तुत काव्यका कवि प्रतीकहरूको प्रयोग गर्न समेत पछि परेका छैनन्। विहानीको घामको रातो किरणलाई सिन्दुरसँग दाँजेर प्रस्तुत गरेका छन्। त्यसैले यहाँ प्रकृति र मानव जीवनको तादात्म्य भाव प्रकट भएको देखिन्छ :

बिहानीका घामको प्रकाशले
सिंचेर सफेद घुम्टोमाथि
सफेद फेटामाथि
रातो सिन्दुर ओढेका
हिमाली पानीमुनि

हल्लिँदै गरेको देखे ।

सलल्ल सल्ल बहने

पानीमा हल्करी हल्लिने

हिमाली छायाँ पानीमा

पानी हिमाली छायाँमा

वरिपरि तलमाथि

हरिया परिया बन बनौला

खेतबारी पाखा पखेरा

घरबारी  खरबारी

सबैलाई प्रतिबिम्बमा खिचेर

सबैलाई प्रीतबिम्बमा सिंचेर

पेटभित्र पारेर विशालिएको

तालमाथि तर्दै

पल्लो किनारमा पुगे ! (पृ.१०- ११)

देशदर्शनमा निस्केका इलमले विभिन्न ठाउँको अवलोकन र भ्रमण गर्ने अवसर प्राप्त गरेको पाइन्छ। उनी त्यहाँको रहन -सहन, खान्की, र स्थानीय वातावरणमा घुलमिल हुन पुग्छन् र रमाउन थाल्छन्। घान्द्रुकमा पुगी त्यहाँकै बासिन्दासँग खानपिन गर्दाको आनन्द र खुसीको अनुभवलाई कविले मुखपात्र इलमका माध्यमबाट व्यक्त गरेको पाइन्छ :

हरिया पातमा कोदाको ढिँडो पस्के

हलहलेको साग भागमै राखे

मिठा- मिठा कुराकानी गर्दै

बूढीऔँला, चोर औँला र माझी औंलाले

चुँडाल्दै डल्लो निकाल्दै सागमा बेरेर

ढिँडो खाए उनले उनीहरूसँगै । (पृ.१७)

काव्यको तेस्रो परिच्छेदमा कविले पहिलाको प्राकृतिक सम्पदाले नेपाललाई धनी बनाएको तर त्यसको सत्यनाश हुँदा नेपाल उजाडिएको कुरा उल्लेख गरेका छन्। प्राकृतिक सम्पदाको संरक्षण हुँदा वातावरण र हावापानी शुद्ध भएको तर ती सम्पूर्ण कुरा सखाप हुँदा कवि चिन्तित देखिन्छन्। जुन कुरा तलका पङ्क्तिले प्रष्ट पार्छन् :

नेपाल हाम्रो मातृभूमि

प्राकृतिक वनले ढाकिएको थियो

श्रीखण्ड, साल, सत्तिसाल विजयसाल ...

अङ्ग्रेजी फ्रान्सेली विद्वानहरूले

ती प्राकृतिक सम्पदाको बखान गरी

लेखेका थिए -

“नेपालको वन, जङ्गली जनावर पशुपंक्षी

सकिने छैन युग युगसम्म खपिराख्ने छ ।”

यिनै गहनाले हाम्रो मातृभूमि नेपाल

सुशोभित थिइन् ।

हावापानी वातावरण शुद्ध थियो ।

तर आज

सब सखाप  छ । (पृ. ३१-३३)

हरेक वर्ष कोसीले नेपालको भूमाग, गाईवस्तु, बगाउने समस्यालाई कविले हेर्न सक्दैनन् । उनको मुटु चिरिन्छ । यी कुराहरूलाई तलका पङ्क्तिमार्फत् व्यक्त गरिएको छः

कोशीको  तीरमा उभिएर

हज्जारौं गाई, गोरु बाछाबाछी

बाढीले बगाएर लाँदा

घुमाउँदै हुत्याउँदै फन्काउँदै

निमोठ्दै लाँदा

मेरो मुटु कतिपटक चिरिएको छ

कतिपटक रोएको छ ।

सम्भिँदा यो मुटु अभै चिर्रिरहन्छ ! चिरिन्छ !

दिनभर टन्टलापुर घाममा पसिना चुहाउँदै काम गरी साँभ घाँसको भारी बोकी घर फर्किएका परिश्रमी कृषकले पूरा पेट खान नपाउने यथार्थतालाई कविले पाँचौ परिच्छेदमा प्रस्तुत गरेका छन् । दिनभर मेलापात गरी फर्किएका किसानले २,३ कोश टाढा पुगी रातको केही समय २,४ अक्षर सिक्नमा बिताउने गरेको साहसी किसानका कथा- व्यथालाई कविले काव्यमा यसरी व्यक्त गरेका छन् :

तलदेखि माथिसम्मै

ढुङ्गा, पहरा, ओढारले

पत्र-पत्र परेको भीर

भीरभित्र पान-सात पान-सात

घरको गाउँ ।

लोटी मर्ने भीरमा

बाँवरी खेल्दै

भुइँ घाँस घुर्रो काटेर

बडेमानको भारी बोकेर ...

धिपी-धिपी परेर

धुवाँभित्र बलेको आँगोमा

फ्यात-फ्यात आवाज निकाल्दै

पकाएको कोदाको पातलो खोले

तीन-चार, तीन-चार  डाडु खाए

घरका जहान् कविलाका साथमा

द्यालाको राँको बालेर, एक-दुई, एक-दुई गरी

दुई तीन कोश टाढाबाट

गाउँलेहरू आए पढ्न भनेर । (पृ.५१)

छैठौँ परिच्छेदमा आफूले न्याय नपाएको कुराको गुनासो गर्ने एक वृद्धाले इलमसँग आफूलाई नयाँ हाकिमकहाँ पुऱ्याइदिन आग्रह गर्छिन् । नयाँ हाकिमले सबैलाई न्याय गर्छन् रे भन्ने सुनी अदालतमा पुगेकी पीडित वृद्धाको कारुणिक व्यथा यहाँ उल्लेख गर्नु आवश्यक देखिन्छ :

बूढा हाकिमकहाँ पुऱ्याइदेऊ बाबू

अहिलेका बूढा हाकिम राम्रा छन् रे

राँडी फुँडी गरिबका कुरा सुन्छन् रे ! (पृ.६२)

माथिका पङ्क्तिले तत्कालीन अवस्थाको नेपाली न्याय व्यवस्थाको स्थितिको चित्रण गर्दछ ।

इला काव्यले नेपाली धर्म- संस्कृतिको रक्षामा जोड दिएको पाइन्छ । सातौँ परिच्छेदमा शिवरात्रीको प्रसङ्ग कोट्याउँदै नेपाली श्रद्धालु भक्तजनहरू कसरी आफूलाई परमेश्वरमा

सुम्पन्छन् र कसरी ईश्वरप्रति भक्तिभाव प्रकट गर्छन् भन्ने कुरा निम्न पङ्क्तिमार्फत व्यक्त गरेको पाइन्छ :

धार्मिक भावनाले मुग्ध भएका
अझै त्यहाँको वातावरणले
आफूलाई बिर्सी
उनै परमात्मा परमेश्वरमा
आफूलाई सुम्पिएका यात्रीहरू
जागै रहे बत्ती बालेर
आगो बालेर (पृ.७७-७८)

हामीले चाह्यौं भने जुनसुकैं काम पनि गर्न सक्छौं। असम्भव भन्ने कुरा केही पनि हुँदैन। त्यसैले हरेक नेपालीले त्यसका लागि आफ्नो क्षेत्रबाट प्रयास जारी राख्नुपर्छ भन्ने सन्देश कविले दिएका छन्। सम्पूर्ण नेपाली स्वावलम्बी बन्नु पर्ने कुरामा कविको जोड छ। श्रमिकले गाउँमै रोजागरी पाउनुपर्ने, उद्यमशील बन्नुपर्ने परिवर्तनकारी सोँच कविको रहेको देखिन्छ। तलका पङ्क्तिबाट यी कुरा थप प्रष्ट हुन्छ :

हामीले चाहे आकाशमा पुल हाल्न सक्छौं।
हामीले चाहे आकाशमा फूल फुलाउन सक्छौं
हामीले चाहे सगरमाथालाई मैदानमा झार्न सक्छौं
हामीले गरे सगरमाथालाई
आकाशमा जाने भऱ्याङ बनाउन सक्छौं। (पृ.९०)

× × ×

इच्छा - शक्तिमा सगरमाथा कुर्ल्हिन्छ
इच्छा शक्तिमा संसारको शक्ति वैरिन्छ।
केही गरौं उच नीचलाई सम्म पारी
मैदानै मैदानमा खेती गारौं
ठूलो किसानले कृषि उद्योग खोलौं
पशुपालन वन, काठ जडीबुटी
आदि - आदि धेरै थरिका उद्योग खोलौं
श्रमिकलाई गाउँ - गाउँमै कामको अवसर दिऊँ। (पृ.९१)

त्यस्तै गरी नवौँ, दसौँ र एघारौँ परिच्छेदमा गाउँका सोझा र गरिब जनतालाई कथित ठूला भनाउँदाले कसरी हेप्छन् भन्ने कुरा दसौँ परिच्छेदमा दिएको एउटा कारुणिक उदाहरणले प्रष्ट पारेको देखिन्छ। जहाँ भर्खर विवाह गरेर आउँदै गरेका नवदम्पतीलाई छुट्टाएर दुलहीलाई केही दिन आफूकहाँ राख्नुपर्ने सामन्तीहरूको नियम रहेको र दुलहीले बस्न नमान्दा अन्त्यमा दुलहीका स्तन काटी पठाएको घटना निकै दर्दनाक रहेको छ। जुन कुरा तलका पङ्क्तिले स्पष्ट पार्छन् :

एक दिन एकजनाले
विवाह गरेर नयाँ दुलही ल्याएछ
बरियाँत त्यही गाउँको बाटो गरी आएछ ...
त्यति गर्दा पनि दुलहीले नमानेपछि
उसलाई पक्री घिसार्दै
उसका अगाडि पुराएपछि
उसको छाति खोलेर
ऊ आफैँले
दुबै दूध काटेर
छाडिदिएछ।

त्यसैगरी बाह्रौँ परिच्छेदमा कविले कर्मचारीतन्त्रको कुरा उठाएका छन्। यहाँ कविले नेपालमा सच्चा र इमानदार कर्मचारी नभएको, भएकालाई सरकारले नचिनेको तथा उचित सम्मान नगरेकोमा चिन्ता व्यक्त गरेका छन्।

तेह्रौँ परिच्छेदमा गाउँ- गाउँमा जनता जगाउँदै गर्दा गुन्डा र हतियारधारीले इलमलाई घाइते तुल्याउँछन्। घाइते इलम कत्ति पनि विचलित नभई आफ्नो मार्गमा लागिरहन्छन्। उनी देश र जनताको हितमा काम गर्दा- गर्दै अपमानित हुनुपरेकोमा चिन्तित देखिन्छन्।

चौधौँ परिच्छेदमा ऋषिहरूको तपोभूमि गुल्मीमा अवस्थित रेसुङ्गाको चिदीचौरमा पुऱ्याइएका इलमको पन्ध्रौँ परिच्छेदमा गुन्डाहरूको पिटाइबाट दुःखान्तपूर्ण निधन हुन पुग्दछ।

यसरी देश र जनताका लागि केही गरौँ भन्ने भावना लिई अघि बढ्ने व्यक्तिले बिना कुनै दोष अकालमा आफ्नो ज्यान गुमाउनु परेको तीतो यथार्थलाई उक्त काव्यमा प्रस्तुत गरिएको पाइन्छ। जस्तोसुकै परिस्थितिमा पनि आफ्नो मार्गमा दृढ रहने वीर, साहसी पुरुष

पात्रका रूपमा इलमलाई उभ्याइएको छ। वीर रसले काव्यमा उत्साहको भाव पैदा गराएको छ भने करुण रसले सहानुभूतिको भाव उत्पन्न गराएको छ।

### ३.२.६ लय विधान

कवितालाई अन्य विधाबाट छुट्टाउने प्रमुख तŒव वा माध्यम नै लय हो। तर वि.सं. २०१७ पछि साहित्यमा प्रयोगवादी धाराले ठाउँ पाएपछि त्यसपछिका कविता लयात्मक भन्दा गद्यात्मक नै बढी लेखिएको पाइन्छ। गोपाल प्रसाद रिमाललाई  हामी गद्य काव्यको सुरुवात गर्ने कवि भनेर चिन्छौँ। छन्द वा लयमा कवितालाई काटछाँट गरी लेख्दा आफूले भन्न खोजेको कुरा स्पष्ट  नहुन सक्छ। त्यसैले गद्य शैलीमा काव्य सिर्जना गर्नु धेरैको रुचि हुनसक्छ। साहित्यकार सूब सेन पनि यस्तै खालका व्यक्तित्व हुन्। उनको यस इला काव्य पनि मुक्त लयमै लेखिएको छ। यसमा कवितात्मकता कम पाइन्छ। कतै कतै वर्णानुप्रास र अन्त्यानुप्रासयुक्त पङ्क्ति भए तापनि काव्यको अधिकांश भाग मुक्त लयमा संरचित रहेको पाइन्छ। यति भएर पनि यसमा श्रुतिमधुरता पाइन्छ। अन्त्यानुप्रास भएका केही हरफहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

रङ्गीचङ्गी फूलहरू नानाथरी
साँच्ची बसन्त ऋतु आफैँ झरी
आफैँ फूल भई जगमगाई बेसरी
प्राकृतिक प्रवृत्तिमा प्रकृति ओर्लिइन्
प्रकृति आफैँ फुलेर महिमा गाइन्
चिर्बिर चरीको भाकामा मुग्ध पार्ने गरी
गुन्जायमान भयो वातावरण बेसरी।
सगरमाथा पनि बस्यो यही हेर्न भनी
पोखरीमा छायाँ पर्दा पानी पनि भयो रमणी,
पानीभित्र सलबलाउने सगरमाथा
काखबाट झर्ने हिमनदी यताउता। (पृ.९०)

माथिका हरफमा थरी, झरी, गरी, सरी जस्ता अन्त्यानुप्रासको योजना मिलाइएको पाइन्छ। यस्ता योजनाहरू इला काव्यका धेरै ठाउँमा मिलाइएको देखिन्छ।

समग्रमा हेर्दा आधुनिक कालमा महाकाव्यले प्रयोगधर्मी परम्परालाई अँगालेको अवस्था रहनु, इला काव्यको रचना २०४५ सालमा हुनु साथै साहित्यकार सेन गद्यविधाप्रेमी हुनुले उनको यो इला मुक्त लयमा रचना हुनुलाई अस्वाभाविक मान्न मिल्दैन । मुक्त लयमा रचना भएर पनि यसले पद्यात्मक काव्यले जस्तै स्तरीयता प्राप्त गर्न सफल भएको देखिन्छ । यसको श्रेय कवि सूब सेनलाई नै जान्छ ।

### ३.२.७ भाषा-शैली

इला काव्यमा कवि सूबले स्थानीय भाषिकालाई स्थान दिएका छन् । उनका अन्य कृतिहरूमा देखिने परिपक्व भाषा यस काव्यमा पनि देख्न सकिन्छ । काव्यको कथावस्तु सरल र स्वाभाविक रूपमा अघि बढेको पाइन्छ । यस काव्यमा प्रयोग भएका प्रत्येक अक्षर र शब्दसँग नेपाली माया गाँसिएको छ । कुनै खास क्षेत्रको पहिचान दिने प्रमुख माध्यम त्यस क्षेत्रको भाषा हुन आउँछ । यसै क्रममा कविले घान्द्रुकमा पुग्दा त्यहाँका बासिन्दाले बोल्ने भाषालाई जस्ताको तस्तै काव्यमा उतारेका छन् । जुनकुरा तलका पङ्क्तिबाट स्पष्ट पार्न सकिन्छ । 'इलम' पात्रले तपाईंहरूले जे खानुहुन्छ म पनि त्यही खान्छु । म पनि तपाईंहरूजस्तै हुँ भन्ने क्रममा घान्द्रुकबासीले यसरी जवाफ दिन्छन् :

टेस्टो कसरी होला टो
टपाइ भोटो सुर्वाल लगाएको छ
सडरको मान्छे जस्तो छ
हामीटा जंगली गाधो पार्छ
भेराको पुछर पछि पछि घुम्छ
बुढ्‌ढी छैन
परेको छैन । (पृ.१६)

नेपालका यस्ता ठाउँ धेरै छन् जहाँका मानिसहरू शुद्ध त्यहीको भाषा मात्रै बोल्छन् । त्यस्ता व्यक्तिहरूलाई विमातृभाषी पनि भन्ने गरिन्छ । त्यस्ता विमातृभाषीले बोल्ने धेरै जसो शब्दहरूको अर्थ नेपाली भाषामा छुट्टै हुन्छ । माथिका पङ्क्तिमा प्रयोग भएको 'टेस्टो' शब्दको नेपाली शब्द 'त्यस्तो' हुन आउँछ :

त्यस्तै टपाई भनेको तपाइँ
भोटो सुर्वाल - दौरा सुरुवाल

सडरको - सदरको

हामीटा - हामी ता

गाधो पार्छ - गाह्रो पर्छ

भेंरा - भेंडा

बुढ्ढी - बुद्धि

परेको - पढेको

त्यसैगरी माथिका वाक्यमा कर्ताअनुसारका क्रियापदको पनि प्रयोग भएको पाइँदैन। अर्थात् वाक्यमा पदसङ्गति मिलेको छैन। टपाइँ भोटो सुर्वाल लगाएको छ भन्ने वाक्य व्याकरणिक हिसाबले हेर्दा अशुद्ध ठहर्दछ। त्यस्तै भेंराको पछि- पछि घुम्छ' भन्ने वाक्य पनि बहुवचनको कर्ता र एकवचन क्रियापद शब्दको प्रयोगले अशुद्ध ठहर्दछ तर घान्द्रुक ठाउँ विशेषका लागि त्यही वाक्य शुद्ध ठहर्छ। यसरी कवि सेनले स्थानीय भाषाशैलीलाई जीवित राख्दै काव्यको सिर्जना गरेका छन्।

त्यस्तै गरी पश्चिम नेपालका गुल्मी, अर्घाखाँची लगायतका केही जिल्लामा बोलिने स्थानीय भाषिकाको प्रयोग समेत कविले यस काव्यमा गरेका छन् :

जस्तैः बहुता- पातबाट बनाइने सानो खालको टपरी

दयाला- सल्लाको दियालो

गइम - गयौँ

भत्कुला - तरुलका ठुन्का

कड्कुरो - दाउरा चिनेर राख्ने घर

यस काव्यमा प्रयोग भएका केही हरफहरूमा कवितात्मकता अत्यन्त कम पाइन्छ। कुनै कुनै हरफहरू पढ्दा पाठकले आफूले कविता वाचन गरेको नै महसुस गर्दैन। उसलाई प्रतिवेदन पढेजस्तो लाग्छ। फलस्वरूप जस्तोसुकै पाठकले पनि उनका कविता अर्थपूर्ण तरिकाले वाचन गर्न सक्दछ। जसको केही झलक तलको पङ्क्तिबाट पाउन सकिन्छ :

राष्ट्रका लागि- हामी धेरै अघि बढिसकेका छौँ

उनको प्रतिवेदनपछि

सम्मेलनको औपचारिक छलफल भयो

जनसमूहबाट पनि सुझाव लिएर

निष्कर्षमा पुग्ने काम भयो।

सभा अध्यक्षको आशनबाट,

इलमले सम्बोधन गरे

दाज्यु भाइ, दीदी बहिनीहरू

आज रमणीय स्थल- देवघाट

पवित्र तीर्थ स्थलमा

राष्ट्रको लागि पवित्र उद्देश्य लिएर

हाम्रो सम्मेलन सम्पन्न हुन गइरहेको छ । (पृ.१४८)

माथिका पङ्क्तिहरू पढ्दा पाठकले कविताभन्दा कुनै वादविवाद पढेजस्तो महसुस गर्छ । यसकै आधारमा पनि इला काव्यमा कवितात्मकता न्यून भएको कुरा स्पष्ट हुन्छ ।

कवि सूब सेनले इला काव्यको भाषाशैलीका सम्बन्धमा प्रष्ट पार्दै अघि भनेका छन् - "यसमा प्रयोग भएका झर्रा शब्दहरूलाई नौलो मानी भाषिका नाम दिने, नबुझिने शब्दको प्रयोग भन्ने अवस्था पनि आउन सक्ला । नेपाली झर्रा शब्दको चयन नै भाषाको उन्नति र भरिलो भण्डार हो भन्ने मेरो धारणा छ । गाउँ- गाउँ, खोला- टोला, पाखा- पखेरा, मधेश- भित्री मधेश, कुना- काप्चा सबै ठाउँमा बोलिने झर्रा भाषा चोखो नेपाली जातिको पहिचान हो भन्ने मलाई लाग्छ । दुई- चारवटा नेपाली ओठमा झुण्डिरहेका अङ्ग्रेजी शब्द पनि परेका छन् । यसमा प्रचलन नै भाषा रहेछ भन्ने लाग्छ ।" (पृ.घ)

यसरी सेनले कुनै पनि ठाउँमा प्रचलनमा रहेको बोलीको लवजलाई नै भाषाको रूपमा स्वीकार गरेका छन् । समग्रमा भन्नुपर्दा सरल, सहज र झर्रा नेपाली शब्दको प्रयोग गरी काव्य निर्माण भएको छ । नेपाली भाषामा प्रचलित विभिन्न उखान- टुक्काको प्रयोगले काव्यमा थप मिठास थपेको पाइन्छ ।

*अध्याय - चार*

# प्रवृत्तिगत आधारमा ‘इला’ काव्यको विश्लेषण

कुनै पनि रचनाकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना विचार तथा दृष्टिकोणहरू प्रस्तुत गरेको हुन्छ। आफू स्वयम् उपस्थित भएर वा कुनै पात्रमार्फत आफ्ना विचार कृतिमा अभिव्यक्त गरेको पाइन्छ। आफू नै पात्र भई विचार प्रकट गरेमा त्यसमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको मानिन्छ भने लेखकले अन्य पात्रमार्फत आफ्ना विचार राखेमा त्यहाँ द्वितीय वा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको मानिन्छ। प्रस्तुत काव्य ‘इला’ मा कवि सेनले ‘इलम’लाई मुखपात्रका रूपमा उभ्याई उसका माध्यमबाट आफ्ना विचार प्रकट गरेका छन्। जसमा विगत र वर्तमानको नेपालको बारेमा चित्रण गर्ने प्रयास गरिएको छ। हरेक दृष्टिकोणबाट नेपाल र नेपालीलाई हेर्ने प्रयास गरिएको छ। प्रस्तुत काव्यमा पाइने मुख्य - मुख्य प्रवृत्तिहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

## ४.१ सामाजिकता

इला सामाजिक जन- जीवन, रीति- रिवाज, धर्म - संस्कृतिलाई मूल आधार बनाएर रचना गरिएको काव्य हो। यो काव्यमा नेपालको कुनै एक खास समाजको चित्रण छैन। न त कुनै निश्चित भौगोलिक क्षेत्रको नै। काव्यकारको उद्देश्य समग्र नेपाली समाजको वस्तुस्थितिको उद्घाटन गर्नु रहेकाले यसमा सिङ्गो नेपाल प्रतिबिम्बित भएको पाइन्छ। यहाँ मूलतः विपन्न वर्गका व्यक्तिहरू बाँचेको समाजको चित्रण छ। त्यस्तो समाज नेपालको सबै स्थानमा रहेको औंल्याइएको छ। हिजोको वैभव समाप्त हुँदै गएकाले वर्तमान परिस्थितिमा नेपाल कृषकाय बन्न पुगेको बताइएको छ। विशेष तः आर्थिक, शैक्षिक, जनजागरण आदि हरेक दृष्टिले शुष्कप्रायः बन्न पुगेको नेपाली समाज र त्यहाँका रोग, भोक र गरिबीले पिल्सिएका नेपाली जनताको यथार्थ अवस्था यस काव्यमा उद्घाटित छ। समाजका ठूला भनाउँदाले निम्नवर्ग वा गरिबमाथि गर्ने व्यवहार अमानवीय भएकामा सेनले दुःख व्यक्त गरेका छन्।

नेपालका अति विकट ठाउँको भ्रमणका क्रममा कविले अतिनिम्नस्तरको जीवनयापन गर्न बाध्य त्यहाँका जनताको अत्यन्त दयनीय अवस्थाको चित्रण गरेका छन् । विपन्न वर्गका व्यक्तिहरू बाँचेको समाजको चित्रण गर्ने क्रममा वातावरणीय सरसफाईबाट अनभिज्ञ र बासी तथा झिँगा भन्केको खाना खान बाध्य विकट नेपाली समाजको चित्रण यसरी गरिएको छ :

तपाइँहरू यही कुवाको पानी खानुहुन्छ, फेकन दाइ ?
हो यही कुवाको खान्छौँ ।
बताउँदै आफ्ना घर लगे
पेटीमा बसाले
त्यहाँ उनले हेरे
छपक्कै माखा
कालै भएर भात ढाकेका
केटाकेटीका हातसँगै
हातैलाई कालै पारेर
भातमा, मुखमा गरेको देखेँ ।
एउटा भुस्याहा कुकुर पनि ...
सधैँ त्यही त हो बासी भात माखा लाग्छन् ।
उनले सजिलैसँग जवाफ दिए । (पृ. ९९)

उपर्युक्त पङ्क्तिहरूले गाउँमा जनचेतनाको कमी भएको कुरा प्रष्ट पार्दछन् । सफा-सुग्घर रहँदा के फाइदा हुन्छ र नहुँदा के घाटा लाग्दछ भन्ने कुरा थाहा नहुँदा नै मानिसले माथिका कुरा गर्न बाध्य हुन्छ ।

वर्षामा घरमा चिसो पस्नाले बालबच्चा सुनिन्छन् । जाडोमा लुगाफाटा नहुँदा परालमा सर्प गुडिुल्किए झैँ गुडुल्किन्छन्, सन्तान जतिसुकै भए पनि ईश्वरले दिएका वरदान मान्ने उनीहरूका सबै सन्तान बाँच्दैनन् । यस्तै पीर-व्यथालाई उक्त काव्यमा प्रस्तुत गरिएको छ । जसको केही अंश यहाँ दिइएको छ :

लुगाफाटा केही छैन
अलिकति पराल फिँजाएर
सर्प गुडुल्किए झैँ
सबै परिवार गुडुल्किन्छौँ

एकै ठाउँमा। ...

औषधीमूलो केही गर्न सकिन्न। (पृ.१०१)

एकातिर वाक- स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताका दृष्टिले नेपाली समाज पछि परेको छ भने अर्कातिर ठूला-ठालु भनाउँदाले रुढिवादी स्वाङ रच्दै आफूले बनाएका अनैतिक नियमहरू सर्वसाधारणमाथि थोपरेका छन्। यति सम्म कि समाजका सामन्तीहरूले भरखर विवाह गरी फर्कँदै गरेका बरियाँत- सहितका नव दम्पतीमध्ये दुलहीलाई पहिलो रात आफूकहाँ बिताउनुपर्ने दबाव दिएको कुरा उल्लेख गरिएको छ। दुलहीले नमानेपछि उसका दुबै स्तन काटिदिएका छन्। यस किसिमको दर्दनाक घटनाले सम्पूर्ण नेपालीको मन विह्वल हुन्छ। त्यसैले कविले यस्ता अमानवीय र रुढिवादी परम्परालाई तोड्दै नयाँ चिन्तन, विचार र सुझबुझका साथ अघि बढ्नुपर्ने कुरामा जोड दिएका छन्। उनले अरूलाई दुःख दिएर आफ्नो स्वार्थ पूरा गर्न खोज्ने कथित चरित्रहरूको भण्डाफोर गरेका छन्। राम्रो र निस्वार्थ सेवा गर्ने व्यक्तिलाई तत्कालीन समाजका ठूला भनाउँदा सामन्ती वर्गले मन नपराउने कुरा पनि यस काव्यमा उल्लेख गरिएको छ। त्यही कारणले नै इलमको दुःखद निधन भई काव्य वियोगान्तमा टुङ्गिएको छ।

उपर्युक्त आधारबाट हेर्दा कविले यस काव्यमा इलमलाई आफ्नो मुखपात्रका रूपमा उभ्याई समाजमा रहेका विविध चरित्रका व्यक्तिहरूका प्रवृत्तिहरूलाई उदाङ्गो पार्ने काम गरेका छन्। ठूला- भनाउँदाहरूबाट प्रगतिशीलताका नाममा रन्डीबाजी गर्ने, जाँड-रक्सी खाने र गुन्डाहरू लगाउने काम भएको कुरा प्रष्ट पारिएको छ। यसरी हेर्दा तत्कालीन समाजको मानवीय पीडा यस काव्यमा उल्लेख छ। कहीँ भरि- भराऊ, कहीँ मरी- मरी काम गर्दा पनि भोकै पेट सुत्नुपर्ने विचित्र चित्रको सँगालोका रूपमा इला काव्य उभिन सफल भएको छ। त्यसैले शिक्षित र अशिक्षित, धनी र गरिब, हुने खाने र हुँदा खानेजस्ता असमान वर्गीय परिस्थितिलाई काव्यमा सफल रूपमा चित्रण गरिएको पाइन्छ।

## ४.२ प्राकृतिक सौन्दर्यको उद्घाटन

मानिस सामाजिक प्राणी हो। प्राकृतिक परिवेशसँग केही क्षण हराउन पाउँदा उसले आफूलाई तत्क्षणका लागि भए पनि दुःखमुक्त भएको पाउँछ। यस तथ्यलाई बुझेका सूब सेनले प्रस्तुत काव्यभित्र यथास्थान प्राकृतिक सौन्दर्यको उद्घाटन गरेका छन्। प्राकृतिक परिवेशको चित्रणका साथ त्यस स्थानको सौन्दर्य उद्घाटन गर्ने क्रममा प्राकृतिक सुन्दरताकी

धनी पोखरा-नगरीको नजिकैको फेवातालाई पनि कविले एक महत्त्वपूर्ण स्थलका रूपमा राखेका छन् । बिहानको घामको झुल्कासँगै देखिने प्रकृतिको स्वरूपलाई कविले सुन्दरी परीको संज्ञा दिएका छन् । यही दृश्यको वर्णन गर्ने क्रममा कवि भन्छन्:

हरिया परिया वनमाथि
खेतबारी घरबस्तीमाथि
कालो पत्थरमाथि
सेतो हिउँमाथि
बिहानी प्रकाशको सिन्दुरले
सुशोभित अतिसुन्दरी परी झैँ
माछापुछ्रे देखेँ । ...
तिमी जीवित रहे है
सधैँ सधैँ
उनको मुटुमा भक्कानो पऱ्यो
गद्गदिएर आत्मा विभोर भए । (पृ.११-१३)

यसरी प्राकृतिक सौन्दर्यलाई देख्दा भाव- विभोर हुने र सधैँभरि प्रकृतिलाई सदावहार देख्न चाहने कविको चाहना माथिका हरफले बताउँछन् । मानिसलाई गरगहनाले शोभा बढाए झैँ देशको शोभा भनेकै प्राकृतिक सौन्दर्य हो भन्ने कविको धारणा रहेको छ । फेवातालको पुछारदेखि घान्द्रुकका विभिन्न ठाउँको चित्रण, धवलागिरी, निलगिरीजस्ता हिमालहरूको वर्णन तथा विभिन्न वन्यजन्तु एवम् चराचुरुङ्गीहरूको वर्णनले काव्यको शोभा झन् बढाएको छ । वास्तवमा जुन ठाउँमा गयो, त्यही ठाउँको वास्तविक रहन- सहन र प्राकृतिक अवस्थाको चित्रण गर्न सेन पछि परेका देखिँदैनन् ।

## ४.३ आध्यात्मिकता

भौतिक जीवनबाट विचलित र दिक्क भएपछि मानिस आध्यात्मिकतातर्फ लाग्दछ । इला काव्यमा कवि सेनले आध्यात्मिकतालाई पनि स्थान दिएका छन् । बाह्य जीवनमा हुने रोग, भोक, गरिबी, अशिक्षाजस्ता तत्त्वबाट मुक्ति पाउनका लागि मानिस भित्री वा आन्तरिक जीवनको रहस्यतर्फ लाग्दछ । आध्यात्मिक जीवनमा लोभ- लालच हुँदैन, भौतिक जीवनमा जस्तो दुःख - कष्ट आध्यात्मिक जीवनमा रहँदैन । आध्यात्मिक जीवन सुखदायी हुन्छ । मानिस

ईश्वरमा लीन हुन्छ, आफूलाई ईश्वरमा समर्पण गर्दछ र दुःखको मुक्तिदाताका रूपमा ईश्वरलाई लिन्छ। मनमा आध्यात्मिक भाव लिएर शिवरात्रिको मेला भर्न आएका भक्तजनहरूले आफूलाई सम्पूर्ण रूपमा ईश्वरमा समर्पित गरेको कुरा यस काव्यमा वर्णित तलका पङ्क्तिहरूले प्रमाणित गर्दछन् :

धार्मिक भावनाले मुक्त भएका
अझै त्यहाँको वातावरणले
आफूलाई बिर्सी
उनै परमात्मा परमेश्वरमा
अफूलाई सुम्पिएका यात्रीहरू
जागै रहे बत्ती बालेर
आगो बालेर । ...
धार्मिक यात्रुहरूको मन शान्त
भएर मुग्ध भयो
स्वर्गसम्म पुगेर । (पृ.७७-७८)

मनलाई संयम, शान्त र तनावमुक्त राख्नका लागि पनि मानिसले आध्यात्मिक बाटो अँगाल्ने कुरा कविले यहाँ प्रस्तुत गरेका छन्:

मूर्ति पूजाको महिमा महान छ ।
मानिस निराश भएर आएको बेला
उसको जीवनको टुङ्गो लागिनरहेको बेला
भगवान्का मूर्तिको पूजा- दर्शन गरेर
मानसिकता सिर्जना गरेर
मनलाई संयम राख्न सक्छ
भगवान्मा भर पर्न सक्छ
अनि शान्त हुन्छ -शान्ति पाउँछ । (पृ. ७८- ७९)

उपर्युक्त आधारबाट हेर्दा भौतिक जीवनबाट दिक्क भई मानिस तनावमुक्त हुन र जीवनलाई सुखपूर्ण तरिकाले यापन गर्न आध्यात्मिक जीवनमा लीन हुने कविको सोँच रहेको छ । समाजमा जब- जब असमानता, हिंसा, रोग, भोक, गरिबी, अशिक्षा बढ्दै जान्छ तब- तब मानिसले भौतिक जीवनबाट छुट्कारा लिन चाहन्छ । परिणामस्वरूप मानिसमा आध्यात्मिकता

बढ्दै जान्छ । इला काव्यमा उल्लिखित उपर्युक्त पङ्क्तिले पनि यही कुराको पुष्टि गर्दछन् । यसले ईश्वरप्रति नास्तिक व्यक्तिलाई पनि आध्यात्मिकताप्रति आस्थावान रहन आग्रह गरेको छ । सामाजिकता र आध्यात्मिकताको समन्वयबाट मात्र स्वस्थ र समुन्नत समाजको कल्पना गर्न सकिने सन्देश पनि यस काव्यले दिन खोजेको छ ।

## ४.४ बिम्बात्मकता

पाश्चात्य साहित्यमा बिम्बवादका रूपमा स्थापित बिम्ब शब्दले मस्तिष्कमा पर्ने एक किसिमको छायालाई बुझाउँछ । पूर्वीय साहित्यमा स्वभावोक्ति अलङ्कारजस्तो लाग्ने बिम्बलाई कविले प्रकृति, मानव समाज, पुराण, वेद र इतिहासबाट लिएका हुन्छन् । कुनै पनि व्यक्ति, वस्तु, घटना, स्थान आदिको वर्णनमा पाइने जीवन्त प्रस्तुति नै वास्तवमा बिम्ब हो ( पोखरेल, २०६१ : १५६)

इला काव्यमा मुखपात्र इलमले इलालाई प्रत्येक परिच्छेदमा सम्झिने गरेको कुराले काव्यभरि नै बिम्बात्मकताको झझल्को पाइन्छ । प्रेमिकाको वियोगमा छट्पटाइरहेको प्रेमीले आफू निर्धो र कमजोर भएको कुरा महसुस गरिरहेका बेला उसले प्रेमिकाको सम्झना गर्दछ । जसको कारण उसमा खुसी र जाँगर छाउँछ । आफ्नो बाटोमा अघि बढ्ने क्रममा उसलाई प्रेमिकामाथि भरोशा लाग्दछ र उसमा जाँगर र शक्ति पलाउँछ ।  यही अवस्थाको चित्रण गर्न कविले मुखपात्र इलमको प्रयोग गरेका छन् । कविले शरीरलाई घडी र शरीरका अङ्गलाई घडीका सुइसँग तुलना गरेको बिम्बात्मक प्रस्तुति देखाएका छन् । शरीर र घडीको सन्दर्भलाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

> तिमी छौ भन्ने भरोशामा
> नयाँ - नयाँ जाँगरको
> रुइ सुइ दिन्छ्यौ भन्ने आशामा
> चलिरहेछु सिर्जनाका लागि
> आफ्नै पूर्जालाई सक्रिय पारेर
> यो नश्वर शरीरमा । (पृ. १५२)

राष्ट्रनिर्माणका दिशामा अग्रसर हुन अन्तरात्मालाई बिउँझाउनुपर्छ । शारीरिक सक्रियताबिना हाम्रो सृजनशीलताले माथि उठ्ने अवसर पाउँदैन भन्ने आशय माथिका पङ्क्तिले दिन्छन् ।

काव्यकी नायिका पात्र 'इला' को शारीरिक अवस्थाको वर्णन गर्न कविले 'तिमी' सार्वनामिक बिम्बको प्रयोग गरेका छन् । आफ्नो आत्मामा विराजमान यौवनले फक्रिएर परिपक्व भएकी प्रेमिकालाई उनले विभिन्न बिम्बसँग तुलना गर्दछन् । जुन कुरा तलका पङ्क्तिमा भेट्न सकिन्छ :

मेरो आत्मामा रहेकी तिमी

न्यानी उज्याली

लटरम्म वैसालु अवयवले भरिली

अनौठो- मीठो बासनाले मलिली

जवानीमा नारीत्वको पायन चढेर- झरिली

मधुर आभाले शोभिएकी

तिमी !

भौगोलिक र क्षेत्रफलको हिसाबले नेपाल सानो र सुन्दर छ । यहाँका थोरै जनतालाई बाहिरी पैसा र प्रभाव आएर, जात थोक, हूल, मूलका कुरा उठाएर, म, मेरो, मलाई जस्ता भावना बढाएर वाद- विवाद र दल- बदलमा फसाएर लडाएर, फुटाएर प्यारो राष्ट्र र राष्ट्रिय एकता तथा राष्ट्रिय संस्कृतिलाई अपाङ्ग बनाइदिन सक्नेतर्फ सजग रहन कविले सबैलाई आग्रह गरेका छन् । नेपाल सानो भएकाले त्यस्ता मिचाहा प्रवृत्तिका छिमेकीले देश खाइदिन सक्ने र नेपालीलाई शरीरधारी मूर्दातुल्य बनाउन सक्ने सापेक्षिक कुरालाई कविले प्रष्ट पार्न खोजेका छन् । मानिसको शरीरलाई मूर्दातुल्य बनाउन सक्ने बाहिरी प्रभाव र प्रवृत्तिलाई कविले यसरी प्रस्तुत गरेका छन् :

वाद- विवाद र दल बदलमा फसाएर

फुटाएर लडाएर भिडाएर

प्यारो राष्ट्र - राष्ट्रिय एकता !

राष्ट्रिय संस्कृतिलाई अपाङ्ग बनाइदिन सक्छ

भने जस्तो हुँदै गएमा

खाइदिन पनि सक्छ

नेपालीलाई शरीरधारी मूर्दा बनाइदिन सक्छ । (पृ. १८८)

बिहानीपखको प्राकृतिक सुन्दरताको दृश्यले सबैको मन तान्छ । कविले तालमा पर्ने सुन्दर हिमालको दृश्यलाई आफ्नो मनभित्र प्रतिबिम्बित गरेको कुरा यहाँ उल्लेख गरेका छन् ।

यस्तो तालमा आफूले सयर गर्न पाउँदा आफ्नो छाती पनि विशालिएको, चौडा भएको भाव कविले तलका पङ्क्तिमार्फत व्यक्त गर्दछन् :

सलल्ल सल्ल बहने
पानीमा हल्करी हल्लिने
हिमाली छायाँ पानीमा
पानी हिमाली छायाँमा
वरिपरि तल- माथि
हरिया- परिया बनबनौला
खेतबारी पाखा- पखेरा
घरबारी खरबारी
सबैलाई प्रतिबिम्बमा खिचेर
सबैलाई प्रतिबिम्बमा सिँचेर
पेटभित्र पारेर विशालिएको
तालमाथि तर्दै पल्लो
किनारामा पुगेँ । (पृ. १० - ११)

कविले इलममा घुम्ने 'इला' को प्रतिबिम्ब वा प्रतिरूपलाई काव्यमा यसरी प्रस्तुत गरेका छन् :

जीउभरि खुकुलो कमिज पहिरेकी
पट्ठी सुन्दरी आउँदी
फराकफुरुक दुबोमाथि
हल्करी दुबै भाग छाती हल्लिने गरी
चवंर झैँ चम्किला लोला- लोला कपाल फहरिने गरी
बैँसको लाली जडिएकी
जीवनजालको संसाररूपी
मायाँ जालको जाल फिँजाएर
आउँदी 'इला' देखेँ । (पृ. १७०)

यसरी इला काव्यका अधिकांश पङ्क्तिहरू पढ्दा पाठकको दिमागमा एक न एक किसिमको छाप परिरहने हुनाले यो काव्य बिम्बै बिम्बको माला जस्तो रूपमा प्रस्तुत भएको

पाइन्छ । यहाँ कतै सामाजिक बिम्ब, कतै धार्मिक बिम्ब त कतै प्राकृतिक बिम्बहरूको प्रयोग भएको पाइन्छ ।  जसले काव्यमा मिठास थप्ने काम गरेको छ ।

## ४.५ प्रतीकात्मकता

कुनै एक प्रकारको समान रूप भएको वस्तुबाट अर्को प्रकारको वस्तु वा विषयको प्रतिनिधित्व गर्ने वस्तुलाई प्रतीक भनिन्छ । यस्ता विषयलाई प्रतिनिधित्व गरी लेखिएका काव्यमा प्रतीकात्मकता पाइन्छ ।

इला काव्य पनि प्रतीकात्मक काव्य हो । यसको शीर्षक नै प्रतीकात्मक छ । कविले 'ईश्वरीय लाली' को प्रतीकका रूपमा इलालाई लिएका छन् । कविले इला को बाहिरी आवरणमा अङ्कित सम्पूर्ण कुराहरूलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । आवरणमा अङ्कित 'इला' ले ईश्वरीय न्यानोपनको सङ्केत गर्दछ । त्यहाँ रहेको सेतो हिमालले सधैँ हर्षित मुद्रामा रहने नेपाली जनताको प्रतिनिधित्व गर्दछ ।  नेपालीहरू आफ्नो विचारमा हिमालजस्तै अडिग र अटल रहने कुराको सङ्केत हिमालले गर्दछ । हिमाल र पहाडको बीचमा रही फहराइरहेको झन्डा कहिल्यै नझुक्ने नेपालीहरूको उच्च भावनाको प्रतीक हो । प्राकृतिक प्रकोपले अन्य चिजलाई लथालिङ्ग पारे पनि नेपाली झण्डा कहिल्यै नझुक्ने कुराको सङ्केत यसले गर्दछ । त्यस्तै गरी त्यहाँ अवस्थित नेपाली टोपी स्वाभिमानी नेपालीहरूको प्रतीक हो । जसलाई हुरी- बतास, बाढीले पनि बगाउन सक्दैन र छिमेकीहरूको मिचाहा प्रवृत्तिबाट पनि कत्ति पनि विचलित हुँदैन । त्यस्तै किताबको अघिल्लो भागको समग्र कलेवरले हिमाल, पहाड र तराई अङ्कित सुन्दर नेपाल देशको प्रतीकको काम गरेको छ । जहाँ सूर्यका न्याना किरण रूपी 'इला' उदाइरहेकी छन् ।

कविले नेपाल सम्पूर्ण नेपालीको साझा क्रीडास्थल भएको कुरा बताएका छन् । त्यस्तै गरी जातको कुरालाई उनले घरभित्र मात्र सीमित राखी राष्ट्रिय स्तरमा सम्पूर्ण नेपालीको एउटै जात 'नेपाली' रहेको कुरा उल्लेख गरेका छन् । कविले इला लाई इलमकी जाँगर, प्रेरक शक्ति तथा नारायणीकी प्रतीकका रूपमा उभ्याएका छन् ।  उनी भन्छन् -

'इला' ईश्वरीय लाली- इलमकी जाँगर प्रेरक शक्ति - नारायणी (पृ.ग)

नारी भनेकी पुरुषलाई जन्म दिने, शक्ति, देवी, माता-भगवती हुन् । नारीविना संसारको सृष्टि हुन सक्दैन भन्ने कविको धारणा रहेको छ । जसलाई तलका पङ्क्तिले थप पुष्टि गर्दछन् :

याद गरौँ हामी लोग्ने मान्छेलाई

जन्म दिने आमा पनि नारी नै हुन् ।

नारीविना हामी पुरुषको

जन्म नै हुन सक्दैन

त्यसैले सर्वप्रथम यो सम्झौँ

नारी शक्ति हो- देवी हो, माता- भगवती हो,

अनि सम्झौँ

जसकी आमा छन् उनलाई

मातादुर्गा भगवती

शक्ति मानी ढोगौँ । (पृ. १२४)

आधारातसम्म काम गरी एक पेट खाई सुत्न बाध्य नेपाली समाजको चित्रणका क्रममा कविले गरेको प्रतीकात्मक प्रस्तुतिलाई यसप्रकार देखाउन सकिन्छ :

आधारातसम्म जुठाभाँडा माझी

एक पेट खाएर सुतेका उठेनन्

ढिलो भयो ।

उनी गइन्

झकझकाउँदै उठाइन् ।

हिमालमा घाम परिसके भनिन् ।

उनी उठे । (पृ. १)

राष्ट्रको साधन- स्रोत र श्रम खाइ राष्ट्रलाई कङ्गाल बनाउने धनपति, उद्योगपति तथा पतिका पनि पति भइरहेका राजनीतिज्ञ आदिलाई कविले शोषक -फटाहाको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै गरी शुद्ध समाजसेवी तथा असल कार्यकर्तालाई चामलमा कतै- कतै भेटिने वियाँको संज्ञा दिएका छन् । जसलाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

राष्ट्रिय स्वाभिमानका प्रवक्ता भएर

सेवा र अगुवाइका बहानाबाट

राष्ट्रको स्वाभिमान घटाइराखेका छन्

राष्ट्रको साधन, स्रोत र श्रम खाई

राष्ट्रलाई कङ्गाल बनाइराखेका छन् ...

कतै- कतै चामलका वियाँ झैँ

शुद्ध समाजसेवी - असल कार्यकर्ताहरू

सही राष्ट्रसेवक बडाहाकिम हाकिम, कारिन्दाहरू

नभएका पनि होइनन् (पृ. १३६)

कविले इलमकी प्रेमिका 'इला'को प्रतीकका रूपमा 'तिमी' पात्रलाई प्रस्तत् गरेका छन् । आफूले सबैलाई खबर गरी तिमी पात्रलाई पठाउन भन्दा पनि 'तिमी' आउँदिन । त्यसैले उसलाई न दिनमा भोक लाग्छ न त रातमा निद्रा नै लाग्छ । यही भावनालाई व्यक्त गर्न कविले प्रतीकका रूपमा सार्वनामिक शब्द 'तिमी' को प्रयोग गरेका छन् :

सबैलाई खबर दिन भनैं ।

तर तिमी आइनौ !

म तिमीविना

दिनभर लटपटाउँछु

रातभर खाटमा

छट पटाउँछु !

तिमीलाई पाउन

झट- पटाउँछु

मेरो दिलमा तिमी छौ

मेरो दिमागमा तिमी छौ

तर तिमी आइनौ । (पृ. १६४)

गलत सूचनाका आधारमा कविले वाला चतुर्दशीका दिन हुनु पर्नेमा शिवरात्रिका दिनमा शतवीज छरेको प्रसङ्ग उल्लेख गरेको बुझिन्छ । जे होस्-पशुपति क्षेत्रमा छरेको शतवीजलाई बाँदरले खाएको, बलियाले पेट भरेको, निर्धा र दुब्ला पर-पर भागेको कुरा उल्लेख गरेका छन् । यही क्रममा उनले बाँदरहरूले मान्छेको प्रतिनिधित्व गरेको कुरा बताएका छन् । बलियाले निर्धालाई पर- पर भगाउने गरेको, निर्धाको भाग लुटेको यथार्थता नेपाली समाजमा यत्र-तत्र देख्न पाइन्छ । यही कुरालाई प्रस्तुत गर्न कविले मान्छेको प्रतीक स्वरूप बाँदरलाई प्रस्तुत गरेका छन् । जुन कुरा तलका पङ्क्तिबाट स्पष्ट हुन आउँछ :

थुप्रै- थुप्रै बाँदर

आपसमा चिथरा- चिथर गरेर

लड्दै, भिड्दै, जुद्धै

भुइँमा छरिएको शतबीउ
टिप्दै खाँदै रहेछन् ।
बलियाले खाने पेट भर्ने
निर्धा, दुब्ला पर- पर भाग्नुपर्ने ।
भइरहेको रहेछ ।
उनलाई लाग्यो-
शिवरात्रिको समता भव्यता
तीर्थ ब्रत पूजा पाठ प्रार्थना
धर्म कर्म पुण्य
प्राणीमात्रमा प्रेम सद्भाव
सबै क्षेत्रमा
यी बाँदरहरू मान्छेको प्रतिनिधित्व
गरिरहेका छैनन् र ? (पृ . ८७)

त्यस्तै गरी कविले यस काव्यकी प्रमुख पात्र ‘इला’ लाई सार्वनामिक शब्द ‘उनी’ को संज्ञा दिँदै काव्यमा यसरी प्रस्तुत गरेका छन्:

उनको पछि पछि
हस्याङ्ग फस्याङ्ग गर्दै
उनको जादू झुल्किने र बिलाउने
खेलाई खेलाई मलाई
मोहनी पासामा पार्ने उनको बहादुरीमा फसेको
बबुरो जस्तो निर्धो मलाई देखेर
उनी मुस्कुराइन् । (पृ. ८६)

यसरी हेर्दा तत्कालीन समाजका विविध गतिविधिहरूलाई प्रस्तुत गर्ने क्रममा विभिन्न ठाउँमा प्रतीकहरूको प्रयोग गरिएको छ । माथि उल्लिखित प्रतीकात्मक पङ्क्तिहरूबाहेक पनि काव्यमा अन्य ठाउँमा पनि प्रतीकहरूको प्रयोग गरिएको छ । काव्यको शीर्षक नै इलमकी जाँगर, ईश्वरीय लालीको प्रतीकस्वरूप राखिएको हुनाले काव्य प्रतीकात्मक छ भन्नुमा अत्युक्ति नहोला ।

## ४.६ रहस्यात्मकता

कुनै पनि वस्तुभित्र केही कुरा लुकेको भान हुनुलाई रहस्य भनिन्छ । रहस्यात्मकताभित्र जीवनलाई बुझ्नै सकिँदैन । तथ्यसम्म पुग्न सकिँदैन । इला काव्यकी पात्र इला कविको कल्पना हो । काव्यभरि नै इला सशरीर उपस्थित भएकी छैनन् । इलाको बारेमा कल्पनामा डुबेर कविले लेख्दछन् तर उनलाई पाउन सकेका छैनन्, भेट्न सकेका छैनन् । यसरी हेर्दा यसमा रहस्यात्मक पात्रका रूपमा काव्यकी नायिका 'इला'लाई लिन सकिन्छ । यस काव्यको गन्तव्य तथा सत्यता राष्ट्रनिर्माणप्रति अभिमुख हुँदै आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, साँस्कृतिक आदि सम्पूर्ण रूपले सम्पन्न र सबल राष्ट्रको निर्माण गर्नु हो । काव्य पूर्णरूपमा त्यतैतिर अभिमुख छ तर काव्यको अन्त्यसम्म पुग्दा पनि कविले सोँचेजस्तो सवल र समृद्ध राष्ट्रको निर्माण हुन सकेको छैन । यस काव्यमा राष्ट्रनिर्माणमा जुटेको 'इलम'को राष्ट्रनिर्माणकै सिलसिलमा मृत्यु हुनुले राष्ट्रनिर्माण प्रक्रिया बीचमै तुहिन पुगेको आभाश हुन्छ । उसकी प्रेरणाकी स्रोत 'इला' लाई आफ्नो राष्ट्रनिर्माणको सम्पूर्ण अभिभारा जिम्मा लगाई आफूले देह त्याग गरेको र 'इला' पात्र काव्यभरि नै अदृश्य रहेको हुनाले काव्य रहस्यात्मकताभित्रै टुङ्गिन पुगेको देखिन्छ ।

इलमले अन्तिम समयमा नेपाल-आमालाई, इलालाई तथा नेपाली जनतालाई सम्बोधन गरी अदृश्य रूपमा रहेकी इलालाई देश सम्हाल्ने जिम्मा दिन्छन् । सबैले इलम-इलम भनी बोलाउँछन् तर उनी बोलेको आवाज सुनिदैन । उनको शीरको भादगाउँले टोपी मात्र नदीमा फनफनी घुमेको दृश्य देखिन्छ । उनले सम्बोधन गरेको 'तिमी' शब्दले कहीँ नेपाली, कहीँ इला त कहीँ नेपाली राष्ट्रियतालाई सङ्केत गरेजस्तो भान पाठक वर्गमा पर्दछ । यही रहस्यात्मक प्रस्तुतिलाई तलका हरफमा समेट्ने प्रयास काव्यमा गरिएको छ:

इलम ! इलम !! भनेर बोलाए ।
आमा नेपाल !
सधैँभरि बाँचिरहू है,
सर्वसाधारण नेपाली !
जागी- जागी उठ है
भोका नाङ्गा जनतालाई
बँचाई लेऊ है, (पृ. १९२)
× × ×

दोमहीमुनि नदीमा हेर्दा

उर्लेर बगिरहेको भुमरीमा

इलमको शीरको  टोपी- भादगाउँले टोपी

फनफनी घुमिरहेको

बाढीमाथि घुम्दै घुम्दै रहिरहेको देखियो । (पृ. १९३)

उपर्युक्त आधारबाट हेर्दा इला जुन उद्देश्य लिएर अघि बढेको छ त्यसको प्राप्ति हुन नसकेको र यस काव्यकी प्रमुख नायिका पात्र 'इला' नै अदृश्य रहेको कारण काव्यमा रहस्यात्मकता झल्किन्छ ।

## ४.७ राष्ट्रभक्ति भाव

साहित्यकार सूब सेनले आफ्ना उपन्यासमा प्रयोग गरेको 'नेपालवाद' लाई काव्यमा पनि पस्किएका छन् । नेपालवादको धरातलमा उभिई काव्यको सिर्जना गरेका हुनाले 'इला' मा पनि उनले यसलाई छुटाएका छैनन् । उनका अन्य काव्यमा भन्दा इलम देशप्रेम,राष्ट्रिय गौरव र  राष्ट्रभक्ति भावना अरू बढी प्रबल बनेर आएको पाइन्छ । यसका प्रत्येक परिच्छेदमा राष्ट्रभक्तिको भावना झल्किए पनि विशेषतः परिच्छेद ३, ४, ८, ९, ११ र १३ मा यो भाव बढी मात्रामा सल्बलाएको पाइन्छ । यी मध्ये पनि परिच्छेद १२ मा चाहिँ राष्ट्रिय एकता दिवसको प्रसङ्ग ल्याई राष्ट्रभक्तिको भावलाई छताछुल्ल पारेका छन् ।

नेपाललाई प्राकृतिक सुन्दरताकी खानी र नेपाल आमालाई उनले अवतारी, महतारीको संज्ञा दिएका छन् । नेपालको जुनसुकै कुनामा जन्मे- हुर्केपनि हामी नेपाल आमाकै सन्तति भएको कुरा गरेका छन् । यी कुरा तलको पङ्क्तिमा फेला पार्न सकिन्छ :

नेपाल आमा तिमी अवतारी

हामी नेपाली, तिमी सबैकी महतारी

भित्र- बाहिर साना- ठूला कुना- कुनामा

पाखा पखेरा समथल तराईमा

फली फुली तिम्रा दाना पानीले हुर्केका

तिम्रा सबै बराबरी हामी छोराछोरी

आमा ! नेपाल !! तिमी अवतारी (पृ. २०)

राष्ट्रभक्तले आफ्नो व्यक्तिगत स्वार्थका लागि होइन देशको समग्र हितका लागि काम गर्छ। देशले विपत्ति खेप्दा आफ्नो मन रुवाउँछ। त्यसैले कोशीको बाढीले हजारौँ किसानका गाई- गोरु बगाएर लाँदा त्यो दृश्य हेर्न नसकी रोएको कारुणिक अवस्थालाई कविले 'इला' मा यसरी प्रस्तुत गरेका छन् :

कोशीको तीरमा उभिएर
हज्जारौँ गाई गोरु बाछा - बाछी
बाढीले बगाएर लाँदा
घुमाउँदै हुत्याउँदै फन्काउँदै
निमोठ्दै लाँदा
मेरो मुटु कतिपटक चिर्रिएको छ
कतिपटक रोएको छ। (पृ. ४६)

नेपालका सरकारी शैक्षिक तथा प्रशासनिक कार्यालयमा काम गर्ने कर्मचारीको हविगत राम्रो नभएकोमा उनी चिन्तित देखिन्छन् । विद्यालयमा पढाइ हुने विषयअनुसारका शिक्षक नभएको र भएकाले आफ्नो काम इमानदारीका साथ पूरा नगरेको कुरा तलका प्रसङ्गबाट स्पष्ट हुन्छ :

हेडमास्टर मैनामा दुई तीन दिन
मात्र आउँछन् ।
हाजिर गर्छन् ।
अरू मास्टर पनि पूरा दिन आउन्नन्
आए पनि ढिला आउँछन्
चाँडै फर्किन्छन्
पढाइ पनि न राष्ट्रभाषामा हुन्छ
न स्थानीय भाषामा हुन्छ। (पृ. ११८)

नेपाललाई एक पवित्र देवस्थल र यहाँका सबै मान्छे देवी देवताका छोराछोरी हुन्। यहाँ कोही पनि आफ्नो र पराई भन्ने छैन। तलका पङ्क्तिमा यही भाव झल्किन्छ :

मेरो देश नेपाल

पवित्र देवस्थल हो ।

यहाँको मान्छे सबै देवी देवताका

छोरा छोरी हुन् । (पृ. ८४)

क्षेत्रफल र आकारका हिसाबले नेपाल सानो भए पनि यहाँका प्राकृतिक सम्पदा र साँस्कृतिक विविधताले गर्दा नेपाल माणिसरह चम्किलो रहेको छ । श्री पशुपतिनाथले पालन-गर्ने देश नेपाल शान्तिदूत भगवान् गौतमबुद्धको देश नेपाल आकारमा सानो भए पनि संस्कृतिमा विशाल छ । यही कुरालाई पुष्टि गर्न कविले निम्न पङ्क्तिको रचना गरेका छन् :

आकारमा सानो भए पनि चम्किलो मणिसरह

थोरै जनता भए पनि देश त देशै हो नेपाल !

निर्मल- निर्झर विशुद्ध हावापानी र जनता

वौद्धिक धर्म परम्परा र संस्कृतिको देश नेपाल ।

× × ×

सुन्दर बुट्टा हाली कुँदिएको सृष्टिको नमुना

पालनकर्ता पशुपतिनाथको देश नेपाल

बलियाको दबाबबाट निर्धाको उपकार गर्न

शान्तिदूत स्वयम् शान्ति बुद्धको देश नेपाल । (पृ. १३७)

प्रस्तुत काव्यमा देशभक्ति भाव झल्किने यस्ता धेरै उदाहरण भेट्न सकिन्छ जसले पाठकवर्गलाई पनि देशभक्त बन्न प्रेरित गर्दछन् । देश निर्माणका लागि प्रत्येक व्यक्तिले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुपर्दछ भन्ने सन्देश ‘इला’ काव्यले दिन खोजेको छ । काव्यको प्रमुख पात्र इलममार्फत कविले उक्त सन्देश दिन खोजेका छन् । उपरोक्त आधारबाट हेर्दा आर्थिक, सामाजिक, शैक्षिक तथा अन्य सम्पूर्ण दृष्टिले समुन्नत नेपालको निर्माण गर्नु काव्यको मुख्य उद्देश्य भएकाले देशभक्ति भाव यस काव्यको मुख्य विशेषतामध्ये एक हो ।

## ४.८ सुधारवादी स्वर

मानिस भई जन्म लिइसकेपछि केही न केही उद्यम वा इलम गर्नुपर्छ । इला काव्यले मानिसलाई इलमी बन्न आग्रह गरेको छ । त्यसैले काव्यमा परिवर्तनोन्मुख वा सुधारवादी स्वर मुखरित भएको पाइन्छ ।

इच्छा शक्तिमा समुद्र हल्लिने र सगरमाथा कुर्लिने कुरा बताउने कविले 'जहाँ इच्छा हुन्छ त्यहाँ उपाय निस्कन्छ' भन्ने उखानलाई सार्थक तुल्याएका छन्:

इच्छा शक्तिमा समुद्र हल्लिन्छ

इच्छा शक्तिमा सगरमाथा कुर्ल्हिन्छ

इच्छा शक्तिमा संसारको शक्ति वैरिन्छ । (पृ. ९१)

गाउँमा रहेका बेरोजगार युवालाई गाउँमै रोजगारी दिने गरी सीपमूलक उद्योगहरू खोलौँ आधुनिक र उन्नत तरिकाले खेती गरौँ र गाउँ विकासमा लागौँ भन्ने आग्रह कविले गरेका छन् । जुन कुरा तलका हरफबाट प्रष्ट हुन्छ :

केही गरौँ उच नीचलाई सम्म पारी

मैदानै मैदानमा खेती गरौँ

ठूलो किसानले कृषि उद्योग खोलौँ

पशुपालन, माछापालन चराहाँसपालन

श्रमिकलाई गाउँ- गाउँमै कामको अवसर दिउँ । (पृ. ९१)

अरूलाई इलमी बन्न आग्रह गरिएको इला काव्यमा कविले यस काव्यको प्रमुख पात्रको नाम नै इलम राखेका छन् । त्यही पात्रका माध्यमबाट कविले सबैलाई उद्यमी बन्न अनुरोध गरेका छन् । पोखराको होटलबाट सुरु भएको इलमको यात्रा देशको विभिन्न ठाउँसम्म पुग्दछ । आफू इलमी भएको र एउटै घरमा बसेर समय वर्वाद गर्ने फुर्सद आफूसँग नभएको कुरा बताउँदै होटल मालिक्नीले आफ्नै होटलमा बसी काम गर्न आग्रह गर्दा इलमले यस्तो जवाफ दिन्छन् :

अहिले एउटा घरमा सीमित

भएर बस्ने बेला छैन

जान्ने सिक्ने धेरै गर्ने बेला छ

त्यसैले म जान्छु

राती बास र गास पाएँ धन्यवाद छ । (पृ. ८)

देशमा परिवर्तन ल्याउनका लागि सबै एकजुट भएर लाग्नुपर्दछ, आफ्नो मातृभूमिप्रति सबैको केही गर्नु पर्ने कर्तव्य छ। नेपाल आमाको उन्नति र सुदृढीकरणका लागि सम्पूर्ण एकजुट भई काम गर्नु पर्ने बेला आएकोतर्फ कवि सचेत देखिन्छन् । यसरी कविले देशमा

योग्य युवाको खाँचो नपरोस् भन्नका लागि युवालाई तालिम दिनुपर्छ भन्ने सुधारात्मक सन्देश दिएका छन् :

नेपाल आमाको उन्नति र सुदृढीकरणका लागि
सँगसँगै काम गर्नुपर्छ मिलेर , (पृ. १४७)

× × ×

योग्य अगुवाको खाँचो नहोस् भनेर
युवालाई तालिम दिनुपर्छ
पढाइ सिकाइ देखाइ गराएर
योग्य बनाउनुपर्छ । (पृ. १४८)

उपर्युक्त आधारबाट हेर्दा इला काव्यमा कविले पाखुरीमा बल र मनमा जाँगर रहँदासम्म मान्छेले कुनै न कुनै उद्यम गरिरहनुपर्दछ भन्ने भाव व्यक्त गरेका छन् । यस सन्दर्भमा कविले हामी सबैले नेपाल आमाको उन्नति र सुदृढीकरणका लागि आ- आफ्नो ठाउँबाट सक्दो प्रयास गर्नु पर्ने कुरा समेत बताएका छन् । हरेक व्यक्ति आफ्नो मातृभूमिप्रतिको कर्तव्य पूरा गर्न तत्पर रहनुपर्ने कुराको सन्देश कविले यसै काव्यमार्फत दिएका छन् । परिवर्तन आफैँमा कुनै प्रवृत्ति नभई प्रगतिवाद र सुधारवादतर्फको प्रयास हो । त्यसैले समाजमा रहेको गरिबी, अशिक्षा र असमानतालाई हटाई विकासोन्मुख हुनका लागि आग्रह गरेकाले इला काव्यले सुधारवादी स्वरलाई समेत द्योतन गरेको छ भन्ने कुरा प्रष्ट हुन्छ ।

## ४.९ आर्थिक विपन्नताको उद्घाटन

कुनै पनि स्रष्टाले समाज निरपेक्ष रहेर कृतिको सिर्जना गर्न सक्दैन । समाज निरपेक्ष रही रचना गरिएका कृतिहरू स्तरीय हुन सक्दैनन् । इला काव्यमा कविले नेपाली विविधतापूर्ण समाजको यथार्थ चित्रण प्रस्तुत गर्ने क्रममा आर्थिक विपन्नताको पक्षलाई समेटेका छन् ।

दुर्गम, पिछडिएका गाउँ जो अहिले पनि उस्तै अवस्थामा छन् ती गाउँका कुनै पनि व्यक्तिको अनुहारमा ईश्वरीय लाली छैन, कसैको आङमा पूरा लुगा छैन । आर्थिक समस्याले गर्दा बिरामीले उपचार पाउन सकेका छैनन् र अकालमा ज्यान गुमाउनु परेको छ त्यस्ता समाजको तीतो यथार्थतालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । यस तथ्यलाई पुष्टि गर्न निम्न पद्यांश उद्धृत गर्न सकिन्छ :

हेर्दा

कसैको आँगमा पूरा लुगा थिएन

कोही छिउँ गर्थे

कोही खोक्थे

कोही कहराउँथे

× × ×

कसैको अनुहारमा

ईश्वरीय लाली थिएन

रुखो सुको सेकाइ मात्र थियो । (पृ. १०४)

नेपाल गरिब र दुःखीहरूको वासस्थान मात्र होइन गगनचुम्बी घरका बैठक र विछ्यौनाबाटै संसार हेर्ने सुविधाभोगीहरूको बासस्थान पनि हो । यहाँ रातारात धनाढ्य बन्न खोज्ने वर्गको पनि प्रभुत्व छ। उनीहरू अनेक धन्दाबाट धनपति हुन्छन् तर त्यही प्रभुत्ववर्गको (धनपतिहरूको) नजिकैको वस्तीमा रहेका खान, लाउन, बाँच्नसम्म नसक्ने र नजान्ने परिवारहरू पनि छन् । यस्तो आर्थिक र सामाजिक असमानताले समाजमा जरा गाडिसकेको छ, धनी र गरिब बीचको खाडल बढाइरहेको छ । यस्तै आशय तलका पङ्क्तिमा भेट्न सकिन्छ :

उद्योग, व्यापार, बैंक व्याज अनेक धन्दाबाट

रातारात हजारपति लखपति

लखपति करोडपति

करोडपति अरबपति हुन्छन्

छन् थुप्रै- थुप्रै नयाँ धनपतिहरू

तर यहाँ ! यति नजिक

खान लाउन, बाँच्नसम्म जानेका छैनन् (पृ. १०९)

कविका प्रमुख मुखपात्र रहेका इलममार्फत कविले समाजमा रहेका गरिब र अवसरबाट वञ्चित वर्गको पारिवारिक अवस्थाको चित्रण गरेका छन् । यसरी एकातर्फ एउटै समाजमा रहेका कुनै व्यक्ति गगनचुम्बी महलमा बसी विलासी जीवन बिताउँछन् भने अर्कोतर्फ कोही एकसरो लुगा लगाउन, एक पेट खान र अस्पतालमा उपचार गर्न नपाई भोक-भोकै मर्न बाध्य हुन्छन् । उक्त काव्यमा यस्ता असमानतायुक्त समाजको यथार्थ चित्रण गरिएको छ ।

## ४.१० सरल भाषाशैलीको प्रयोग

कुनै पनि कृति स्तरीय र पाठकप्रेमी हुनुमा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेल्दछ। भाषिक क्लिष्टता भएको कृति वा रचना साधारण पाठकले ग्रहण गर्न सक्दैन। त्यसैले सर्वसाधारण पाठकको पहुँचसम्म पुऱ्याउनका लागि लेखकले सरल भाषाशैलीलाई आफ्नो कृतिमा प्रयोग गर्नुपर्ने हुन्छ। इला काव्यमा कवि सेनले सरल भाषाको प्रयोग गरेका छन्। नेपाली अनुकरणात्मक शब्दहरू साथै उखान र टुक्काहरूको प्रयोगले भाषामा थप मिठास थपेको पाइन्छ। काव्यमा प्रयोग गरिएको शैली वर्णनात्मक, विवरणात्मक, संवादात्मक रहेको छ। स्थानीय भाषिकाको प्रयोग पनि यसमा भएको देखिन्छ। स्थानीय भाषालाई शब्दको भण्डार, भाषा साहित्यको भण्डार (पृ. घ) मान्ने सेनले प्रस्तुत काव्यमा पनि प्रशस्त मात्रामा स्थानीय भाषिकाको प्रयोग गरेका छन्।

कविले आफ्नो मुखपात्र इलममार्फत घान्द्रुक गाउँ र त्यहाँको स्थानीय परिवेश, रहनसहन र बोलीचालीलाई बुझ्ने कोसिस गरेका छन्। त्यहाँका 'नेवारी' भाषालाई मातृभाषाका रूपमा र 'नेपाली' भाषालाई दोस्रो भाषाका रूपमा बोल्ने व्यक्तिहरूको नेपाली शब्दहरूको उच्चारण स्थितिलाई प्रस्तुत गरिएको पाइन्छ। त्यहाँका व्यक्तिले बोल्ने स्थानीय भाषाको शैली र स्थानीय बोलीका केही शब्दहरूलाई केही हरफमार्फत तल उल्लेख गरिएको छ :

हामीले हामी को भन्ने चिनेका ठिएनौं
घान्द्रुकको भेंदी गोथालो बाहेक ठाह छैन
सुकिलो लुगा लाएको मीथो खानेलाई
डेखेर दर लाग्ठ्यो
भाटलाई हामी किरा भन्ठ्यो
कोडाको धिँदो हलहलेसित खाएर
पसिना काधेर भारी बोकी बोकी ल्याएको नुन खाएर
भेँदाको पुछर पछि पछि हिन्डा
हाम्रो आँखा बन्ड ठियो अन्धा थियौँ
टपैंले हाम्रा आँखा खोल्डिनुभयो।

उपर्युक्त पङ्क्तिमा प्रयोग भएका स्थानीय बोलीका शब्दहरूको प्रयोगले स्थानीय भाषालाई जीवन्तता प्रदान गरेको पुष्टि हुन्छ। जहाँका (घान्द्रुकका) स्थानीय बासिन्दाले थ

लाई ठ, 'ध' लाई कतै घ कतै ढ, द लाई 'ड', ठ लाई थ भनी उच्चारण गर्ने गरेको कुरा उपर्युक्त कवितांशबाट प्रष्ट हुन्छ ।

त्यस्तै गरी काव्यको पृष्ठ ५१ मा पश्चिमी भेगमा बोलिने र प्रयोग हुने स्थानीय बोलीका शब्दहरूको प्रयोग गरिएको छ । जस्तै घुर्रो-सुकेको घाँस, खर

ठोँस ठाँस-ठोस ठास (अनुनासिकीकरण)

तेर्छो-तेर्सो

बाँवरी-कुप्री

त्यस्तै अन्य पृष्ठमा आएका स्थानीय शब्दहरूमा भत्कुला- ठुन्का कड्कुरो-दाउराको खलियो इत्यादिजस्ता स्थानीय बोलीका शब्दहरूको प्रयोग काव्यमा गरिएको छ । उपर्युक्त स्थानीय बोलीका शब्दहरू तलका कवितांशमा भेट्न सकिन्छ :

लोटी मर्ने भीरमा

बाँवरी खेल्दै

भुइँघाँस -घुर्रो काटेर

बडेमानको तेर्छो भारी बोकेर

उनी पनि आए ।

उपर्युक्त शब्द बाहेक काव्यमा धेरै स्थानीय बोलीका शब्दहरूको प्रयोग भएको पाइन्छ जसले काव्यलाई थप स्थानीयत्व प्रदान गरेको छ ।

काव्यमा नेपाली भाषाका अनुकरणात्मक शब्दको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ । जसको केही अंश तल प्रस्तुत गरिएको छ :

सबैको संगम-एउटै ज्योति !

झर्लाक-झुर्लुक हेर्दै

बाहु पासा लिएर ...

उकालिएँ । (पृ. ८६)

× × ×

उनको पछि- पछि

हस्याङ्ग फस्याङ्ग गर्दै

उनको जादू-झल्किने र बिलाउने ...

उनी मुस्कुराइन्

हिमालमै व्यापकिएर । (पृ. ८६- ८७)

त्यस्तै गरी गड्याङ्ग- गुडुङ्ग, ह्वार्रः हुर्र - पृ ४८, झुर्लुक्क- पृ ४९, भुसुक्कै - पृ. ५४, टुप्लुक्क, फरक्क पृ.७२, घुटुक्क, झल्याँस्स पृ.७४, स्वाँट्ठ - पृ.७६, सुलुल्ल- सलल्ल - पृ.९४, च्याउँ- च्याउँ पृ.९७, च्याँ- आँ, स्याँ- आँ - पृ.१०३, पुलुक्क, बुर्लुक्क- पृ.१७०, झलल्ल, मुसुक्क- पृ.१७२, टर्रर- पृ.१७३ आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषामा सरलता थपेको छ ।

'इला' काव्यमा प्रयोग भएका उखान -टुक्काको प्रयोग, यसमा वर्णित संवादात्मक, वर्णनात्मक शैली जस्ता विषयलाई यसै भाषाशैली अन्तर्गतका निम्न उपशीर्षकमा राखिएको छ :

क) उखान-टुक्काको प्रयोग

इला काव्यमा कविले विभिन्न सन्दर्भमा विभिन्न उखान तथा टुक्काहरूको प्रयोग गरेका छन् जसले काव्यलाई थप रसिलो र झरिलो तुल्याएको छ ।

नेपालीहरूले पद पाएपछि सबै कुरा बिर्सी आफू र आफ्नो परिवारको स्वार्थका लागि काम गर्ने, पद प्रतिष्ठालाई बिर्सने बानीको चित्रण गर्नका लागि कविले वनको रक्षा गर्ने जिम्मा पाएको शिकारी अधिकृतले गरेको अनधिकृत कामको उदाहरण पेस गरेका छन् :

'नपाउनेले केरा पायो
बोकैसित खायो' भने झैँ
हामी जस्तै नेपालीले
पद प्रतिष्ठा पाएपछि
ऐशी आरामी शिकारी बने ।
आयातित गाडी चढेर राती राती
हजारौँ हज्जार मृग-
नील गाई, बाघ, भालू मारे
जङ्गलका जङ्गलबाट साफ पारे । (पृ. ३३ - ३४)

त्यस्तै गरी पृष्ठ ५८ मा प्रयोग भएको 'सोझो औंलाले घिउ आउँदैन' पृष्ठ ९१ मा प्रयोग भएको 'जहाँ इच्छा त्यहाँ उपाय' पृष्ठ १०८ मा प्रयोग भएको 'बिना धन केही नभन' जस्ता उखानले काव्यलाई थप उर्जा प्रदान गरेका छन् । त्यस्तै पृष्ठ १११ मा वर्णित 'अक्कल

गुम' टुक्काले बेहोसी, निर्दोष भन्ने अर्थ दिन्छ। यसरी कविले काव्यमा विविध परिवेशमा विविध अर्थयुक्त उखान- टुक्काको प्रयोग गरेका छन्।

ख) वर्णनात्मकता

इला काव्य बढी वर्णनयुक्त छ। यसमा कवितात्मकता कम छ। वर्णनात्मक तथा विवरणात्मक शैलीको प्रयोग यहाँ गरिएको छ। कुनै- कुनै ठाउँमा अन्त्यानुप्रास वर्णानुप्रासयुक्त वाक्य पनि देखिन्छन् तर काव्यको अधिकांश भाग विवरणात्मक छ। जुन कुरा तलका पङ्क्तिले इङ्गित गर्दछन्:

गाउँ- गाउँ शहर- शहर ठाउँ- ठाउँमा पुगी
जनमत र जनसहभागिता जुटाई
बडो सर्तकताका साथ संयमित मर्यादित
अनुशासित भएर प्रयोग गर्नुपर्दछ ता कि
सुधार हुनुपर्नेमा सुधार
परिवर्तन हुनुपर्नेमा परिवर्तन हुन सक्दछ
यसो भएपछि,
निर्धारित मापदण्डद्वारा
देशभक्त राष्ट्रिय अखण्डतामा
अटल विश्वास राख्ने जनसेवी दलको रूपमा
जन स्वीकृति प्राप्त
राष्ट्रिय स्तरका दलको माध्यमबाट
समाज सन्चालनको स्थायी परिपाटी
स्थापना हुन सक्दछ। (पृ. १८८ - १८९)

माथिका हरफहरू पढ्दा पाठकले कविताको रसानुभूति पाउँदैन। यहाँ कविले व्याख्यात्मक र विवरणात्मक शैलीको प्रयोग गरेका छन्। उक्त पद्यांशमा व्याकरणिक पदक्रमयुक्त लामो वाक्य प्रकट भएको देखिन्छ। यस्ता अभिव्यक्ति भएका स्थानमा कवितात्मकता अर्थात् काव्यसौन्दर्य प्राप्त गर्न सकिँदैन। अर्थात् कवितामा रसात्मकताको सट्टा शुष्कता पाइन्छ।

ग) संवादात्मकता

प्रस्तुत काव्यका कतिपय स्थानमा संवादको प्रयोग भएको पाइन्छ । यस आधारमा भन्दा संवादात्मकता इला काव्यको एक प्रवृत्ति हो भन्न सकिन्छ । इलम र फेकन दाइका बीचमा भएको संवादात्मक शैलीको एउटा नमुना तल प्रस्तुत गरिएको छ :

इलम : फेकन दाइ !

फेकन : हजुर !

इलम : तपाई यही कुवाको पानी खानुहुन्छ ?

फेकन : हो यही कुवाको खान्छौँ । (पृ. ९९)

× × ×

इलम - फेकन दाइ !

के काम गर्नुहुन्छ ?

कमाइ के छ ?

फेकन - के हुनु ? के गर्नु ?

खेतीको बेला माटो काट्न जान्छु

अघिपछि त्यसै बस्छु । (पृ. १००)

समग्रमा हेर्दा इला काव्यमा नेपाली उखान, टुक्का अनुकरणात्मक शब्दहरूको प्रयोग तथा स्थानीय शब्दहरूको प्रयोगले काव्यमा भाषिक निखारता आएको छ । त्यस्तै वर्णनात्मक, विवरणात्मक तथा संवादात्मक शैलीको प्रयोगले काव्यमा शैलीगत सरलता रहेको छ । सामान्य भन्दा सामान्य पाठकले पनि बुझ्ने भाषाशैलीको प्रयोग गरेका हुनाले इला काव्य सेनको भाषिक सरलतायुक्त काव्य हो भन्न सकिन्छ ।

## ४.११ राष्ट्रिय धर्म- संस्कृतिप्रतिको मोह

'इला' काव्यमा कवि सेनले आफ्नो धर्म र संस्कृतिको रक्षार्थ आफैँ उठ्नुपर्ने कुरा प्रकट गरेका छन् । नेपालमा धर्मका नाउँमा विभिन्न अधार्मिक कामहरू भइरहेकोतर्फ सचेत रहँदै कतिपय ठाउँमा मूर्तिहरू चोरी भइरहेको प्रसङ्ग कोट्याएका छन् जुन प्रसङ्ग अहिले पनि उत्तिकै सान्दर्भिक देखिन्छ । मानिसमा नास्तिकता बढ्ने खालका काम नगरी धर्मको रक्षाका लागि सबैलाई उठ्न आह्वान गरेका छन् :

आज सबै उठेर

धर्मको रक्षाका लागि

आफ्नो संस्कृतिको जगेर्नाका लागि

उठ्नु परेको छ

धार्मिक र सांस्कृतिक क्षेत्रमा

पुनर्जागरण ल्याउनु परेको छ । (पृ. ८१)

त्यस्तै नेपाललाई शान्तिभूमि, धर्मभूमि, पशुपतिनाथको निवास नामले सम्बोधन गर्ने कविले नेपालमा शिवरात्रीको निकै ठूलो महत्त्व र महिमा भएको हुनाले एउटा पूरै परिच्छेद यही पर्वको वर्णनका लागि खर्चेका छन् । उनले शिवरात्रीलाई धर्म र सत्कर्मको धारणालाई नवीकरण गर्ने पर्वका रूपमा लिएका छन् । तलका हरफले पनि यही कुरालाई सङ्केत गर्दछन् -

नेपाल यही धर्म भूमि हो

विश्वशान्तिको कामना गर्ने

धर्मभूमि- नेपाल हो ।

शान्तिभूमि नेपाल हो ।

भगवान् पशुपतिनाथको निवासमा

शिवरात्री ! आजको परम्परा र महिमा

धर्म र सद्कर्मको धारणालाई

नवीकरण गर्ने पर्व हो । (पृ. ८०)

यसरी कविले इला काव्य मार्फत देशमा हुने गरेका धर्म विरोधी कामप्रति चिन्ता व्यक्त गरेका छन् । नास्तिकता बढी धर्म- संस्कृति मेटिँदै गएमा आफ्नो पहिचान पनि मेटिने हुनाले आफ्नो पहिचान जोगाउन तथा धर्म संस्कृतिको रक्षा गर्न आफै उठ्नुपर्ने, जुट्नुपर्ने, जाग्नुपर्ने बेला आएको कुरा प्रस्तुत गरी आफ्नो संस्कृतिप्रतिको मोहलाई छर्लङ्ग पारेका छन् ।

## ४.१२ प्राकृतिक सम्पदाप्रतिको मोह

प्राकृतिक सम्पदा नेपालको आफ्नो (छुट्टै) विशिष्ट पहिचान हो । प्राकृतिक सम्पदा ( वन सम्पदा- जल सम्पदा) कै कारण नेपाल विश्वसामु परिचित छ । तर त्यही सम्पदा वा नेपालको वैभव अहिले मासिदै र अतिक्रमित हुँदै गएको छ । यसप्रति कवि अत्यन्त चिन्तित

देखिन्छन् । 'हरियो वन नेपालको धन' भन्ने उखान अहिले किताबका पानामा सीमित हुन पुगेको छ । जङ्गली जनावरले समेत छिचोल्न नसक्ने तराइको चारकोसे झाडी पनि उजाड पारिएको छ :

चारकोशे झाडी
सातकोशी झाडी
अनेक नामले पुकारिन्थ्यो ।
पैदल हिँड्ने मानिसले त के
जनावरले पनि छिचल्न सक्दैनथे । (पृ. ३२)

× × ×

तर आज
सब सखाप छ
भदौरे बाढीले पुछेर लगेको
रातो खोला, खाडो खोला
मढाहा खोलाको तीर झैँ
सकिएको छ, सकिँदैछ । (पृ. ३३)

नेपालमा जनावरका अङ्ग तस्करी भइरहेको प्रसङ्ग उल्लेख गर्दै कविले तस्करहरू अरू कोही नभई नेपालका सरकारी कर्मचारी भएको कुरा बताएका (पुष्टि गरेका) छन् । कैलालीको 'शिकारी अधिकृत' ले दाउराको कड्कुरोसरि मृगका सिङको कड्कुरो बनाएको कुराले यस कुरालाई पुष्टि गर्दछ । जुन कुरा काव्यमा यसरी व्यक्त गरिएको छ :

कैलालीमा एउटा शिकारी अधिकृतले
डाक्टरको निवासमा दाउराको कड्कुरो झैँ
सिङको थुप्रो हुने गरी
मृगको शिकार गऱ्यो । (पृ. ३३-३४)

'नपाउनेले केरा पायो बोक्रैसित खायो' भने झैँ नेपालीले जिम्मेवार पद र प्रतिष्ठा पाएपछि उनीहरू अरू कुरा बिर्सी ऐशीआरामी सिकारी बनेको कुरा उपर्युक्त पङ्क्तिहरूले प्रष्ट पार्दछन् ।

यसरी निरीह र निर्दोष प्राणीको शिकार गरी सुन्दर र शान्तिप्रिय देशलाई रगतले भिजाएको र यति गर्दा पनि प्रशासन चुप लागेको देख्दा कविको मन कुँडिन्छ, छाती चिरिन्छ ।

जसले वनको संरक्षण गर्ने, पशुपंक्षीको हेरचाह गर्ने अधिकार पायो उसैले जीवजन्तु सखाप पाऱ्यो । त्यसैले सरकारले तत्काल तस्करी रोक्न सकेन । यसरी नै देशका जङ्गल फाँडिए, काठ सीमापार पुगे, पशुपंक्षी मारिए, मारिने क्रम रोकिएन । यी सबै कुकृत्यप्रति कविले खेद प्रकट गरेका छन् । निर्धामाथि बलियाले हमला गर्न नछाडे पनि सच्चा देशभक्त र इमान्दार सेवकलाई हिम्मत नहारी अघि बढ्ने प्रण गर्न कविले आग्रह गरेका छन् । यसको केही अंश तल प्रस्तुत छ :

जसले हातमा डाडु- पनियो पायो
उसैले खायो- अरूले कहाँ पायो ? भने भैँ
जसले वन स्याहार सुसार गर्ने जिम्मेवारी पायो
उसैले आफ्ना अरौटे- भरौटे, लख टरौटे
सबैलाई मिलाएर खायो खुवायो । (पृ. ३६)

यसरी नै नेपालका काठहरू सीमापार पुऱ्याइयो । रेलका लिख बनाउन नेपाली काठ नै प्रयोग गरियो । नेपालकै काठ प्रयोग गरी भारतका गगनचुम्बी भवनहरू बनाइयो । यस्तै प्रकारले नेपालका प्राकृतिक सम्पदा, जङ्गली पशुपंक्षी सिद्धिँदै गए । नेपालको सुन्दरता, सिँगार, शोभा सबै स्वाहा भयो । हरिया फाँटहरू बगरमा परिणत हुँदै गए । भ्रष्टहरू मोटाउँदै गए । चुरे भत्केर खेत-खेतमा हिँड्न थाल्यो । नेपालको वैभव सर्वनाश भयो । प्रकृतिले उपयोग गर्न भनी दिएको सम्पदा दुरूपयोग भयो, सिद्धियो । यस्तै थुप्रै यथार्थताको चित्रण कविले यस काव्यमा गरेका छन् ।

यसरी समग्रमा हेर्दा इला काव्य गद्यात्मक शैलीमा लिखित काव्य हो । आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक आदि सम्पूर्ण दृष्टिले सम्पन्न नेपालको निर्माणतर्फ अभिमुख रहनु यस काव्यको प्रमुख उद्देश्य हो । राष्ट्रनिर्माणकै सिलसिलामा नेपाली समाजका विविध पक्षहरूको उद्घाटन गर्ने प्रयास यसमा गरिएको छ । नेपाली झर्रा- शब्द, उखान-टुक्काको प्रयोगले काव्यमा मिठासता थपेको छ । वर्णनात्मक शैलीको प्रयोगले काव्यमा कवितात्मकता कम रहेको छ । जे होस् कवि सेनले इला काव्यमार्फत सम्पूर्ण नेपालीलाई इलमी, उद्यमी बन्न र राष्ट्रनिर्माणमा लाग्न आग्रह गरेका छन् ।

*अध्याय - पाँच*

# शोधनिष्कर्ष तथा उपसंहार

साहित्यकार सूब सेनको जन्म पश्चिम नेपालको गुल्मी जिल्लामा भएको हो । २०१७ सालमा 'साहित्य' शीर्षकको निबन्ध मार्फत उनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । वि.सं. २०२३ सालमा सरकारी सेवामा प्रवेश गरेकाले उनले साहित्य लेखनमा भन्दा प्रशासनिक काममा बढी समय खर्चनु पऱ्यो । साहित्यिक यात्राका क्रममा उनले नियात्रा वा यात्रा संस्मरण, कविता, कथा, उपन्यास, नाटक, निबन्ध आत्म संस्मरणजस्ता विधामा आफ्नो व्यक्तित्व निर्माण गरेका छन् । उपरोक्त विधामध्ये सबैभन्दा बढी सफलता प्राप्त विधा भने यात्रा संस्मरण हो । उनले आठवटा यात्रा संस्मरणात्मक कृति पुस्तकाकार रूपमा प्रकाशित गरिसकेका छन् । उनको यात्रा संस्मरण पछिको दोस्रो सफलताको विधा कविता हो । उनका झोपडीतिर कवितासङ्ग्रह, मेरी मुमा स्मृति काव्य र इला प्रबन्धकाव्य पुस्तककार कृतिका रूपमा प्रकाशित छन् ।

सूब सेनले २०१९ सालदेखि कविता लेखनको सुरुआत गरेका हुन् । २०२५ सालमा प्रकाशित 'झोपडीतिर' शीर्षकको कविताबाटै उनले आफूभित्रको कवित्वको चिनारी गराएका हुन् । यसले काव्य जगतमा प्रशंसा पाएपछि उनलाई यस क्षेत्रमा अघि बढ्न थप हौसला प्रदान गऱ्यो । उनले काव्य लेखनको सुरुआत गदा नेपाली कवितामा आधुनिक कालको प्रयोगवादी धाराले प्रवेश पाइसकेको थियो । त्यसभन्दा अगाडि स्वच्छन्दवादी, प्रगतिवादी विषयमा पनि प्रशस्त कविताहरू लेखिएका थिए । अर्कातर्फ नेपाली काव्यमा गद्य शैलीले प्रवेश पाइ सकेको थियो । प्रयोगवादी धारालाई अँगाल्दै मानव जस्ता महाकाव्य सिर्जना भइसकेका थिए । यी सबै प्रवृत्तिहरूको प्रभाव सेनमा पनि कुनै न कुनै रूपमा परेको देखिन्छ ।

उनका सम्पूर्ण कविता तथा काव्यहरू गद्य शैलीमा लेखिएका पाइन्छ । उनका कवितामा सरल भाषा तथा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । उनका काव्यहरू उनका उपन्यासमा प्रयोग भएको 'नेपालवाद' लाई मूल आधार बनाएर लेखिएको देखिन्छ । इला काव्य मूलतः राष्ट्रवादमै केन्द्रित छ । समाजमा हुने असमानता, गरिबी, दुर्दशा जस्ता कुराले उनका

कवितामा विषयवस्तुका रूपमा स्थान पएका हुन्छन् । उनका हरेक कविताले देशभक्ति सम्बन्धी कुनै न कुनै भाव बोकेका हुन्छन् । इला काव्य देशभक्तिको सशक्त उदाहरण बनेर आएको छ ।

इला प्रबन्धकाव्यमा कविले मुखपात्र इलम मार्फत सम्पूर्ण नेपालीलाई इलमी बन्न आग्रह गरेका छन् । उक्त काव्यको विषय वा परिवेश कुनै खास क्षेत्रमा सीमित छैन । कविले यहाँ उपर्युक्त दुवै काव्यमा भन्दा फरक प्रसङ्गलाई उभ्याएका छन् । यस काव्यमा अमूर्त्त पात्रको सिर्जना गरेर सर्वगुणसम्पन्न नेपालको निर्माण गर्ने आदर्श परिकल्पना गरिएको छ । यहाँ कविको आत्मपरक अभिव्यक्ति पाइन्छ । कविको आदर्श परिकल्पनाले मूर्त रूप नपाएकाले र काव्यकी प्रमुख पात्र नायिका 'इला' अदृश्य रहेकाले काव्य रहस्यात्मक पनि छ । यी विविध कुराहरूले इला काव्यलाई मौलिक तुल्याएको देखिन्छ ।

निकै छोटा पङ्क्ति देखि लिएर निकै लामा हरफहरू पनि काव्यमा पाइन्छन् । वर्णन र विवरणमूलक प्रस्तुतिले काव्यमा रसानुभूति कम भएको भान हुन्छ । 'इला' काव्यमा भएका बिम्ब तथा प्रतीकको प्रयोगले काव्यको मौलिक विशिष्टताको झल्को दिन्छन् । यसमा प्रतीक र बिम्बका रूपमा नयाँ विषयलाई प्रस्तुत गरिएको छ । काव्यको शीर्षक 'इला' लाई ईश्वरीय लालीको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी काव्यकी नायिका 'इला' लाई कविले इलमकी जाँगर, प्रेरणाकी स्रोत तथा इलमको मनमा घुम्ने मानवीय चित्र (बिम्ब) का रूपमा प्रस्तुत गरेका छन् । यसरी हेर्दा एउटै पात्र 'इला' लाई प्रतीक र बिम्ब दुवै रूपमा प्रस्तुत गरिएको छ । इलमलाई उद्यमी व्यक्तिको प्रतीकस्वरूप प्रस्तुत गरिएको छ । त्यसैगरी हिमाललाई नेपालीको मुस्कानको प्रतीकस्वरूप प्रस्तुत गरिएको छ । नेपाली भादगाउले टोपीले स्वाभिमानी नेपालीको प्रतिनिधित्व गर्छ भने राष्ट्रिय झन्डाले कहिल्यै नझुक्ने नेपालीहरूको बानीको प्रतिनिधित्व गर्दछ । यी आधारमा हेर्दा काव्य प्रतीक नै प्रतीकको माला भएको अनुभव हुन्छ । यी बाहेक अन्य प्रतीकहरूको प्रयोग पनि काव्यमा रहेको पाइन्छ जुन सम्पूर्ण कुरा यहाँ उल्लेख गर्न असम्भव प्रायः छ ।

यस काव्यमा नेपालको कुनै खास परिवेशको चित्रण नभई विविध परिवेशको चित्रण गरिएको छ । देशभित्र मात्र सीमित नभई भारतका विविध ठाउँको समेत चित्रण र वर्णन हुनुले काव्य नेपाली परिवेशमा मात्र सीमित छैन भन्ने पुष्टि हुन्छ । आर्थिक, सामाजिक, धार्मिक साँस्कृतिक, शैक्षिक दृष्टिले शुष्कप्रायः बन्दै गएको नेपाली समाजको समग्र पक्षको चित्रण यसमा रहेको देखिन्छ ।

नेपालको प्राकृतिक सम्पदा माथिको अतिक्रमण, रातारात अवैध धन्दाबाट धनाढ्य हुने नेपाली प्रवृत्तिले गर्दा नेपाल झन् पछि झन् गरिब हुँदै गएकोतर्फ कविले सबैलाई सचेत गराएका छन्। साथै प्राकृतिक सम्पदाको सत्यनाशप्रति निकै चिन्तित देखिन्छन् ।प्रस्तुत काव्यले नेपाली धर्म- संस्कृतिको रक्षा गर्न आफैँ लाग्नुपर्ने सन्देश प्रदान गरेको छ ।

इला र इलमलाई मुख्य पात्रका रूपमा प्रस्ततु गरिएको यस काव्यमा सहायक पात्रहरू काव्यमा घटेका घटनाक्रमसँगै जोडिएर आएका छन्। जसले काव्यलाई गति प्रदान गरेका छन्। यस काव्यको प्रमुख नायक  इलमको कथित गुन्डाहरूको हातबाट अकल्पनीय मृत्यु भएपछि काव्य दुःखान्तमा टुङ्गिएको घटनाले काव्यलाई दुःखान्तमा परिणत गराएको छ ।

यस काव्यमा सरल र सुबोध्य भाषाको प्रयोग भएको छ। स्थानीय बोलीका शब्दलाई जीवन्तता दिने क्रममा कविले स्थानीय भाषाको प्रयोग गरेका छन्। कविले यस काव्यमा वर्णनात्मक, विवरणात्मक तथा संवादात्मक शैलीको प्रयोग गरेका छन्। जसका कारण कवितात्मकता कम भएको महसुस गर्न सकिन्छ। कतिपय ठाउँमा कविले अन्त्यानुप्रास तथा वर्णानुप्रासयुक्त पङ्क्तिको प्रयोग समेत गरेका छन्। जसले काव्यमा मिठास थपेको छ। नेपाली अनुकरणात्मक शब्द, उखान- टुक्का तथा नेपाली झर्रा शब्दको प्रयोगले काव्यलाई रसिलो बनाएका छन्। जसले गर्दा काव्य सबै खाले पाठकका लागि सहज बन्न पुगेको छ।

समग्र रूपमा हेर्दा इला काव्यको विषयवस्तु नेपाली समाज हो। यसले नेपाली समाजका विपन्नताका हरेक विषय र पक्षहरूलाई उद्घाटित गरेको छ। यसै क्रममा नेपाली राष्ट्रिय राजनीतिमा देखा परेका अनेकौं खाले शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता कुराहरूलाई पनि हाम्रो राष्ट्रको पतनका लागि जिम्मेवार ठहऱ्याइएको छ। तर कविको दृष्टि नेपाल निर्माण तर्फ रहेकाले अनेकौं प्रतिकूल परिस्थितिका बीचमा रहेर उनले समग्र राष्ट्रवासीलाई नवनेपालको  सपना बोकेर त्यसलाई सार्थक तुल्याउने दिशातर्फ अभिमुख हुन अभिप्रेरित गरेका छन्। काव्यमा चित्रित निराकार पात्रहरू इलम र इलाका मार्फत उनले सृजनशील भावना बोकेर सदैव आफ्नो जातीय गौरव र वैभवको संरक्षणार्थ कटिबद्ध हुन आह्वान गरेका छन्। यस सन्दर्भमा उनले व्यक्त गर्न खोजेको राष्ट्रवाद अत्यन्त सान्दर्भिक छ र यस अर्थमा उनी सफल देशभक्त लेखक एवम् राष्ट्रवादी कवि बन्न सकेका देखिन्छन्।

# सन्दर्भग्रन्थ सूची


अवस्थी, महादेव (२०६४), आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस ।

आचार्य, कृष्णप्रसाद र नारायणप्रसाद गौतम (२०६१), आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, कीर्तिपुर : दीक्षान्त पुस्तक प्रकाशन ।

गौतम, नारायणप्रसाद (२०६१), नेपाली खण्डकाव्य : सिद्धान्त र विवेचना, काठमाडौँ : दीक्षान्त पुस्तक प्रकाशन ।

चापागाईं, नरेन्द्र (२०४४), सूब सेनका कथा र उनको कथाशिल्प, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

ज्ञवाली, विष्णुहरि (२०५२), नेपाली साहित्य गुल्मी जिल्लाको योगदान, (स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय ।

थापा, हिमांशु (२०५०), साहित्य - परिचय, चौथो संस्करण, काठः साझा प्रकाशन ।

पोखरेल, धर्म (२०६१), दोभान महाकाव्यको कृतिपरक अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), रत्न राज्यलक्ष्मी  क्याम्पस ।

पोखरेल, राजनप्रसाद (२०६३), साहित्यकार सूब सेनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय ।

बन्धु, चूडामणि (सम्पा), (२०६०), अनुसन्धान विधिका केही पक्ष, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, सोनिया (२०६५), एकादेशमा खण्डकाव्यको कृतिपरक अध्ययन, (अप्रकाशित शोधपत्र), रत्न राज्यलक्ष्मी क्याम्पस ।

सेन, सूब, (२०४०), देशदर्शन, (प्रथम खण्ड), दो.सं., काठ : श्रीमती जीवनेश्वरी सेन  ।

__________ , (२०४२), देशदर्शन, (दोस्रो खण्ड), विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

__________, (२०४५), शिखर, काठमाडौं : भट्टराई बन्धु प्रकाशन ।

__________, (२०४५), झोपडीतिर, काठमाडौं : सुश्री सुधा सेन ।

__________, (२०४५), डाँडाको जून, काठ : कुमार सुयशप्रताप सेन ।

________, (२०४६), मेरी मुमा, काठमाडौं : कुमार सुयशप्रताप सेन ।

________, (२०४६), इला, काठमाडौं : कुमार सुयशप्रताप सेन ।

________, (२०४६), थारुको खोजी : कैलालीको बास, दो.सं., रूपन्देही : श्रीमती जीवनेश्वरी सेन ।

________, (२०४९), पालपाली सेन : पालपादेखि पुरकोटसम्म, काठमाडौं : खड्ग सेन 'ओली' ।

________, (२०५२), गौचरनदेखि गौपूजासम्म, काठमाडौंः सयशप्रताप सेन ।

________,(२०५५), अन्जुश्री, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________,(२०५५), आन्दोलन, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________,(२०५५), जीवनशास्त्र, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________,(२०५५), वीरसिक्का, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), हेमा, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५५), आफ्नै खोजका सन्दर्भहरू, काठमाडौं : दायित्व प्रकाशन ।

________, (२०५७), साई बहिनी दर्शन, दाङ्ग : श्री सिरडी साई समिति ।

________, (२०५९), चालीस वर्षपछि, काठमाडौं : दुर्गाजङ्ग थापा ।

________, (२०५९), देशभक्तहरूको भूमि : इजरायलमा केही दिन, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०५९), अविस्मरणीय जुम्ला, काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०६०), पुरकोटका नवरत्न, काठमाडौं श्रीमती उर्मिला भुसाल ।

________, (२०६१), मेरा कथाहरूको कथा, काठमाडौं : सुयशप्रताप सेन ।

________, (२०६४), मेरा सपना र विपना, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०६४), ब्रेन वम, काठ : दायित्व वाङ्मय प्रतिष्ठान ।

________, (२०६५), भाइको खोजी, चाबहिल : दायित्व वाङ्मय प्रतिष्ठान ।

# परिशिष्ट

१. यहाँको जन्म र जन्मस्थानकाबारे बताइदिनुहोस् न ?

जन्मः- १९९६ कार्त्तिक ८ गते मङ्गलबार ।

स्थानः - त्यसबेला पाल्पा, इस्मा, पुरकोट, बाँजकटेरी खाल ।

हाल- गुल्मी, पुरकोट ।

२. यहाँको शिक्षादीक्षा कुन रूपमा कसरी भयो ?

शिक्षादीक्षाः - २०१२ मार्ग सम्म गाउँघरमै, सोपछि २०१५ वैशाख देखि २००८ सम्म पाल्पा तानसेनमा ( एस.एल.सी सम्म) । सो पछि एम.ए. (राजनीति शास्त्र), बी.एल. (कानूनमा स्नातक) त्रिभुवन विश्वविद्यालय, नेपाल ।

३. आ नो पारिवारिक स्थितिका बारेमा बताइदिनुहुन्छ कि ?

पारिवारिक स्थितिः मध्यमवर्गीय पहाडी किसान, खान लाउन पुग्ने परिवार समाज सेवी पृष्ठभूमिले गर्दा सामाजिक जीवनशैलीमा हुर्की बढेको ।

४. सरकारी सेवामा कहिलेदेखि लाग्नुभयो ?

सरकारी सोवामा :- २०२३ मार्ग २३ गते सरकारी सेवामा प्रवेश गरेको ।

५. सरकारी सेवाका क्रममा यहाँका महत्त्वपूर्ण सन्दर्भहरू के- के होलान् ?

सरकारी सेवामा महत्त्वपूर्ण सन्दर्भहरूः- राष्ट्र, राष्ट्रको प्राकृतिक तथा मानवीय सम्पदा, स्रोत र सम्पत्तिको रक्षा, जनताको न्याय, सुरक्षा र सेवाको क्षेत्रमा काम गरेको, समाजमा घुस, भ्रष्टाचार, पक्षपात, अन्याय, अत्याचार उचनीच, भेदभाव, कुरीति, कुलत आदिको नियन्त्रण तथा राष्ट्रको पहिचान, संस्कृति, सभ्यता, मानवीय मूल्य, जनताको न्याय र व्यक्तित्त्वको विकासमा योगदान पुऱ्याउँदाका सन्दर्भहरू राष्ट्र सेवाका क्षेत्रमा महत्वपूर्ण सन्दर्भ र योगदानहरू हुन् ।

६. सरकारी सेवाबाट कहिले निवृत्त हुनुभयो ?

सरकारी सेवाबाट निवृत्तिः- २०४८ असार १ गते अवकास पाएको ।

७. सरकारी सेवामा रहँदा साहित्य साधना गर्ने समय कसरी कुनबेला निकाल्नुहुन्थ्यो ?

साहित्य साधन र समयः- राष्ट्र सेवामा रहेको बेला बढी व्यस्त हुनु स्वाभाविकै थियो । समयको सङ्कट परिरहन्थ्यो । तर पनि, जुनबेला जे भावना आयोः त्यसलाई मनको पानामा टिप्थेँ । साँझ समय मिलेसम्म मिलाएर लेख्थेँ, नमिले डायरीमा भित्र्याउथेँ, सयम मिलाएर वा सार्वजनिक विदामा साहित्यको रूप दिन्थेँ जसको जीवित रूप 'इला' हो ।

८. हालको दिनचर्या कस्तो छ ?

केही वर्षदेखि साँझ चाँडै सुत्छु तर बिहान भने ३ बजे नै जाग्छु । आफ्ना भावनालाई विश्व परिस्थितिलाई, मानव समुदायलाई, आफ्नो मातृभूमि र आफ्ना नेपाली जनता (म आफै समेत) लाई अध्ययन मनन, चिन्तन र लेखन गर्छु । ६ बजेदेखि ७:३० बजेसम्म योग, साधना र व्यायाममा बिताउँछु । आधाघण्टा (८बजेसम्म) हल्लका नास्ता, पानी खान्छु । त्यसपछि भेटघाट, सम्पर्कमा रहन्छु । बिहानको खाना पछि ११ बजे व्यवस्थापिका वा संविधान सभाको बैठक अथवा संवैधानिक समितिको बैठक भए सहभागी हुन जान्छु, नभए देशभक्त गणतान्त्रिक एकता अभियानको कार्यालयमा जान्छु । त्यहाँ, बैठक, नीति निर्माण, सङ्गठन गरी बस्छु । यस्तै र यिनै कार्य गर्दै जीवन घटाउँदै छु । जीवन बढाउने कार्य साहित्य सीर्जना हो ! यस बीच रहे बँचे पाएको सबै समय यसैमा लगाउँछु ।

९. साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?

साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा- बाल्यकालदेखिनै संसार के हो ? म कहाँ छु ? यो संसार के हो ? कस्तो हो ? भन्ने लाग्थ्यो एकातिर भने, अर्कोतिर आफ्नै भूमि, पछाडि परेको जन समाज, दुखी जीवन सुझबुझ जानकारी रहित परिवेश र पालपाली ! विशेष गरी तानसेनको सभ्यता, संस्कृति, साहित्य, कला, सामाजिक मूल्य, गुरुहरू, साथीसंगति आदिको प्रभाव र अनुकरण तथा पालपाली इतिहास- पारिवारिक परम्परा र सोँच विचार एवं जन-जीवनशैली आदिको अध्ययन, अनुभूतिनै मेरो साहित्यिक मार्गका प्रेरणाका माध्यम हुन् ।

१०. यहाँको साहित्यिक यात्राबारे सङ्क्षेपमा बताइदिनुहोस् न ?

मेरो साहित्यिक यात्राको सुरुवात पेण्टिङ्गबाट भएको हो । २००६ सालदेखि ०११ सालसम्म बुवाले कपडाको थोक यवसायिक काम गर्नुभएको थियो । कपडाको थुप्रोमा किसिम किसिमका बुट्टावाला टोप्रेल, ढाकाका कपडा हुन्थे । त्यसैबाट मनपर्ने बुट्टाको नकल उतारी राख्ने, साथीहरूलाई देखाउने गर्थैं । बढी मनपर्ने बुट्टा भित्तामा टाँसेर पनि राख्थ्यैं । पछि प्रतिक र अभिव्यक्तिका रूपमा पनि कल्पना गरी बनाउन थालें । साहित्यमा लागेपछि भने, पेण्टिङ्गलाई अगाडि बढाइनँ । विद्यालय, महाविद्यालयमा लेखिने निवन्धहरू विशिष्ट स्तरका भनेर गुरुहरूले प्रशंसा गर्नुहुन्थ्यो । गुरुहरूले जाँचेर विशिष्ट स्तरको निवन्ध भनी दस्तखत गरेका निवन्ध अझै छन् -राखेको छु ।

प्रथम पटक 'साहित्य' निबन्ध २०१७ सालको प.पा.प. हाइस्कुलको मुखपत्रमा प्रकाशित भएको हो । पहिलो कथा 'अविवेक' २०१८ सालको पाल्पा तानसेन जनता विद्यालय हाइ इङ्गिलिस स्कूलको मुख पत्रमा प्रकाशित भएको हो । यसपछि साहित्यिक पत्रिका समाचारपत्रमा लेख तथा कथा निबन्ध, कविता लेखें- थुप्रै प्रकाशनहरूमार्फत् प्रकाशित भएका छन् ।

किताबको रूपमा प्रथम पटक २०३३ मा 'देश दर्शन' प्रथम भाग प्रकाशित भएको हो । यसपछि रचनाको मूल फुटिरह्यो, बगिरह्यो । कथा, निबन्ध, कविता, उपन्यास, काव्य, यात्रासंस्मरण, अनुसन्धान, जीवनीहरू पढैं र लेखैं । २०६६ श्रावण सम्म २९ वटा किताब प्रकाशित भएका छन् ।

११. साहित्यका कुन- कुन विधामा कलम चलाउनुभएको छ ?

नियात्रा, संस्मरण, साधारण निबन्ध, कविता, कथा, उपन्यास, काव्य, खोजअनुसन्धान, इतिहास नाटक ( एकांकी) हरू ।

१२. यहाँको आफूलाई विशेष मन पर्ने विधा कुन हो ?

विशेष मनपर्ने विधा 'नाटक' हो तर यसमा लेखेँ थोरै लेख्दा लेख्दै नियात्रा संस्मरण विधामा धेरै लेखेँ। यसबाट मानिसलाई मन परेको काम गर्न छुट छैन कि भन्ने लाग्छ।

१३. यहाँका साहित्यहरूको आधारभूमि के होला ?

मेरा साहित्यको आधार भूमि 'मातृभूमि नेपालको सुरक्षा, दुखित, पीडित, शोषित, अन्यायमा परेका नेपाली जनताको जनतन्त्र-जन न्यायको स्थापना हो। युवाको व्यक्तित्व विकास' हो।

१४. कविता विधामा विशेषतः प्रबन्धकाव्यमा यहाँले प्रतीक प्रयोग गर्नुभएको देखिन्छ। यसको खास तात्पर्य के होला ?

'प्रतीक' प्रयोग देशभक्ति, जीवन जगत, जनसाहित्यको प्रभावकारीता र पाठकको अध्ययन र बुझाइमा सरलताका लागि।

१५. 'इला' काव्यको निर्माण गर्दा यहाँले कुन थिमलाई पक्रनुभएको हो ?

'इला' देशभक्तिको, मातृभूमि (देश) नेपालको सुरक्षा, प्रकृतिले दिएका सम्पदाको संरक्षण र मातृभूमिको सृङ्गारको संरक्षण तथा नेपाली जनता ! उनीहरूको स्वतन्त्रता, स्वाभिमानको रक्षा नै 'इला' प्रवन्ध काव्यको उद्देश्य हो।

१६. आफ्ना साहित्यहरूको बारेमा अहिलेसम्म भएका समालोचनाहरूको बारे यहाँको कुनै प्रतिक्रिया छ कि ?

सर्वप्रथमतः नेपाली साहित्यका क्षेत्रमा पनि राजनीतिमा पसेर भाँडभैलो पारेको छ। म यो भैलोमा समावेस हुन चाहन्न र स्वतन्त्र छु। यसो हुँदा मेरा साहित्यको समालोचना कम भएको छ। तर पनि जो भएको छ सकारात्मक समिक्षालाई भन्दा आलोचनात्मक अध्ययन र अभिव्यक्तिलाई सुन्छु, पढ्छु, आलोचकलाई फोन, लेख, खबर र भेटको संयोग पर्दा धन्यवाद दिने गर्दछु।

१७. साहित्यलेखनका सिलसिलामा यहाँले आफ्नो परिवारबाट कत्तिको सहयोग पाउनुभयो ?

साहित्य लेखनमा श्रीमती जीवनेश्वरी सेनबाट राम्रो सहयोग पाएको छु। समय सद्भावना मूल्याङ्कनमा सहभागिता, रचनाको संरक्षण, सतर्कतापूर्ण प्रोत्साहन, खर्चपर्च समेतको सहयोग खुसी मनबाटै पाएको छु। छोरी डा. सुधासेन मल्ल र छोरा सुयशप्रताप सेनबाट किताब प्रकाशनमा भूमिकापूर्ण बोझ उठाएका छन्, झिँजो, झर्को र झञ्जट नमानिकन प्रफुल्ल मनले यसरी गरेको सहयोगलाई मैले प्रकाशनमा मात्र होइन, सिर्जनाका लागि नै प्रोत्साहनको रूपमा लिएको छु।